# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

देवकुमार आचार्य (डी. कौडिन्य) को जन्म वि. सं. २०१९ असोज १० गते सिक्किमको पेलिङमा भएको थियो । प्रगतिवादी नेपाली साहित्यमा कविता विधा र अन्य गद्य विधामा कलम चलाएका डी. कौडिन्यका थुप्रै लेखरचनाहरू प्रकाशित रूपमा छरिएर रहेका छन् । उनले अध्यापन र समाजसेवामा निकै लामो अनुभव सँगालेका थिए । उनी विभिन्न सामाजिक, शैक्षिक, राजनीतिक सङ्घसंस्थाको अध्यक्ष, सदस्य सल्लाहकारको रूपमा प्रत्यक्ष संलग्न रहेका थिए । वि. सं. २०५६ मा नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठन झापाका संयोजक बनेका थिए । वि. सं. २०५८ मा नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्घको केन्द्रीय सदस्य बनेका थिए ।

उनको प्रारम्भिक शिक्षा खुदुनाबारीको हालको श्री जनता उच्च माध्यमिक विद्यालयमा निम्न माध्यमिकसम्म र माध्यमिक तहको अध्ययन बुधबारे माध्यमिक विद्यालयबाट वि. सं. २०३६ मा एस. एल. सी. पास गरी उच्च शिक्षा पढ्न पहिले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम, त्यसपछि हात्तीसार क्याम्पस धरान गर्दै भौतारिदैं अन्त्यमा मेची बहुमुखी क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह र स्नातक तह २०५१ मा पूरा गरी वि. सं. २०५२-५३ मा त्रि. वि. कीर्तिपुरबाट भाषाविज्ञान विषयमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गरेको पाइन्छ ।

बहुप्रतिभाका धनी डी. कौडिन्यका थुप्रै राजनैतिक सैद्धान्तिक लेखहरू छन् । केही छापिए, केही छापिन बाँकी छन् र केही नष्ट भएर गएका छन् । उनका धेरै लेखहरू **दृष्टि, छलफल, प्रकाश, जनादेश, जनआ□वान, जनआवाज, महिमा, ज्वाला** साप्ताहिकमा र अन्य छुटपुट दैनिक पत्रिकाहरूमा पनि छापिएका छन् । अध्ययन, अध्यापन, राजनीति र लेखनलाई जीवनमा सँगसँगै लिएर हिँडेका आचार्यले साहित्यका बहुविधामा कलम चलाएको पाइन्छ । आर्थिक अभावका कारण उनको 'बाल कमरेड' नामक राजनीतिक- सामाजिक उपन्यासलगायतका अन्य थुप्रै फुटकर रचनाहरू, पाण्डुलिपिहरू प्रकाशित नभई त्यत्तिकै रहेका छन् । उनका रचनाहरूले गरिबीको बयान गर्दै विद्रोह बोल्छ, सामन्ती अभिजात वर्गलाई लात मारेर श्रमजीवी उन्नत र सुनौलो संसार निर्माण गर्न सहयोग गर्छ ।

समग्रमा यिनै देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको मुख्य विषय हुनेछ ।

## १.४ समस्याकथन

देवकुमार आचार्य (डी. कौडिन्य) नेपाली साहित्यका फाँटमा कलम चलाएका व्यक्तित्व हुन् । फुटकर कविताका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका डी. कौडिन्यले वि. सं. २०५९ सम्ममा रचना गरेका कथा, कविता, निबन्ध, लेखरचना आदि प्रकाशित गरेका छन् भने लेखनका समयमा फुटकर रचनाहरू विभिन्न पत्रिकामा प्रकाशित गर्दै आएका थिए । कृतिगत रूपमा खासै सङ्ग्रह नदेखिए पनि फुटकर रूपमा थुप्रै रचनाहरू प्रकाशन भइसक्दा पनि यिनका बारेमा हालसम्म सामान्य चर्चाबाहेक विस्तृत रूपमा अध्ययन भएको देखिँदैन । सहित्यकार देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनी, व्यक्तित्व र कृतित्व मूल समस्या रहेको यस शोधपत्रको समस्याहरू निम्नलिखित रहेका छन् । अर्थात प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित छ–

(क) देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनी केकस्तो रहेको छ ?

(ख) देवकुमार आचार्य (डी. कौडिन्य) का साहित्यिक कृतिहरू कुनकुन विधामा रचित छन् ?

(ग) नेपाली साहित्यमा डी. कौडिन्यका रचनाहरूको के मह□व छ ?

(घ) देवकुमार आचार्य (डी. कौडिन्य) का प्रकाशित रचनाहरूमा केकस्तो चिन्तन आएको छ ?

## १.५ शोधकार्यको उद्देश्य

देवकुमार आचार्यको (डी. कौडिन्य) को जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षहरू अध्ययन रहेको प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू यसप्रकार रहेका छन्–

(क) देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनीका विभिन्न पक्षको चर्चा गर्नु ।

(ख) देवकुमार आचार्य (डी. कौडिन्य) का साहित्यिक रचनाहरूको चिनारी दिनु ।

(ग) नेपाली साहित्य परम्परामा देवकुमार आचार्य (डी. कौडिन्य) को स्थान र उनका रचनाको अध्ययन विश्लेषण गर्नु ।

(घ) देवकुमार आचार्य (डी. कौडिन्य) का साहित्यिक रचनामा निहित चिन्तन हेर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

मोफसलमा रहेर पनि लामो समयदेखि नेपाली साहित्यसिर्जनाका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका देवकुमार आचार्य (डी. कौडिन्य) एक साहित्यिक व्यक्तित्व हुन् । उनको बारेमा सामान्य चर्चापरिचर्चा भएको देखिए पनि समग्र अध्ययन भएको छैन, उनका बारेमा गरिएका फाटफुट अध्ययनहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ–

साहित्यकार तथा राजनीतिज्ञ देवकुमार आचार्य (डी. कौडिन्य) का बारेमा यज्ञराज प्रसाईंको 'सहिद डी. कौडिन्यसँग मेरा अन्तिम क्षणहरू' भन्ने लेखमा निष्कर्ष यस्तो छ– "अहिले देश संविधान सभामय र गणतन्त्रतर्फ उन्मुख भइरहेको क्षण उहाँको चारआली जङ्गलभित्र बगेको रगत उत्सर्गलाई म यतिबेला आलो संस्मरणमा सम्झिरहने छु र अभिन्न मित्रसँगको विछोडमा मानव स्वभाववश निकै भावविभोर हुन्छु ।"

*(जनादेश २०६३ असार १३ गते मङ्गलबार । वर्ष १५ अङ्क ३१ यज्ञराज प्रसाईंको लेख)*

झापा बुद्धिजीवी सङ्घले लिएको अन्तर्वार्तामा देवकुमार आचार्य (डी. कौडिन्य) का बारेमा वहाँका साथी लोकमान श्रेष्ठ भन्नुहुन्छ– "उहाँ अत्यन्तै मेहनती हुनुहुन्थ्यो, जहिले पनि दुःख गरिरहनुहुन्थ्यो, अत्यन्तै मिलनसार हुनुहुन्थ्यो, राजनीतिक सुझबुझ राख्नुहुन्थ्यो ।"

राजनीतिक-साहित्यिक साक्षात्कारका क्रममा साहित्यकार गङ्गाप्रसाद उप्रेतीका अनुसार देवकुमार आचार्य (डी. कौडिन्य) एक इमान्दार, कर्तव्यनिष्ट, मेहेनती, लगनशील पार्टीप्रति इमान्दार कुशल कार्यकर्ता हुनुहुन्थ्यो ।

झापा बुद्धिजीवी सङ्घले लिएको अन्तरर्वार्ताकै क्रममा राजेन्द्र चापागाई भन्नुहुन्छ– "उहाँको रक्तवीजहरू जाग्न थालेपछि सामन्तीहरूको सातोपुत्लो उडेको छ ।"

झापा बुद्धिजीवी सङ्घले लिएको अन्तरर्वार्तामा डी. कौडिन्यकी जीवनसाथी यमुना आचार्य भन्नुहुन्छ– "अत्यन्तै विद्वान्, भद्र, सैद्धान्तिक, वैचारिक दृढता भएको स्रष्टा र भविष्यद्रष्टा हुँदाहुँदै पनि घर व्यवहारका विषयमा कमजोर हुनुहुन्थ्यो ।"

'बन्दुकको मारमा कलम' भन्ने पुस्तकमा "म लेखक र एकजना बुद्धिजीवी पनि हूँ । मेरो कलमसँग शक्ति छ, मलाई कसैले मार्न सक्दैन ।" पतिको हत्यापछि यमुनामथि निकै चुनैति थपिएका छन् । श्रीमान्को सम्झना गर्दै उनी भन्छिन्– "उहाँले जस्तो भन्यो त्यस्तै पुऱ्याउनुभयो, अब यिनीहरूको (छोराछोरीलाई देखाएर गला अवरुद्ध पार्दै) भविष्यको बाटो निर्माण गरिदिँदै उहाँले देखाएको बाटोमा प्रतिबद्ध भएर लागिरहनु र छोराछोरीलाई त्यही बाटोमा डोऱ्याउनु मेरो कर्तव्य भएको छ ।"

काकरभिट्टा क्याम्पसले प्रकाशित गरेको स्मारिका **पूर्वक्षितिज**मा क्याम्पसका प्राचार्य तथा उक्त स्मरिकाका सम्पादक यज्ञराज प्रसाई 'महान् योद्धा सहिद कं. डी. कौडिन्यप्रति श्रद्धाञ्जली' शीर्षकमा भन्नुहुन्छ– "महान सहिद कं. डी. कौडिन्य ( देवकुमार आचार्य) को हत्या भएको आज झण्डै पाँच वर्ष पुग्न लागेको छ । झापाको चारआली सैनिक क्याम्पमा २०५९ साल साउन ७ गते सघन रातको भयावह वातावरणमा चरम यातना पश्चात् शाही जल्लादहरूले गोली ठोकेर उहाँको नृशंस हत्या गरे । मानिस जन्मेपछि मर्नै पर्छ र यो सामान्य र प्राकृतिक मृत्यु हो । तर यो

सामान्य मृत्युभन्दा पृथक देश र जनताका लागि उहाँको उच्च, निर्भीक र गौरवपूर्ण सहादत सामान्य मृत्युमा गुणत्मकता थियो । यो मृत्यु आमूल रूपान्तरणका लागि अमूल्य योगदान र कडीको रूपमा सदासदा जीवन्त रहेको छ र रहिरहने छ ।"

यसरी नेपाली समाजको रूपान्तरण अधुरै रहेको अवस्थामा नेपाली वाम आन्दोलनका महान् योद्धा क. डी. कौडिन्यले असमयमै मृत्युवरण गर्नुभयो र यो अपूरणीय क्षतिको रूपमा रहेको छ । क्याम्पसको मुखपत्र **पूर्वक्षितिज** प्रकाशित हुन लागेको यस घडीमा यस क्याम्पसका अध्यापक तथा अभिन्न मित्र महान् सहिद क. डी. कौडिन्यप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु र उहाँको अठोट गोरेटोलाई पछ्याइरहने प्रतिबद्धतासाथ श्रद्धाञ्जली ! श्रद्धाञ्जली ! ! लालसलाम ! ! !

यसरी हेर्दा देवकुमार आचार्य (डी. कौडिन्य) का बारेमा विभिन्न लेखकहरूले अध्ययन गरेको पाइन्छ । समग्रमा उनका साहित्यिक, राजनीतिक चर्चा भए पनि उनका साहित्यिक कृतिले पूर्ण व्यवस्थित, विस्तृत अध्ययन भएको छैन । पूर्वअध्येताहरूले डी. कौडिन्यका बारेमा र उनका कृतिका बारेमा गरेका अध्ययन, खोज र अनुसन्धानबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्न धेरै मात्रामा सहयोग पुग्ने देखिन्छ । यसैले डी. कौडिन्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण प्रस्तुत शोध उन्मुख रहेको छ ।

**पूर्वक्षितिज** (सामयिक सङ्कलन) काँकडभिट्टा क्याम्पसको स्मारिकामा तेराखले यस्तो भनेका छन्– 'बौद्धिक व्यक्तित्व बन्दुकधारी सैनिकभन्दा शक्तिशाली हुँदो रहेछ ।'

गोपालप्रसाद रिमालको आमाको सपनाको 'त्यो आउँछ...' "सशक्त अभिव्यक्तिभैँ डी. कौडिन्य पनि हुरीलाई प्रतीक बनाएर अत्यन्त आशावादी बन्नु भएको थियो । तर त्यो परिवर्तन नै हेर्न नपाई उहाँ निरङ्कुशताको सिकार हुनुभयो । मगमग वासना दिनसक्ने एउटा सुन्दर लालीगुराँसको भ्ठरिलो एक थुँगो फूलबीच बाटैमा ओइलाएर एक्कासी भ्ठऱ्यो ।" (पूर्वक्षितिज स्मारिका पृ. १९९)

चर्चित साहित्यकार कृष्ण धराबासी पनि देवकुमारलाई धैर्यवान्, सहनशील, तार्किक तथा संयमी व्यक्तिका रूपमा सम्भिन्छन् । (बन्दुकको मारमा कलम, पृ. ४९)

लीला उदासी भने देवकुमारलाई एउटा शिक्षक, एउटा पत्रकार, एउटा साहित्यकार, एउटा राजनीतिकर्मी अर्थात यी सबैको समिश्रण ठान्छन् । उनकै

शब्दमा– “यी सबै विधाको लुरे पात्र होइन, उर्जशील, क्षमतावान र सक्षम मान्छे, मृत्युको निकटसम्म पनि कलम र सिर्जनालाई आस्थाको पुञ्ज बनाएको मान्छे ।” ( बन्दुकको मारमा कलम, पृ. ४९, नेपाल पत्राकार महासङ्घले प्रकाशन गरेको पुस्तकबाट)

## १.७ शोधकार्यको औचित्य

देवकुमार आचार्य (डी. कौडिन्य) का साहित्यिक यात्रामा थुप्रै फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । डी. कौडिन्यका बारेका अन्य विषयमा चर्चा भए पनि उनका कविताकृतिहरूका विस्तृत रूपमा विश्लेषण गरिने भएकाले उनका बारेमा जानकारी राख्न चाहने सम्पूर्ण व्यक्तिहरूका लागि यो शोधपत्र महत्त्वपूर्ण हुने हुँदा यस शोधकार्यको औचित्य रहेको छ । डी. कौडिन्यको जीवनी, व्यक्तित्व, कृतित्व र साहित्यिक, राजनीतिक मुलप्रवृत्ति बुझ्न यस शोधपत्रले सघाउने हुँदा यसको औचित्य र महत्त्व दीर्घकालीन रहने छ ।

## १.८ सामग्रीसङ्लनबिधि

यस सोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालय अध्ययन पद्धतिका आधारमा गरिएको छ । यसको साथै परिवारजन, सम्बद्ध क्षेत्रका विद्वान्हरूसँग पनि आवश्यक जानकारी वा सामग्री लिइएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधबिधि

यस सोधकार्यमा देवकुमार आचार्य (डी. कौडिन्य) को साहित्यिक, राजनीतिक जीवनको अध्ययन प्रगतिवादी दृष्टिकोण गरिएको छ । मार्क्सवादी सौन्दर्यशास्त्रको आधारमा साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस शोधपत्रमा जीवनीपरक, प्रभावपरक र प्रगतिवादी आदि विभिन्न समालोचनापद्धतिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

यस शोधकार्यलाई निम्नलिखित परिच्छेदमा बिभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनी

तेस्रो परिच्छेद : देवकुमार आचार्य (डी. कौडिन्य) को व्यक्तित्व

चौथो परिच्छेद : नेपाली प्रगतिवादी साहित्यिक परम्परामा डी. कौडिन्य

पाँचौँ परिच्छेद : डी. कौडिन्यका कृतिहरूको विश्लेषण

छैटौँ परिच्छेद : उपसंहार

अन्त्यमा आवश्यकताअनुसार परिशिष्ट र सन्दर्भग्रन्थसूची राखिएको छ ।

## दोस्रो परिच्छेद
# देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनी

### २.१ जन्म र जन्मस्थान

देवकुमार आचार्य (डी. कौडिन्य) को जन्म वि. सं. २०१९ असोज १० गते बुधबारका दिन सिक्किमको पेलिङमा भएको हो । उनका सात दाजुभाइ र तीन दिदीबहिनी पनि छन् ।[१] यिनका पिताका दस सन्तानमध्ये यिनी साहिँला हुन् ।[२] डी. कोडिन्यको थर आचार्य भएकाले उनी कौडिन्य गोत्रका हुन् । साहित्य र राजनीतिमा यिनी आफ्नो अङ्ग्रेजी नामको डी. मा कौडिन्य गोत्र मिलाएर डी. कौडिन्य नामले चिनिन्छन् । उनलाई परिचित गराउने यो नाम नै उनको जीवनमा अमर बनेर रह्यो । वि. सं. २०२३ मा माता विष्णुमायाको निधनपछि मातृवियोगबाट टुहुरो बन्न पुगेका डी. कौडिन्यको बाल्यकाल कष्टप्रद रहेको र पिता चन्द्रबहादुरको स्याहारसुसार र फुपूको रेखदेखमा गोठालो, खेतालो बन्दै श्रम बेचेर पेट पाल्नुपर्ने वाध्यता रहेको पनि पाइन्छ ।[३] यस उमेरमा डी. कौडिन्यले अर्काको वस्तुभाउ चराउने, घरायसी कामकाज सघाउने गरेको पाइन्छ ।[४] उनको पारिवारिक आर्थिक स्थिति दयनीय भएकाले साह्रै दुःख गरी अध्ययन गरेको पाइन्छ ।

खेतीपाती र पशुपालन नै गरेर जीवन निर्वाह गरिरहेका चन्द्रबहादुर अचार्यको निम्नमध्यमवर्गीय कृषक परिवारमा डी. कौडिन्यको जन्म भएको हो ।[५] उनको परम्परागत विधिद्वारा एघारौँ दिनमा पुरोहित जगन्नाथ निरौलाले न्वारान गरी देवकुमार नाम राखेका हुन् । यो नाम डी. कौडिन्य उपनामबाट परिचिन रहन पुगेको छ ।

### २.२ वंशपरम्परा

देवकुमार आचार्य (डी. कौडिन्य) का तीन पुस्ताअघिका वंशज विद्यापति आचार्य हुन् ।[६] पुस्तौनी थलो पाँचथर भए पनि पिता चन्द्रबहादुर आचार्य

---

१. परिवारबाट प्राप्त जानकारीअनुसार ।

२. ऐजन ।


३. ऐजन ।

४. ऐजन ।

५. ऐजन ।

६. ऐजन ।

जिविकोपार्जनको खोजीमा सिक्किमतर्फ भौतारिएको पाइन्छ । पछि बाबुबाजे पाँचथरबाट झापाको खुदुनाबारीसम्म आइपुग्छन् र खेतीयोग्य जमिन र घाँसदाउराको सुबिधासमेतलाई ख्याल राख्दै सोही ठाँउमा स्थायी बसोबास गर्न थाल्छन् ।[७] यसै स्थानमा धेरै वर्ष व्यतित गरेको आचार्य वंशमा देवकुमार आचार्य (डी. कौडिन्य) को जन्म सिक्किमको पेलिङमा भएर बाल्यकाल खुदुनाबारीमा बितेको पाइन्छ । उनका जीवनका मह[illegible]वपूर्ण वसन्तहरू खुदुनाबारीकै पाखापखेराहरूमा बितेको पाइन्छ । उनको पितृवंश परम्परा यसप्रकार छ–




## २.३ बाल्यकाल र स्वाभाव

बाल्यावस्था मानवजीवनको प्ररम्भिक चरण भएकाले यस उमेरमा बाल्यकालीन प्रकृति वा स्वभाव क्रीडाजगत्तिर उन्मुख हुनु हो ।[८] तर यस प्रकृतिप्रदत्त बालसुलभ क्रीडाजगत्को अनुभव देवकुमार आचार्य (डी. कौडिन्य) ले पूर्ण रूपमा गर्न पाएनन् । उनी जन्मिएको चार वर्ष हुँदानहुँदै आमाको निधन भएकाले उनको बाल्यकाल दुःखद रूपमा नै बितेको थियो । उनी मातृस्नेहबाट बञ्चित भएर हुर्किएका थिए ।[९] वि. सं. २०३१ लमा ब्रतबन्ध भएर कर्म चलेपछि उनले सानैदेखि घरायसी चुलोचौकाको काममा सहभागी हुनुपरेको थियो ।[१०] जाँतोमा मकै, कोदो पिँध्नुपर्ने, ढिकीमा धानको चामल-चिउरा बनाउनुपर्ने, आमा नभएको घरमा क्रमशः सम्पूर्ण कार्य सम्पादन गर्न उनले त्यसै बेलादेखि नै अनिवार्य रूपमा अग्रसर हुनुपरेको थियो । यसका साथसाथै उनको औपचारिक अध्ययनको क्रम पनि यसै अवस्थादेखि नै सुरु भएको देखिन्छ ।

७. ऐजन ।
८. ऐजन ।
९. ऐजन ।
१०. ऐजन ।

अध्ययनको लागि उनले घरायसी कामधन्दा सकेर जानुपर्ने बाध्यता भए पनि निकै अभिरुचि र उत्साहका साथ आफ्नो पढाइलाई निरन्तरता दिइराखेका थिए । अध्ययनमा अत्यन्तै प्रतिभाशाली भएकाले उनले आफ्नो अध्ययनलाई निकै राम्ररी उत्कृष्ट भएर अगाडि बढाए । उनी सानैदेखि एकान्तप्रेमी थिए ।[११] उनी बालदौँतरीहरूसँग खेल्नचल्नको सट्टा घरनजिकको वनपाखामा विचरण गर्दै प्राकृतिक सौन्दर्यतामा घुम्न रुचाउँथे । बालसुलभ चञ्चलता खासै नभए पनि उनमा तीक्ष्ण बुद्धिका कारण हरेक कुरालाई नजिकबाट बुझ्न चाहने बानी थियो । फुर्सदको क्षणमा पनि उनमा एकान्तमा चुपचाप भएर बस्ने, सोच्ने बानीको विकास भइसकेको थियो ।

## २.४ पितृमातृवियोग

देवकुमार आचार्य (डी. कौडिन्य) की आमा विष्णुमाया आचार्यको निधन अल्पायुमा नै भएको देखिन्छ ।[१२] वि. सं. २०२३ मा उनको निधन हुँदा कान्छो छोरा डी. कौडिन्यको उमेर भर्खरै चार वर्षको मात्र थियो । कलिलो उमेरमा नै मातृस्नेह गुमाउन पुगेका डी. कौडिन्यले यसपछि आफ्ना दुई दाजुहरूबाट स्नेह पाएको देखिन्छ ।[१३] आमाको सान्निध्यलाई चाँडै गुमाएका डी. कौडिन्यसँग आमाको सम्झना अलिअलि मात्र रहेको पाइन्छ ।[१४]

आमालाई चाँडै गुमाउनु परे पनि सातीसालजस्तो गरी अभिभावकको भूमिकामा उभिएका पिता चन्द्रबहादुर आचार्यले पनि २०५५ सालमा सबै परिवारलाई टुहुरो बनाएर बिदा लिएका थिए । माता गुमाएको बत्तीसौँ वसन्तपछि पितालाई पनि गुमाउनुपरेको थियो ।[१५] पिता चन्द्रबहादुर अत्यन्तै क्रियाशील, जागरुक र समाजसेवी किसिमका सामाजिक व्यक्तित्व थिए ।

## २.५ शिक्षादीक्षा

---

११. ऐजन ।
१२. ऐजन ।
१३. ऐजन ।
१४. ऐजन ।
१५. ऐजन ।

देवकुमार आचार्य (डी. कौडिन्य) को अक्षराम्भ भारतको सिक्किममै सुरु भएको पाइन्छ ।[१६] उनको औपचारिक शिक्षारम्भ वि. सं. २०२६ बाट श्री जनता नि. मा. वि. (हालको उच्च मा. वि.) खुदुनाबारीमा भएको हो । तत्कालीन समयमा शिक्षा लिन आजको जस्तो सुलभ थिएन । अहिले जस्तो बिजुलीबत्ती, कलकारखाना, पढ्ने स्कुल, कलमकापीको अभावमा धुलौटोमा क, ख... चिन्नुपर्ने, बाँसको खबटामा अँगार र सिमीको पातबाट बनाइएको मसीले लेख्नुपर्ने, मकैका ढोड बालेर पढ्नुपर्ने स्थिति थियो ।[१७] यिनै अप्ठेरा चुनौतिका साथसाथै अर्काको घरमा बसेर कामधन्धा सघाएर पढ्नुपर्ने बाध्यतात्मक परिस्थितिको सामना गर्नु परेकाले उनले ठूलो चुनौतीको सामना गर्दै अध्ययनलाई अगाडि बढाएका थिए ।[१८] थुप्रै चुनौतिको सामना गर्दै डी. कौडिन्यले सोही विद्यालयबाट २०३४ सालमा कक्षा ८ उतीर्ण गरेका हुन् । यसपछि आफ्नो कमजोर आर्थिक अवस्थाका कारण साथै असहायजस्तो बन्नु परेकाले उनले शरीरिक श्रम गर्नुको साथै ट्युसन पढाएर पनि आफ्नो पढाइ खर्च जुटाएको पाइन्छ ।[१९] अध्ययनकै क्रममा उनले सेन्टअप परीक्षा उतीर्ण भई धुलाबारी परीक्षा केन्द्रबाट २०३६ सालको परीक्षा पास गरेका थिए । अत्यन्तै जेहेनदार भएका कारण उनी कक्षामा सधैँ प्रथम भएर अगाडि बढेको पाइन्छ ।

उच्चशिक्षा अध्ययनको क्रममा उनले पहिले महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा अध्ययन सुरु गरेको र त्यही क्रममा राजकाज मुद्दामा करिब अठार महिना जेल बस्नुपऱ्यो ।[२०] त्यसपछि हात्तीसार क्याम्पस धरानमा विज्ञान विषयको अध्ययन पनि आर्थिक अभावका कारण अधुरै छाड्नुपऱ्यो । आर्थिक कठिनाइको कारण अध्ययनका क्रममा पत्रपत्रिका बेचबिखन गर्ने काम गर्दै अध्ययन गरेको पाइन्छ ।[२१] विविध कठिनाइको कारण आफैंले पढेको विद्यालयको प्रा. वि. स्थायी शिक्षक भई काम गर्ने क्रममा आफ्नो पढ्ने धोको पूरा गर्न २०४६।४७ सालतिर मेची बहुमुखी

१६. ऐजन ।
१७. ऐजन ।
१८. ऐजन ।
१९. ऐजन ।
२०. ऐजन ।
२१. ऐजन ।

क्याम्पसबाट निजी विद्यार्थीको रूपमा आई. ए. पूरा गरेको र २०५०-५१ सालमा मेची बहुमुखी क्याम्पसकै स्नातक तहको नियमित विद्यार्थीका रूपमा प्रथम भएर उत्तीर्ण गरेको पाइन्छ ।[२२] उच्चशिक्षाकै क्रममा त्रि. वि. कीर्तिपुरबाट भाषाविज्ञानमा स्नातकोत्तर तहसम्म अध्ययन गरेको पाइन्छ ।

## २.६ विवाह र सन्तान

देवकुमार आचार्य (डी. कौडिन्य) को विवाह वि. सं. २०४७ फाल्गुण १८ गते कन्काइ माइमा राजनैतिक मञ्च विवाह गोलधाप गा. वि. स. ३ झापा निवासी लोकनाथ खरेल र गङ्गादेवी खरेलकी जेठी छोरी यमुनादेवीसँग परम्परागत विधिभन्दा भिन्न किसिमले सम्पन्न भएको हो ।[२३] यतिबेला दुवै जनाको उमेर क्रमश २८ र २७ वर्षको थियो । तत्कालीन सामाजिक राजनैतिक परिवेशले दुवै जना ०४६ भन्दा अगाडिसम्म तत्कालीन ने. क. पा. (मा. ले.) को पूर्णकालीन भूमिगत कार्यकर्ता भई काम गरेकाले मुलुकमा प्रजातन्त्र प्राप्त भएपछि पार्टीको निर्देशनबमोजिम कन्काई नदीको किनारमा ने. क. पा. (मा. ले.) को हँसिया हथौडाअङ्कित झण्डामुनि दुवै जनाको राजनैतिक विवाह सम्पन्न भएको थियो ।[२४] विवाहपछि दाम्पत्य जीवन सुखद् रहेको थियो । उनीहरूको दाम्पत्य जीवन करिब बाह्रवर्ष मात्र रह्यो ।[२५] एक अर्काप्रति पूर्ण विश्वास, आपसी प्रेम र पूर्ण बफादारीका साथ आफूहरूले सहजीवन बिताएको यमुनाको अनुभव रहेको छ ।

सन्तान प्रप्तिका दृष्टिले पनि डी. कौडिन्यको दाम्पत्य जीवन सफल देखिन्छ । उनीहरूका जुम्ल्याहा दुई छोरी तृष्णा र तृप्ति छन् भने एक छोरा देवराज रहेका छन् ।

**तृष्णा आचार्य (नानु)** : यिनी डी. कौडिन्यकी जेठी छोरी हुन् । उनको जन्म वि. सं. २०४८ माघ १४ गते भएको हो ।[२६] यिनले हाल उच्च मा. वि. को अध्ययन पूरा गरेकी छन् । यिनी आफ्ना पिता जस्तै बहुमुखी प्रतिभाकी धनी र गम्भीर स्वभावकी छन् । बाबुको सपना साकार पार्न लागिपरेर धेरै पढ्ने उनको सोचाइ छ ।

---

२२. ऐजन ।

२३. ऐजन ।

२४. ऐजन ।

२५. ऐजन ।

२६. ऐजन ।

**तृप्ति आचार्य (जुनु)** : देवकुमार आचार्य (डी. कौडिन्य) की कान्छी छोरीका रूपमा उनको जन्म दिदीबहिनी जुम्ल्याहा भएकोले वि. सं. २०४८ माघ १४ गते भएको हो । हाल उनी काठमाडौँमा उच्च मा. वि. को अध्ययन गरिरहेकी छन् ।

**देवराज आचार्य–** यिनको जन्म वि. सं. २०५२ साउन ३० गते भएको हो ।[२७] यिनी डी. कौडिन्यका एक मात्र छोरा हुन् । हाल यिनी काठमाडौँमा कक्षा ९ मा श्री नमुना मच्छिन्द्र अङ्ग्रेजी मा. वि. लगनखेलमा अध्ययनरत छन् ।

दुई छोरी र एक छोराका पिता देवकुमार आचार्य (डी. कौडिन्य) आफ्ना सन्तानहरूको भविष्यप्रति सचेत थिए ।[२८] कवि कलाकारको रूपमा आफूलाई निरन्तर अगाडि बढाउने इच्छा भएकी तृष्णा पढाइलाई पनि त्यत्तिकै महत्वका साथ अगाडि बढाइरहेकी छन् । अर्को छोरी तृप्ति आचार्य र एकमात्र छोरा देवराज आचार्य पनि बुबाको सपना साकार पार्न हरेक क्षेत्रमा उत्सुकताका साथ अभिरुचि राखी अध्ययनलाई निरन्तरता दिइरहेका छन् ।

## २.७ कार्यक्षेत्रमा प्रवेश

देवकुमार आचार्य (डी. कौडिन्य) को घरायसी आर्थिक अवस्था कमजोर थियो । त्यसैले उनलाई अध्ययनको साथसाथै अर्थोपार्जन गर्नुपर्ने बाध्यता पनि थियो ।[२९] उनले वि. सं. २०३६ मा एस. एल. सी. परीक्षा पास गरे पनि अर्थाभावका कारण कलेजको पढाइलाई निरन्तरता दिन सकेनन् । आफ्नो अध्ययनलाई अधुरै छोडेर उनी आफैँले अध्ययन गरेको श्री जनता मा. वि. खुद्नाबारीमा प्रा. वि. शिक्षकमा नियुक्त हुन्छन् र केही वर्षपछि स्थायी शिक्षक हुन्छन् ।[३०] त्यसपछि उनले वि. सं. २०५० देखि २०५३ सम्म करिब ३ वर्षजति पत्रकार भएर कार्य गरेका छन् । यसलाई उनको कार्यका आधारमा अलगअलग उपशीर्षकमा यसप्रकार देखाउन सकिन्छ–

### २.७.१ शिक्षण व्यवसाय

देवकुमार आचार्य (डी. कौडिन्य) पहिलोपल्ट शिक्षक भएर आफ्नो कार्यक्षेत्रमा प्रवेश गरेका हुन् ।[३१] उनले वि. सं. २०३६ एस. एल. सी. पास गरेर आफैँले अध्ययन

---

२७. ऐजन ।

२८. ऐजन ।

२९. ऐजन ।

३०. ऐजन ।

३१. ऐजन ।

गरेको विद्यायलय श्री जनता प्रा. वि. खुद्नाबारीमा शिक्षणारम्भ गरेका हुन् ।[३२] यहाँ शिक्षक भएर कार्य गरेबापद् उनी प्रा. वि. दरबन्दीको तलब पाउँथे ।[३३] उनले यस विद्यालयमा पढाउनुको साथै ट्युशन पढाउने काम पनि गर्दथे । शिक्षण कार्यमा कार्यरत रहँदै उनले निजी विद्यार्थीको रूपमा मेची बहुमुखी क्याम्पसबाट २०४७-४८ सालमा प्रवीणता प्रमाणपत्र तह पास गरेका थिए ।[३४] त्यसैगरी २०५१-५२ मा स्नातकतहमा मेची बहुमुखी क्याम्पसको नियमित विद्यार्थी भई अध्ययन गरी स्नातक उतीर्ण गरेका थिए ।[३५] त्यसपछि श्री जनता मा. वि. मा अध्यापन कार्य छोडेपछि त्रि. वि कीर्तिपुरमा भाषाविज्ञान विषय लिएर स्नातकोत्तर सम्मको अध्ययन गरेका थिए । त्यसपछि २०५६ सालदेखि निरन्तर रूपमा काँकडभिट्टा क्याम्पसमा अङ्ग्रेजी विषयको शिक्षक भई अध्यापन गरेको पाइन्छ ।[३६] पढाउने क्रममा बिहान काँकडभिट्टा क्याम्पसमा र दिउँसो इँटाभट्टाको एउटा मा. वि. बोर्डिङमा वि. सं. २०५८ सम्म निरन्तर अध्यापन कार्य गरेको पाइन्छ ।

### २.७.२ **स्वतन्त्र पत्रकार**

देवकुमार आचार्य (डी. कौडिन्य) एक कुशल पत्रकार थिए । उनले थुप्रै पत्रपत्रिकाहरूमा आफ्ना लेखरचनाहरू प्रकाशित गरेका छन् । काडमाडौँबाट प्रकाशन हुने **जनादेश** साप्ताहिक र **जनदिशा** दैनिकको संवाददाताका रूपमा काम गरेका उनले '**दृष्टि, छलफल, प्रकाश, जनआ▯वान, जन आवाज, महिमा, ज्वाला**लगायतका साप्तहिक पत्रिकामा पनि उत्तिकै कलम चलाए । झापाबाट प्रकाशन हुने **स्वाधीन संवाद** साप्ताहिकमा उनको स्तम्भ नै थियो । आफू जसरी लेखन कार्यमा सक्रिय थिए, त्यसरी नै अन्य साथीभाइलाई पनि लेख्न प्रेरित गर्थे । श्रीमतीलाई समेत पत्रकारिता र लेखनक्षेत्रमा लाग्न कर गरिरहन्थे । उनकी श्रीमती यमुना भन्छिन्– “कुनै विषयवस्तुमा दैनिक एक हजार शब्द लेख्न लगाउनुहुन्थ्यो ।” श्रीमतीलाई पनि सिद्धान्त लेखक बनाउने उनको योजना थियो, जुन अधुरै रह्यो ।

---

३२. ऐजन ।
३३. ऐजन ।
३४. ऐजन ।
३५. ऐजन ।
३६. ऐजन ।

## २.८ स्वतन्त्र समाजसेवी

मानिस जन्मिएपछि समाजको अभिन्न अङ्ग बनेर बाँच्छ । यस्तै बँचाइका क्रममा देवकुमार आचार्य (डी. कौडिन्य) ले पनि समाजमा अत्यन्तै राम्रा काम गरेर समाज सेवाको क्षेत्रमा उल्लेखनीय योगदान दिएको कुरा बुझ्न सकिन्छ ।[३७] उनीप्रति समाजले ठूलो आशाको नजरले हेरेको थियो र ठूलो सहयोगीको रूपमा हेरेको थियो ।[३८] उनले समाज सेवाको क्षेत्रमा अर्थिक विपन्नहरूलाई औषधी उपचार गर्ने र दुखबिराममा चन्दा सङ्कलनसमेत गरेर सहयोग जुटाउँथे ।[३९] बाटोघाटो निर्माणलगायत अन्य थुप्रै सामाजिक कार्यमा उनको सहयोग रहेको बुझिन्छ ।

### २.८.१ गाउँ र जिल्लामा गरेका कार्यहरू

बाल्यकालदेखि नै इमान्दार स्वभाव, मिजासिलो बोली, साहस, धैर्यता, शालीनता, विवेकशीलताजस्ता गुणहरूका धनाढ्य देवकुमारले जीवनसङ्घर्षको भोगाइ र अन्याय अत्याचारको लाडाइँ आफैँबाट सुरु गरेको पाइन्छ । उनी तडकभडक पहिरनमा जीवनभर कहिल्यै देखा परेनन् । मुलुकको मूल समस्या राजनीतिक कारणले भएको हो अर्थात् सामन्तवर्गको हालीमुहालीका कारण भएको हो भन्ने कुराको हेक्का उनमा सानैदेखि भएको पाइन्छ । त्यसैको परिणामस्वरूप उनले श्रमजीवी जनतालाई गोलबन्द गर्दै आडभरोसा दिने गरेको पाइन्छ । आफ्नो समाजलाई अग्रगति र विकासतिर डोऱ्याउन उनले ठोस रूपमा पाइला चालेको देखिन्छ । उनी कर्मठ र कर्तव्यशील बनेर सिङ्गो समाजको उन्नति र विकासमा लागेका थिए ।

आफ्नो क्षेत्रमा गाउँ र जिल्लामा गरेका मह□वपूर्ण सामाजिक कार्यहरू निम्न लिखित रहेका छन्–

- वातावरण सचेतना केन्द्र (खुदुनाबारी २०५१।५२)
- सहिद उद्यान मञ्चको स्थापना (सुखानी २०५१)
- बुद्धिजीवी सङ्गठन केन्द्रीय सदस्य भई कार्य गरेको
- मानवअधिकार मञ्च गठन गरेको

---

३७. बन्दुकको मारमा कलम (सशस्त्र द्वन्द्वमा मारिएका पत्रकारको विवरणबाट) ।

३८. परिवारबाट प्राप्त जानकारीअनुसार ।

३९. परिवारबाट प्राप्त जानकारीअनुसार ।

— श्री जनता मा. वि. खुदुनाबारीको चौतर्फी विकासमा सक्रिय भइ कार्य गरेको

— खुदुनाबारी गा. वि. स. को चौतर्फी विकाशमा मह□वपूर्ण भूमिका निर्वाह गरेको ।

## २.९ सामाजिक-साहित्यिक गतिविधिसँग संलग्नता

देवकुमार आचार्य (डी. कौडिन्य) ले आफ्ना लेखरचनालाई वर्गसङ्घर्षको हतियारका रूपमा जनतासमक्ष प्रस्तुत गर्दै प्रगतिवादी क्षेत्रमा साहित्यका माध्यमबाट जनताका मर्म समाजका विद्यमान शोषण, उत्पीडन तथा दमनप्रति उनले आक्रोश व्यक्त गरेका छन् ।[४०] यस मानवजगत्मा रहेका सामन्ती संस्कारको भर्त्सना गर्दै र सामाजिक कुरीति तथा अन्धविश्वासको अन्त्य गर्दै स्वच्छ समाजको निमार्णको पक्षमा उनी उभिएका छन् ।[४१] जनमुक्तिको राँको बालेर सर्वहारा वर्गको हितमा अघि बढ्ने क्रममा अभावका आडमा उनले आफ्नो स्वाभिमानलाई गुमाएका छैनन् । उनले अनेकौं हण्डरठक्कर भोगेर भए पनि जनताको मुक्तिका लागि जीवन समर्पित गरे ।[४२] उनले विभिन्न सामाजिक र साहित्यिक सङ्घसंस्थामा आबद्ध भएर कार्य गरेका विभिन्न सङ्घसंस्थाहरूको विवरण यस प्रकार छ–

– सल्लाहाकार– श्री जनता मा. वि. को सल्लाहकार

— सचिव– सहिद उद्यान मञ्च सुखानी

— सचिव– मानवअधिकार झापा ।

## २.१० राजनीतिमा प्रवेश

अन्याय, अत्याचार र गरिबीको जाँतोमा पिल्सिएको (डी. कौडिन्य) को राजनीतिक जीवन सङ्गठनभन्दा पनि प्राकृतिक न्यायको सिद्धान्तका आधारमा स्वतःस्फूर्त रूपमा सुरु भएको देखिन्छ ।[४३] बाल्यकालदेखि नै इमान्दार स्वाभाव, मिजासिलो बोली, साहस, धैर्यता, शालीनता, विवेकशीलताजस्ता गुणहरूले धनाढ्य

४०. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४१. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४२. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४३. परिवारबाट प्राप्त जानकारीअनुसार ।

देवकुमारले जीवनसङ्घर्षको भोगाइ र अन्याय अत्याचारको लडाइँ आफैंबाट सुरु गरेको पाइन्छ ।[४४] उनी तडकभडक पहिरनमा जीवनभर कहिल्यै देखा परेनन् । मुलुकको मूल समस्या राजनीतिक कारणले भएको हो अर्थात् समन्तवर्गको हालीमुहालीका कारणले भएको हो भन्ने कुराको हेक्का उनीमा सानैदेखि भएको पाइन्छ ।[४५] त्यसैको परिणमस्वरूप उनले श्रमजीवी जनतालाई गोलबन्द गर्दै आडभरोसा दिने गरेको पाइन्छ । उनी जहाँजहाँ बसे ती ठाँउहरूमा उनले विभिन्न नाम र रूपमा क्रान्तिकारी सङ्घठन निर्माण गरेको पाइन्छ । २०३६ सालदेखि तत्कालीन ने. क. पा. ( माले) को विद्यार्थी सङ्घठनमा आवद्ध रहेर झापाका विभिन्न ठाउँमा भूमिगत र खुल्ला दुवै ढङ्गले राजनीतिक जीवनको सुरुवात गरेको पाइन्छ ।[४६] त्यस क्रममा जेजति मानिससँग उनको उठबस भयो तिनीहरू प्रायः सबैले उनलाई आँखाको नानीजस्तो मान्दछन् ।[४७] २०४२ सालमा जेल परेर बहुदलको पुनर्स्थापनापछि उनी तत्कालीन माले र पछि एमालेको राजनीतिमा सक्रिय त भए तर एमालेको छैटौं महाधिवेशनमा गएको बेला त्यहाँ बहुदलीय जनवाद पक्षधरहरूले नै नौलो जनवाद पक्षधरलाई पत्तासाफ गर्ने ढङ्गले गरिएको व्यवहार र सहिदको अपमान हुनेबारे भएका क्रियाकलापले उनमा एमालेप्रति निराशा पैदा भएको पाइन्छ ।[४८] फेरि पनि त्यसलाई अन्तरपार्टी सङ्घर्षको पाटो मान्दै करिब २०४५ सालसम्म एमालेमै रहेर स्वस्थ अन्तरसङ्घर्ष चलाएका थिए । २०५२ सालमा सुरु भएको जनयुद्धको प्रभाव उनमा सुरुदेखि नै परेको पाइन्छ । लामो समयदेखि एमालेमा भएको आफ्नो लगानी र विघटनतिर गइरहेको एमाले अनि भर्भराउँदो ज्वाला बनेर उठेको जनयुद्धले उनीभित्र चलिरहेको अन्तरसङ्घर्षलाई एमालेको विभाजन एउटा मोड बनेको देखिन्छ ।

एमालेको विभाजनपश्चात् जनयुद्धको पक्षमा उनले विभिन्न पत्रपत्रिकामा लेखेका राजनीतिक लेख र साथीभाइसँग गरेको कुराकानीले यसैलाई पुष्टि गर्दछ । २०५४ देखि नै जनयुद्धका विभिन्न सङ्गठनहरूमा रहेर काम गर्दै २०५८ देखि पार्टीको

---

४४. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४५. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४६. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४७. परिवारबाट प्राप्त जानकारीअनुसार ।

४८. परिवारबाट प्राप्त जानकारीअनुसार ।

पूर्णकालीन कार्यकर्ता भएर काम गर्न थाले ।[४९] समग्रमा देवकुमार एउटा श्रष्टा हो, स्तम्भ हो, विचारक हो, राजनीतिज्ञ हो, मिहिनेतकस जनताको इमान्दार नेतृत्व हो, मुलुकको अग्रगमनको एउटा बीउ हो जसको हत्या गरेर प्रतिक्रियावादी शासकले मुलुकलाई अत्यन्तै क्षति पुऱ्याएको छ । हत्याको बदला श्रमजीवी जनताले जसरी पनि लिएरै छाड्ने छन् । देवकुमार यो धर्तीमा सूर्यचन्द्र रहुन्जेर अमर भएर बाँचिरहनेछन् । आकाशमा तारा चम्केझैँ भम्किरहने छन् ।

## २.११ **भ्रमण र रुचि**

देवकुमार आचार्य (डी. कौडिन्य) ले अध्ययन र अध्यापनका सिलसिलामा स्वदेश तथा विदेशका विविध भूभागको भ्रमाण तथा अवलोकान गरेका छन् ।[५०] उनले नेपाल तथा भारतको अधिकांश भाग भ्रमण गरेको पाइन्छ । शिक्षण पेसामा संलग्न रहेका बेला २०५० सालमा श्री जनता मा. वि. खुदुनाबारीको आयोजनामा सम्पूर्ण शिक्षकहरूको मेची महाकाली यात्रामा उनी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको यात्रा गर्ने क्रममा देशको विभिन्न ठाँउको यात्रा गरेको पाइन्छ ।[५१] यसैगरी उनले भुटान, भारतका सिक्किम, मणिपुर, कलकत्ता, मुम्वइजस्ता प्रमुख सहरहरू घुमेको कुरा पारिवारिक स्रोतबाट थाहा हुन आएको छ ।

## २.१२ **सम्मान र पुरस्कार**

देवकुमार आचार्य (डी. कौडिन्य) बहुआयामिक प्रतिभासम्पन्न व्यक्तित्व हुन् । उनले सामाजिक, राजनीतिक, साहित्यिक र शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् ।[५२] सामाजिक सेवामा बहुविध क्षेत्रमा उनले पुऱ्याएका योगदानको कदर गर्दै थुप्रै सङ्घ संस्थाहरूले उनलाई पुरस्कार र सम्मानित गरेका छन् । उनले पाएका पुरस्कार र सम्मानको विवरण यसप्रकार रहेको छ–

– २०४६ सालमा प्रजातन्त्र प्राप्तिपछि जेलमुक्त हुँदा अभिनन्दन र सम्मान

४९. परिवारबाट प्राप्त जानकारीअनुसार ।
५०. परिवारबाट प्राप्त जानकारीअनुसार ।
५१. परिवारबाट प्राप्त जानकारीअनुसार ।
५२. परिवारबाट प्राप्त जानकारीअनुसार ।

— मेची बहुमुखी क्याम्पस भद्रपुरमा स्नातक तहको परीक्षामा प्रथमा भएर वृहस्पति गङ्गा पुरस्कार (२०५१) जसमा नगद तथा प्रमाणपत्र

— श्री जनता मा. वि. व्यवस्थापन समितिले मरणोपरान्त कदरपत्र (२०६०)

— जनगणना २०४८ ले प्रमाणपत्र

— खानेपानीले प्रमाणपत्र (२०५१।५२)

## २.१३ सुखदु:खका क्षणहरू

देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनमा पशस्तै सुखदु:खका क्षणहरू आइपरेका देखिन्छन् । उनका सुखद् क्षणहरूमा एस. एल. सी. पास भएको क्षण, स्नातकको परीक्षामा क्याम्पस प्रथम भएको क्षण र उच्च शिक्षा पढ्ने क्रममा स्नातकोत्तर तह पूरा गरी कलेज पढाउन सुरु गरेका क्षणहरू निकै आनन्दका क्षण बने भने बाल्यकालमा नै मातृवियोगको पीडा खप्नुपरेको क्षण, अर्थअभावका कारण निरन्तर अध्ययन अघिबढाउन नसकेर भौतारिनु परेको क्षण र बुबाको मृत्यु (२०५५) भएको क्षण दु:खदायी क्षण बनेर रहेका थिए ।[५३]

## २.१४ लेखन आरम्भ

### २.१४.१ लेखनका लागि प्रेरणा र प्रभाव

कुनै पनि मानिसको जीवनमा केही राम्रो काम गर्छ भने त्यसको पछाडि कसैको प्रेरणा र प्रभाव अवश्य रहेको हुन्छ । त्यस्तै डी. कौडिन्यको जीवनमा पनि पारिवारिक प्रेरणका रूपमा उनको घरमा हजुरबुबा रहेको पाइन्छ । उनका हजुरबुबा लेख, रचना सिर्जना गर्ने र सुनाउने गर्थे । त्यसपछि उनको दोस्रो प्रेरणाका रूपमा आफ्ना पढाउने गुरुहरू, विभिन्न क्षेत्र एवम् व्यक्तिको प्रभाव र प्रेरणाका साथै अनुवंशिक प्रभाव पनि परेको पाइन्छ ।[५४]

वरिष्ठ साहित्यकारहरूका कृतिको अध्ययन गर्दै जाँदा यिनी साहित्यिक रचनातर्फ झन्झन् आकर्षित हुँदै गएका देखिन्छन् । यसै क्रममा यिनको लेखनमा

५३. परिवारबाट प्राप्त जानकारीअनुसार ।

५४. परिवारबाट प्राप्त जानकारीअनुसार ।

नेपाली साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, श्यामप्रसाद शर्मा, मोदनाथ प्रश्रित, पारिजात, शङ्कर लामिछाने, भूपी शेरचन आदि र विदेशी साहित्यकार शरद्चन्द्र, प्रेमचन्द्र, बङ्किमचन्द्र चट्टोपाध्याय, मेक्सिम गोर्की, लुसुन, चेखव, टल्सटय आदिका सहितियक कृति र जीवनीको प्रभाव परेको पाइन्छ । यसैगरी ज्ञानविज्ञानका विविध शास्त्रहरूको अध्ययन समाजमा भएका विभिन्न विकृति विसङ्गतिबाट प्रभावित भएर साहित्य सिर्जनामा लागेको देखिन्छ ।[५५] यसरी हेर्दा डी. कौडिन्यका गुरु, सहपाठी, साथी, नेपाली तथा विदेशी साहित्यकार र साहित्यकारहरूका रचना र कृतिहरूको अध्ययन अवलोकान र अनुभव उनका साहित्यिक सृजनामा प्रभाव र प्रेरणाका स्रोत हुन् ।

### २.१४.२ **लेखन प्रारम्भ र प्रकाशनको थालनी**

देवकुमार आचार्य (डी. कौडिन्य) को औपचारिक शिक्षारम्भ वि. सं. २०२६ मा आफ्नै गाउँको श्री जनता मा. वि. खुदुनाबारीबाट भएको हो । आचार्य उक्त विद्यालयका सहितियक कार्यक्रमहरूमा आफ्ना रचनाहरू पठन गरी पुरस्कृत हुन्थे ।[५६] त्यसपछि गुरुहरूले अझ उत्साहित गर्ने गरेबाट उनी साहित्यमा निकै आशा गर्न सकिने साहित्यकार बनेर देखा पर्न थाले । उनका फुटकर रचनाहरू उच्च शिक्षा पढ्ने क्रममा छिट्पुट् रूपमा छापिएको पाइन्छ ।

### २.१४.३ **लेखनकार्य**

देवकुमार आचार्य (डी. कौडिन्य) ले विद्यालयस्तरमा अध्ययन गर्दादेखि नै लेखनकार्यको श्रीगणेश गरेका हुन् । पछि उच्च शिक्षा पढ्ने क्रममा उनको कलम अझै सक्रिय भएको पाइन्छ ।[५७] उनले आफ्ना थुप्रै फुटकर रचनाहरू लेख्ने र विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेको पाइन्छ । काठमाडौँबाट प्रकाशन हुने **जनादेश** साप्ताहिक र **जनदिशा** दैनिकको संवाददाताका रूपमा कार्य गरेका आचार्यले **दृष्टि, छलफल, प्रकाश, जनआ□वान,**...**जनआवाज, महिमा,**...**ज्वाला**लगायतका साप्ताहिक पत्रिकामा पनि उत्तिकै कलम चलाए । झापाबाट प्रकाशन हुने **स्वाधीन संवाद** साप्ताहिकमा उनको स्तम्भ नै थियो । उनी अन्य साथीलाई पनि लेख्न प्रेरित गर्थे ।

---

५५. परिवारबाट प्राप्त जानकारीअनुसार ।

५६. परिवारबाट प्राप्त जानकारीअनुसार ।

५७. परिवारबाट प्राप्त जानकारीअनुसार ।

### २.१४.४ मृत्यु

देवकुमार आचार्य (डी. कौडिन्य) को जीवनकालमा (२०१९–२०५५) रह्यो । उनको ४० वर्षको उमेरमा आस्थाका आधारमा द्वन्द्वकालको समयमा तत्कालीन देउवा सरकारका जल्लादहरूले सुराकीका भरमा उनलाई झापाको बुधबारेबाट गिरफ्तार गरी चारआली सेनाको क्याम्पमा लगेर निर्ममतापूर्वक हत्या गरेको हो ।[५८] उनलाई २०५९ साल साउन ७ गते चारआली क्याम्पमा हत्या गरी मेची हस्पिटलको पोष्टमार्टम कक्षमा लगेर लडाइरहेका थुप्रै लासहरू मध्ये उनको लास २०५९ साल साउन ८ गते पुलिसले कस्तो अवस्थामा परिवारलाई लास नदिने शर्तमा देखायो भने शरीरभरि रगतैरगत जमेको नीलडाम, छाला उप्किएका खुट्टाको औलाहरू, लास लडेको ठाँउमा रगतका फाल्सहरू, शरीरका लुगा धुजाधुजा पारेर च्यातिएको, छातीमा सङ्गीनले छेडेका तीनवटा प्वालहरू, जसमा रगत जमिरहेको ।

गोली हानेको जस्तो कतै देखिँदैनथ्यो, आँखा उघारै थिए । कुट्दाकुट्दै र घोच्दा घोच्दै मृत्यु भएको हो भन्ने प्रस्ट हुन्थ्यो । तैपति सरकार र सेना 'मैलाचुली भिडन्तमा आचार्यको मृत्यु भएको' समचार दिइरहेका थिए । कसैले पत्याउने अवस्था थिएन । बन्दुक होइन, कलम चलाउने मान्छेसँग कसरी भिडन्त हुनसक्छ ? उनलाई चिनेजानेका यही प्रश्न गर्थे । २०५९ साउन ९ गते कन्काइमाईमा हँसियाहथौडासहितको रातो कम्युनिष्ट पार्टीको झण्डा ओडाएर जनताका महान् नेता, कुशल साहित्य सर्जक, कुशल शिक्षक, समाजसेवी होनाहार डी. कौडिन्यको अन्त्यष्टि दसौँ हजार जनताको उपस्थितिमा गरियो ।

५८. परिवारबाट प्राप्त जानकारीअनुसार ।

## तेस्रो परिच्छेद

# देवकुमार आचार्य (डी. कौडिन्य) व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्वले नै उसको विशेषताहरूलाई झल्काइरहेको हुन्छ । सचेत सक्रिय व्यक्तिका व्यत्तित्वका आधारमा उसमा निहित विशेषतालाई ठम्याउन सकिन्छ । समान्यतया व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य व्यक्तित्व शारीरिक बनोट, रूप, रङ्ग आदिसित सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व गुण वा विशेषतासित सम्बन्धित हुन्छ । बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्वको मेलबाट नै कुनै पनि व्यक्तिको पूर्ण व्यक्तित्व उपस्थापित भएको हुन्छ । यस आधारमा डी. कौडिन्यको व्यक्तित्वलाई यसरी हेर्न सकिन्छ ।

## ३.२ शारीरिक सामान्य व्यक्तित्व


देवकुमार आचार्य (डी. कौडिन्य) को शारीरिक व्यक्तित्व आकर्षक देखिन्थ्यो । बाल्यकालमा आमाको निधन भएकाले मातृ स्नेहबाट वञ्चित भई रेखदेखको अभावमा पौष्टिक आहाराको कमीको कारण दुब्लो, पातलो र खियाउटे शरीर भए पनि पछि उनी शिक्षक भई वैवाहिक जीवनमा बाँधिएपछि हृष्टपुष्ट र सुहाउँदिलो शरीरका धनी देखिन्छन् ।[५९] गोलो अनुहारको गहुँगोरो रङ, ठूलो नाक, ठूलो आँखा, चौडा निधार र मसिनो पातलो कालो केश उनको परैबाट देखिने रूप थियो । करिब ७२ के. जी. तौल र ५.६" जति उचाइ भएका डी. कौडिन्य हट्टाकट्टा, फुर्तिला र अत्यन्त उत्सुक हुनका साथै जोशिला थिए । उनको युवाकालीन उत्साह र केही गरौँ भन्ने भावनामा सिङ्गो मुलुकलाई क्रान्तिकारी परिर्वतन गर्न जुझारु भएर लागेको धारणा श्रीमती यमुनाको रहेको छ । उनी हृष्टपुष्ट हुनुका साथै निरोगी नै थिए भन्ने कुरा पारिवारिक सूत्रबाट थाहा हुन्छ । सरल, मिलनसार र धीर स्वभावका धनी डी. कौडिन्य जीवनका जटिल क्षणहरू पनि धैर्य संयम र सन्तुलन नगुमाइन कर्तव्यपथमा क्रियाशील रहेर बिताउन सक्थे ।

---

५९. परिवारबाट प्राप्त जानकारीअनुसार ।

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको अरोह अवरोह, घात प्रतिघात क्रियाप्रतिक्रिया र जीवनभोगाइमा नै निर्भर हुन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवनजगत्प्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणका सहायक तत्त्वका रूपमा रहेका हुन्छन् । यिनै कुराहरूको आधारमा देवकुमार आचार्य (डी. कौडिन्य) को समष्टि व्यक्तित्वलाई हेर्दा उनको व्यक्तित्व बहुआयामिक देखिन्छ । डी. कौडिन्यका बहुआयामिक व्यक्तित्वका विभिन्न पाटालाई यसप्रकार वर्गीकरण गरी चर्चा गर्न सकिन्छ–




### ३.३.१ साहित्यिक व्यक्तित्व

देवकुमार आचार्य (डी. कौडिन्य) को प्रमुख व्यक्तित्व नै साहित्यिक व्यक्तित्व हो । देवकुमार आचार्य (डी. कौडिन्य) नेपाली प्रगतिवादी साहित्यका एक होनहार प्रतिभा हुन् । उनी नेपालको राजनीतिक क्षेत्रलाई मात्र नभई समाजलाई पनि जनचेतनामार्फत सम्पूर्ण नेपालीको आमूल पनिवर्तनका क्षेत्रमा कलम चलाउने सशक्त प्रतिभा हुन् ।

उनले वि. सं. २०३५ देखि २०५९ सम्मको साहित्यिक यात्रामा धेरै लेखहरू रचना गरे पनि हालसम्मको साहित्यिक यात्रामा निम्नलिखित रचनाहरू फेला परेका छन्– 'हुरीको गीत' (कथामय निबन्ध, २०४३), 'उठौ जागौ', संबोधन रानीलाई (जनादेश साप्ताहिक वर्ष ७, अङ्क १७, २०५४ साल फागुन २६ गते मङ्गलबार), उज्यालो संघारमा उभिएको दक्षिण अफ्रिका (प्रकाश साप्ताहिक वर्ष १२ अङ्क २३, २०५० वैशाख २६ गते सोमबार), मृत्युञ्जयी आगोका लप्काहरू ! (प्रकाश साप्ताहिक २०५१ , वर्ष १२ अङ्क २५, जेठ ९ गते सोमबार), नेपाली कम्युनिष्ट आन्दोलनको एउटा फिलुंगो कृष्णप्रसाद सेडाइ ! (अङ्क २७, २०५१ जेठ २३ गते सोमबार), आस्थाका सगरमाथालाई लालसलाम (वर्ष १२, २८, २०५१ जेठ ३० गते सोमबार) ।

उनले आफ्ना कविताकृतिहरूमा नेपाली जनजीवनमा व्याप्त कुसंस्कार विसङ्गति, विकृति, उत्पीडन आदिलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । उनका कवितामा तत्कालीन समाजमा विद्यमान परिस्थितिविरुद्ध मुकाविला गर्दै अगि बढे मुलुकको भविष्य राम्रो हुने सङ्केत गर्दै समतामूलक समाजको निर्माण र संसारमा परिवर्तनको खाँचो औंल्याइएको पाइन्छ ।

### ३.३.१.१ **कवि व्यक्तित्व**

देवकुमार आचार्य (डी. कौडिन्य) नेपाली प्रगतिवादी साहित्यका एक होनाहार प्रतिभा हुन् । उनले विद्यालयमा पढ्दादेखि कलेज स्तरमा अध्ययन अध्यापन गर्ने क्रममा पनि निरन्तर समाजलाई जनचेतनामार्फत परिवर्तन गर्ने काम गरेको देखिन्छ । उनले वि. सं. २०३५ देखि २०५९ सम्मको साहित्यिक यात्रामा धेरै लेखरचना र कविता रचना गरे पनि उनका हालसम्म प्रकाशित दुईओटा कविता र अप्रकाशित केही कविता फेला परेका छन् । उनका प्रकाशित कविताहरूमा 'उठौँ जागौँ' (झापाली पत्रकार सङ्घले २०६० मा प्रकाशित) र 'सम्बोधन नारीलाई' (जनादेश साप्ताहिक, २०५४) जस्ता कविता रहेका  छन् ।

### ३.३.१.२ **निबन्धकार व्यक्तित्व**

देवकुमार आचार्य (डी. कौडिन्य) को कवि व्यक्तित्व पहिलो उनको दोस्रो व्यक्तित्वका रूपमा हामी निबन्धकार व्यक्तित्वलाई लिन सक्छौ ।[६०] उनको पहिलो निबन्ध कृति 'हुरीको गीत' वि. सं. २०४५ मा **सङ्केत** पत्रिकामा प्रकाशित भएको कुरा सहित्यकार 'तेराख' बताउनु हुन्छ । डी. कौडिन्य विविध विषयमा रुचि राख्ने भए तापनि उनको निबन्ध व्यक्तित्व निकै खारिएको पाइन्छ । यसैगरी उनको 'आस्थाको सगरमाथालाई लालसलाम' शीर्षकमा सहित्यकार एवम् जनप्रतिनिधि द्रोणप्रसाद आचार्यको सम्झनाम लेखिएको निबन्ध रहेको छ ।[६१] यसैगरी 'मृत्युञ्जयी आगोका लप्काहरू !' शीर्षकमा लेखिएको लेख निबन्ध रहेका छन् ।

#### ३.३.१.३ सम्पादक व्यक्तित्व

देवकुमार आचार्य (डी. कौडिन्य) कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, लेखक व्यक्तित्व मात्र नभएर उनी एक सम्पादक व्यक्तित्व पनि हुन् ।[६२] उनले झापाबाट भूमिगत कालमा प्रकाशित हुने पत्रिका **संकेत** (समसामयिक सङ्कलन) पत्रिका २०४५ को सम्पादन गरेका थिए । काठमाडौँबाट प्रकाशन हुने **जनादेश** साप्ताहिक र **जनदिशा** दैनिकको संवाददाताको रूपमा काम गरेका उनले **दृष्टि, छलफल, प्रकाश,**...**जनआह्वान, जनआवाज,**...**महिमा,**...**ज्वाला**लगायतका साप्ताहिक पत्रिकामा पनि उत्तिकै कलम चलाए । झापाबाट प्रकाशन हुने **स्वाधीन संवाद** साप्ताहिकमा उनको स्तम्भ नै थियो ।

### ३.३.२ साहित्येत्तर व्यक्तित्व

#### ३.३.२.१ सामाजिक-सांस्कृतिक व्यक्तित्व

किशोरावस्थादेखि नै सामाजिक-सांस्कृतिक गतिविधिमा संलग्न डी. कौडिन्यले आफ्नो गाउँ तथा जिल्लामा सामाजिक, सांस्कृतिक क्रियाकलापसँग सम्बन्धित भएर कार्य गरेको देखिन्छ ।[६३] आफ्नो गाउँमा विद्यालय स्थापना गर्ने, पुस्तकालय खोल्ने, बाटाघाटा आदिको निर्माण गर्ने आदिजस्ता सामाजिक कार्यमा यिनले प्रशस्त योगदान

---

६०. तेराख, 'बौद्धिक व्यक्तित्व बन्दुकधारी सैनिकभन्दा शक्तिशाली हुँदो रहेछ', पूर्वक्षितिज (२०६४।२।३) पृ. १९६ ।
६१. प्रकाश साप्ताहिक वर्ष २८, अ२०५१ जेठ ३० गते सोमबार, पृ. ४ ।
६२. तेराख, 'बौद्धिक व्यक्तित्व बन्दुकधारी सैनिकभन्दा शक्तिशाली हुँदो रहेछ', पूर्वक्षितिज (२०६४।२।३), पृ. १९७ ।
६३. परिवारबाट प्राप्त जानकारीअनुसार ।

दिएको  देखिन्छ ।[६४] यिनी आफू जन्मे हुर्केको गाउँ र जिल्लामा चेतना अभिवृद्धि गर्ने, अन्याय अत्याचारको भण्डाफोर गर्ने तथा जाली र फटाहाको अन्त्य गर्ने आदि कार्यतर्फ अग्रसर भएको देखिन्छ ।[६५] उनले समाजमा रहेका रूढिवादी कुरीति र कुसंस्कारहरूको विरुद्धमा पनि जोडदार आवाज उठाएको देखिन्छ ।[६६] त्यसैगरी समाजमा परम्परागत रूपमा चलिआएका विविध सांस्कृतिक र धार्मिक परम्पराहरूको अन्धानुकरण गर्ने भन्दा ती मध्ये समाजयोगी र वैज्ञानिकताको अंश रहने सस्कारहरूलाई मात्र ग्रहण गर्नुपर्छ भन्दै सर्वसाधारणहरूको चेतनाको अभिवृद्धि गर्ने कार्यसमेत गरेको देखिन्छ ।[६७]

देवकुमार आचार्य (डी. कौडिन्य) ले विभिन्न सङ्घ-सस्थामा आबद्ध भएर पनि विविध सामाजिक-सांस्कृतिक कार्य गरेका छन् ।[६८] उनको संग्लनता रहेका ती सङ्घ संस्थाहरू यसप्रकार छन्–

–विद्यालय

–गा. वि. स.

–वातावरण सचेतना केन्द्र

–सहिद उद्यान मञ्च सुखानी

देवकुमार आचार्य (डी. कौडिन्य) झापाका एक प्रखर बुद्धिजीवी, समाजसुधारक, शैक्षिक जागरणका खम्बा, राष्ट्रसेवक, क्रान्तिकारी, नेपाली भाषासाहित्यका विविध विधाका सफल लेखक तथा अन्धविश्वासविरोधी माक्सवादी दर्शनका अनुयायी हुन् । उनले विभिन्न व्यक्तिका स्मृति प्रतिष्ठानका आजीवन सदस्य तथा विभिन्न सामाजिक सांस्कृतिक सङ्घसंस्थाका सदस्य भएर यस क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । उनका यिनै विविध कार्यहरूबाट डी. कौडिन्यलाई सामाजिक, सांस्कृतिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

### ३.३.२.२ **राजनैतिक व्यक्तित्व**

६४. ऐजन ।

६५. ऐजन ।

६६. ऐजन ।

६७. ऐजन ।

६८. ऐजन ।

देवकुमार आचार्य (डी. कौडिन्य) को राजनैतिक व्यक्तित्व प्रखर रूपमा नै रहेको देखिन्छ । विद्यार्थी जीवनदेखि नै राजनैतिक गतिविधिमा संग्लन हुँदै आएका डी. कौडिन्यले अध्ययनलाई निरन्तरता दिँदै वामपन्थी राजनीतिप्रति झुकाउ राख्दै आएका हुन् । वि. सं. २०३५।३६ को विद्यार्थी आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेको, निरङ्कुश पञ्चायती शासन, व्यवस्थापनको विरोध गरेबापत पटकपटक प्रहरी हिरासतमा परेका, इलाम जेलमा अठार महिना बसेर मुक्त भएको, केही समयपछि चन्द्रगढी जेलमा करिब चार वर्ष जेल जीवन बिताएका थिए । त्यसपछि जेल जीवनबाट मुक्त भएपछि पुनः तत्कालीन ने. क. पा. (माले) को भूमिगत पूर्णकालीन कर्यकर्ता भई पार्टीको मह□वपूर्ण भूमिका निर्वाह गर्नुको साथै इमानदार तथा कुशल राजनीतिज्ञको रूपमा स्थापित डी. कौडिन्य तत्कालीन भूमिगत नाम 'अनिल' रहेको पाइन्छ ।[६९] उनी २०४६ सालको जनआन्दोलनमा डटेर लागेका थिए । त्यसपछि ने. क. पा. (एमाले) का सक्रिय कार्यकर्ताका रूपमा पर्टीको मह□वपूर्ण जिम्मेवारी समालेको पाइन्छ ।[७०] आचार्य ने. क. पा. (एमाले) को छैटौँ महाधिवेशन नेपालगञ्जमा महाधिवेशन झापाबाट प्रतिनिधि भएका थिए । त्यसपछि ने. क. पा. (एमाले) पार्टीभित्र देखिएको काखा र पाखाको स्थितिलाई डटेर सामना एवम् विरोध गर्दागर्दै असह्य भएपछि पार्टीको निकै ठूलो झुण्ड फुटेर पुनः नेकपा (माले) भयो । त्यही ने. क. पा. (माले) पार्टीको मह□वपूर्ण पदमा रहेर काम गर्दै अघि बढ्ने क्रममा त्यस पार्टीबाट पनि जनइच्छा एवम् राष्ट्रमुक्ति गर्न नसक्ने देखेर कुण्ठित हुनुको साथै उदास भएर अब मुलुकको एकमात्र क्रान्तिकारी कम्युनिष्ट भनेको ने. क. पा. (माओवादी) मात्र हो भन्ने कुरालाई मध्यनजर गरी २०५४ सालदेखि ने. क. पा. (माओवादी) पार्टीमा समाहित भई झापा जिल्लाबाट ने. क. पा. (माओवादी) पार्टीलाई सशक्त ढङ्गबाट अगाडि बढाउन उनले अहम् भूमिका निर्वाह गरेका थिए ।[७१] पार्टीको मह□वपूर्ण जिम्मेवारी समाल्ने सवालमा पार्टीले उनलाई पूर्वाञ्चलको कमाण्डिङ समाल्ने

---

६९. उनको राजनीतिक जीवनको पृष्ठभूमिबाट प्राप्त जानकारी ।

७०. ऐजन ।

७१. ऐजन ।

मह□वपूर्ण जिम्मेवारी सुम्पेको थियो ।[७२] साथसाथै अत्यन्तै  जुझारु लगनशील एवम् उत्सुक डी. कौडिन्य गहन चिन्तन गर्ने देश र जनताको मुक्तिमा लागिरहने व्यक्तित्व भएका हुनाले उनलाई ने. क. पा. (माओवादी) पार्टीले पूर्वाञ्चल बुद्धिजीवी सङ्गठनको अध्यक्ष पछि बुद्धिजीवी सङ्गठनको केन्द्रीय सदस्यमा नियुक्ति गरेको थियो ।[७३] काम गर्दै अगाडि बढ्ने क्रममा केही सुराकीहरूले तत्कालीन देउवा सरकारका भरौटे जल्लादहरूले उनलाई झापाको बुधबारेस्थित सेतीपानीबाट गिरफ्तार गरी चारआली सेनाको क्याम्पमा लगेर कायरतापूर्ण तरिकाले निशस्त्र व्यक्तिलाई निर्मम हत्या गरी आफ्नो खुनी अनुहार प्रस्तुत गऱ्यो । त्यही बेला सरकारको निष्पक्ष समाचार वाचन गर्ने ढ्वाङ पिट्ने थुप्रैखाले सञ्चारमाध्यमले 'भिडन्तको क्रममा बर्नेको जङ्गलमा मरेको' भ्रामक समाचार प्रसारण गरेको थियो । यसबाट तत्कालीन सरकारको घिनलाग्दो अनुहार छर्लङ्ग देखिएको थियो । यस हत्याकाण्डले मुलुकले एक होनहार देशभक्त, गणतन्त्रवादी, क्रान्तिकारी, सचेत चिन्तक, दार्शनिक व्यक्तित्वको हत्याले मुलकले महान् व्यक्तित्व गुमाएर अपुरणीय क्षति बेहोर्नु पऱ्यो । परिवार, आफन्त, जिल्लवासी, एवम् देशवासीहरूले आफूलाई टुहुरो भएको महसुस गरेका थिए ।

### ३.३.२.३ शिक्षक व्यक्तित्व

देवकुमार आचार्य (डी. कौडिन्य) को शिक्षक व्यक्तित्वको पाटोलाई केलाउँदा स्नातकोत्तर सम्मको उच्चशिक्षा आर्जन गरेका डी. कौडिन्यले विभिन्न विद्यालयहरूका साथै उच्च मा. वि. हरूमा पनि अध्यापन गरेका छन् ।[७४] उनले वि. सं. २०३९ देखि सर्वप्रथम झापाको खुद्नाबारी स्थित श्री जनता मा. वि. मा प्रा. वि. शिक्षक भएर आफ्नो शिक्षकजीवनको सुरुवात गरेका हुन् ।[७५] यस विद्यालयमा उनले करिब ११ वर्षजति अध्यापन गरेको देखिन्छ । उनले २०५६ सालदेखि नेपालकै पूर्वमा रहेको काँकडभिट्टा उच्च मा. वि. मा अङ्ग्रेजी विषयको शिक्षक भई २०५९ सम्म काम गरेको साथै बिहान काँकडभिट्टा पढाएर दिउँसोको समयमा धुलाबारी इटाभट्टामा रहेको एउटा

---

७२. ऐजन ।

७३. ऐजन ।

७४. परिवारबाट प्राप्त जानकारीअनुसार ।

७५. परिवारबाट प्राप्त जानकारीअनुसार ।

अङ्ग्रेजी आवासीय मा. वि. मा पनि अङ्ग्रेजी विषय शिक्षक भई अध्यापन गरेको पाइन्छ ।

## ३.४ जीवनी,व्यक्तित्व र साहित्यिक लेखनबीचको अन्तरसम्बन्ध

साहित्यकार देवकुमार आचार्य (डी. कौडिन्य) को लगभग चार दशक लामो जीवनविधालाई  हेर्दा उनको जीवनचक्र विभिन्न सम र विषम परिवेशका माझबाट गुज्रेको देखिन्छ । पूर्व बाल्यावस्थामै मातृस्नेहबाट वञ्चित हुनपुगेका डी. कौडिन्यको जीवन असहज र झन् कष्टकर बन्न पुगेको देखिन्छ । पारिवारिक आर्थिक अवस्था कमजोर भएका डी. कौडिन्यले जटिल र कठिन परिस्थितिका माझबाट स्नातकोत्तर तह सम्मको उच्चशिक्षा हासिल गर्नुका साथै भरपर्दो जीविकाको खोजीका सन्दर्भमा कहिले यता र कहिले उता भौतारिँदँ काम गरेको देखिन्छ ।

## चौथो परिच्छेद

# नेपाली प्रगतिवादी साहित्यिक परम्परामा डी. कौडिन्य

## ४.१ प्रगतिवादी दार्शनिक आधार

प्रगतिवादको दार्शनिक आाधर मार्क्सवाद नै हो ।[७६] जीवनजगत्सम्बन्धी मार्क्सवादी दृष्टिकोणको विस्तार र विवेचनाबिना प्रगतिवादको स्वरूपले मूर्त रूप लिन सक्दैन ।[७७] मानवसमाजका विकासप्रक्रियामा घटित घटनाहरूको व्याख्या जसरी भएको छ त्यस्तै कलासाहित्यको विश्लेषण र मूल्याङ्कन मार्क्सवादले समष्टि जगत्को व्याख्या गर्दै आएको छ ।[७८] मार्क्सवाद जीवनजगत्को वैज्ञानिक किसिमले व्याख्या गर्ने र ती वस्तुलाई परिवर्तन गर्दै नयाँ स्वरूपमा रूपान्तरण गर्दै नयाँ धारमा हिँडाउने दर्शन हो ।[७९] मुख्यत मार्क्सवाद क्रान्तिकारी रूपमा जीवनजगत्को व्याख्या गर्ने दर्शन भएकाले कला र साहित्यसँग यसको सोझो सम्पर्क देखिन्छ । मार्क्सपछि लेलिन र स्टालिनले यसलाई अगि बढाउने कार्य    गरे ।[८०] द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणले आफ्ना

---

७६. ऋषिराज बराल **प्रगतिवाद** (विराटनगर : हाम्रो साहित्य सदन, २०४९), पृ. ३ ।
७७. ऐजन पृ. ४।
७८. देवीप्रसाद गौतम, **प्रगतिवादी : परम्परा र मान्यता** (काठमाडौँ : मुना गौतम, २०४९), पृ. २९ ।
७९. ऐजन पृ. २२ ।
८०. ऐजन पृ. ३० ।

सारत□व पूर्ववर्ती दार्शनिक चिन्तनबाट लिए पनि पूर्ववर्ती सिद्धान्त र दर्शनभन्दा अलग मूर्त वैज्ञानिक क्रान्तिकारी दर्शनको रूप लिएको हो । द्वन्द्वात्मक भौतिकवादले प्रकृति, समाज चेतनाको उपज र सौन्दर्यसम्बन्धी धारणाहरूको आधार र परिवर्तन प्रक्रियालाई वस्तुगत र वैज्ञानिक किसिमले अध्ययन गर्नुपर्ने कुरामा जोड दिन्छ ।[८१] मार्क्स भन्दछन्- "दार्शनिकहरूले विविध किसिमले विश्वको व्याख्या मात्र गरेका छन् मूल कुरा त विश्वलाई नै फेर्नु हो ।"[८२] द्वन्द्वात्मक भौतिकवाद यही परिवर्तनसम्बन्धी नियम र पद्धतिलाई बुझ्ने वैज्ञानिक दृष्टिकोण हो त्यसमा साहित्य र सौन्दर्यसम्बन्धी अवधारणा पनि पर्दछन् । द्वन्द्वात्मक "डाइलेगो" शब्द ग्रीक भाषाको शब्द हो । यही शब्दबाट विकास हुँदै आएको शब्द हो । परिवर्तित प्रक्रियाअनुरूप एक छुट्टै दार्शनिक चिन्तनको बोध गराउँछ । कुनै पनि घटना त्यो चाहे प्रकृतिमा देखिने होस् चाहे मानवजीवनसित सम्बन्धित होस् त्यसलाई ठम्याउन दुईवटा पद्धति हुन्छन् । पहिलो पद्धतिले कुनै घटना वा कार्यव्यापारलाई एकअर्काबाट अलग र असम्बन्धित ठान्छन् । दोस्रो पद्धतिले कुनै घटना वा गतिविधिलाई एकअर्कासित सम्बद्ध गतिशील, परिवर्तित प्रक्रियाको एउटा स्वरूप ठान्दछन ।[८३] द्वन्द्वात्मक प्रणालीका अनुसार जीवन जस्तो छ त्यस्तै बुझ्नुपर्छ । जीवन सदा गतिशील छ, परिवर्तनको एउटा निश्चित धारामा गतिवान छ । त्यस्तै बुझ्नुपर्दछ । एङ्गेल्स भन्दछन् "प्रकृति द्वन्द्ववादको कसी हो र आधुनिक विज्ञानले द्वन्द्ववादको रूपमा मह□वपूर्ण सामग्री दिएको कुरा स्वीकार्नु पर्दछ । प्रत्येक दिन विकसित आवस्थामा छ" । एङ्गेल्सका भनाइमा प्रकृतिमा देखापर्ने घटनाहरू आफैले द्वन्द्ववादको प्रमाणको कार्य पूरा गरेका छन् ।

द्वन्द्ववादमा सामान्य तीन किसिमका नियमहरू छन् , ती हुन :

१) एकता र सङ्घर्षको नियम सधैँभरि समाजसँग ।

२) मात्रादेखि गुणात्मकतासम्मको विकास र

३) निषेधको निषेध ।

---

८१. ऐजन पृ. ३१ ।

८२. ऐजन पृ. ३२ ।

८३. ऐजन पृ. ३३ ।

हरेक वस्तुमा सकारात्मक र नकारात्मक पक्षहरू पाइन्छन् । यिनीहरू एक आपसबाट छुट्टयाउन नसकिने गरी घोलिएर रहेका हुन्छन् । यिनीहरू बीच मेल र फुटको अवस्था क्रमबद्ध जारी रहेको हुन्छ । निरन्तर सङ्घर्षबाट जुन नयाँ कुराको उत्पत्ति हुन्छ र त्यही नै गति परिवर्तन हो ।[८४] परिवर्तनको यस प्रक्रियालाई एङ्गेल्सले भन्दछन् "हामीहरू जौको दाना लगेर माटामा रोपी दिन्छौँ अनुकूल समय घाम र पानीका कारणले केही समयपछि त्यो दाना अङ्कुरमा परिणत हुन्छ । त्यसपछि त्यो अङ्कुर पिपिराको रूपमा बढ्छ यसलाई हामी निषेध भन्दछौं । पिपिरा ठूलो हुनु त्यसमा बाला लागेर पूर्णता पाउनु र पूर्णतापछि बिरुवा सुकेर नष्ट हुनु, त्यो स्थितिलाई निषेधको निषेध भन्दछौं ।

## ४.२ भौतिकवाद

सामाजिक विकास, मानवजीवन र प्रगतिलाई अध्यात्मवादी दृष्टिकोण चेतना नै सब कुराको उपज हो भन्ने अध्यात्मवादीहरूले विचारअनुरूप व्याख्या गरेका छन् । वस्तुजगत् या पदार्थ र यसको गतिमयता पदार्थ र चेतनाको अन्तर्सम्बन्ध नयाँ भौतिकवाद जोडिएको छ ।[८५] नयाँ भौतिकवादसित पदार्थ र परिवर्तित घनिष्ठ रूपमा सम्बन्धित छन् । एङ्गेल्स भन्दछन्– "पदार्थबिनाको गति र गतिबिनाको पदार्थको कल्पना नितान्त असम्भव छ" एङ्गेल्सको विचारमा पदार्थ र गतिबीचको द्वन्द्वात्मक सम्बन्ध नै वस्तुजगत्को यथार्थ हो र भौतिकवादी चिन्तनको मूल स्वरूप पनि हो ।[८६]

## ४.३ ऐतिहासिक भौतिकवाद

मार्क्स र एङ्गेल्सले प्रकृति र मानवजीवनका विविध क्षेत्रमा मात्र नगरी समाज विकास र इतिहासका पक्षमा पनि चिन्तन गरेका छन् ।[८७] द्वन्द्वात्मक भौतिकवादअनुसार इतिहासको अध्ययन, मनन गर्ने हुनाले नै यसलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । मार्क्स र एङ्गेल्सको विचारमा हरेक समाजको भौतिकस्थिति र आर्थिक उत्पादनले

---

८४. ऋषिराज भुषाल, 'प्रगतिवाद समालोचना र नेपाली समालोचना यसको प्रयोग' (अप्रकाशित स्नानतकोत्तर शोधपत्र, त्रिवि नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०३८), पृ. ११ ।

८५. ऐजन १२ ।

८६ . ऐजन पृ. ११ ।

८७. ताराकान्त पाण्डेय, 'प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जितयथार्थ' विद्यावारिधि शोधप्रबन्ध, २०५६), पृ. २४ ।

इतिहासको उद्‌भव गति र दिशाबोध गराउन मह□वपूर्ण भूमिका खेल्दछ ।[८८] समाजको यथार्थचित्र कुनै दार्शनिक चिन्तनमा नभई आर्थिक अवस्थामा पाइन्छ । त्यसैले समाजलाई बुझ्न पलेटी कसेर नभई समाजको आर्थिक अवस्था र उत्पादन प्रणालीको अध्ययन गर्नु आवश्यकता हो ।[८९]

ऐतिहासिक भौतिकवादअनुसार समाजको मूल आधार भौतिक साधनको उत्पादन हो र समाजको उन्नति भनेको भौतिक साधनको उत्पादनको विकास हो । समाज विकासको क्रममा उत्पादन सम्बन्ध र उत्पादन शक्तिबीच श्रम सङघर्षको रूप लिन्छ र वर्गसङघर्ष नै विकासको मूल कारण बन्छ ।[९०] यही दार्शनिक चिन्तनमा केन्द्रित भएर प्रगतिवादी साहित्यिक चिन्तन विकास भएको पाइन्छ ।

## ४.४ प्रगतिवादका साहित्यिक मान्यताहरू

प्रगतिवादका साहित्यिक मान्यताहरू मूल दार्शनिक आधार खोज्दा प्रतिपादित द्वन्द्ववाद, भौतिकवाद र ऐतिहासिक भौतिकवाद नै मुख्य हुन भन्ने कुराको टुङ्गो भइसकेको छ । प्रगतिवादलाई मार्क्सवादकै साहित्यिक संरचनाका रूपमा प्रस्तुत गरिएको छ ।[९१] मार्क्सवादी विचारसँग नजिकको सम्बन्ध राख्ने यस प्रगतिवादी साहित्य र त्यसका रूपरेखा र मूल्याङ्कनसम्बन्धी मूल मान्यताहरू केके हुन यसको चिन्तनपरम्पराको वस्तुस्थितिको अध्ययन गर्नु आवश्यक छ ।

### क. भौतिकवस्तुबाट चेतनातर्फ

भौतिक वस्तुबाट चेतनामार्फत मार्क्सवादी सिद्धान्तमा द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादका नामले र राजनीतिशास्त्रमा मार्क्सवादका साहित्यका क्षेत्रमा समाजवादी सिद्धान्तले यथार्थवादका रूपमा र त्यसभन्दा बढी प्रगतिवादका नामले यो ख्याति हासिल गरेको पाइन्छ ।[९२] यस सिद्धान्तअनुरूप जीवनजगत्‌सँग सम्बन्धित अन्योन्याश्रित हुनाका साथै द्वन्द्वात्मक प्रकृतिको छ ।

---

८८. रविलाल अधिकारी, **प्रगतिवादी नेपाली कविता** (पोखरा : लेकाली प्रकाशन, २०४४), पृ. ६ ।

८९. ऋषिराम भूषाल, पूर्ववत्, पृ. १८ ।

९०. ऐजन पृ. १९ ।

९१. ऐजन पृ. ५ ।

९२. घनश्याम उपाध्याय कँडेल, **पाश्चात्य यथार्थवादी नाटक** (काठमाडौँ : श्रीमती सुभद्रा उपाध्याय कँडेल, २०४६), पृ. ६, ८ ।

यस सिद्धान्तले भौतिक जगत् चेतनाको उपज नभई चेतना नै भौतिक जगत्को उपज हो भन्न सकिन्छ । भौतिक जगत्बाट उत्पत्ति भएर जन्मिएको चेतना भौतिक जगत्को निस्क्रिय द्रष्टा वा भोक्ता मात्र होइन । द्वन्द्वात्मक प्रक्रियाअनुसार त्यसमा परिवर्तन ल्याउने र नयाँ रूप दिने शक्तिका रूपमा  चिनिन्छ । यस सिद्धान्तअनुसार आर्थिक आधारले सामाजिक रूपान्तरणको आधारबाट उत्पादन पद्धतिका साथै उत्पादन सम्बन्धमा मानवजातिको इतिहास, वर्गसङ्घर्षको इतिहास हो भन्ने मान्दछ । उत्पादनका साधनमाथि व्यक्तिगत स्वामित्वसँग वर्गहरूको जन्म भएको हो । आदिम साम्यवादी युगपछिका हरेक युगमा मूलतः दुई वर्गको अस्तित्व पाइन्छ जसमा शोषक वर्गको र शोषित वर्गको रूपमा शोषक वर्गबिना श्रम उत्पादनका साधनको मालिक बनेर बसेको हुन्छ । शोषित वर्ग भने कठोर श्रमबाट सामग्रीहरूको उत्पादन गर्दै सधैं तल्लो स्तरबाट नै हुन्छ । कला साहित्यको काम शोषकवर्गको विरोध, पुँजीवादी नीति तथा आचरणको विरोध गर्दै शोषित वर्गलाई समाजको वस्तुस्थितिमा क्रान्ति चेतनालाई जगाउँदै यथार्थवादकै एउटा रूप प्रगतिवाद मानिन्छ  जुन भौतिक वस्तुबाट चेतनामार्फत उन्मूख रहन्छ ।[९३] मूलतः आजको यो उच्च मानवीय चेतना भौतिक आवश्यकताले प्रेरित भएर मानवले परिश्रम गरेर चेतनाकौ अनुभवको आधार वा सार हो भन्ने देखिन्छ ।

**ख. द्वन्द्वात्मकता**

द्वन्द्वात्मकता भौतिकवादले दृश्य वस्तुजगत्को मुख्य र अन्तिम सत्यको रूपमा लिइएको पाइन्छ ।[९४] यसले प्रकृतिका सबै वस्तु परिवर्तनशील हुनाका साथै परिवर्तनको मुख्य आधारचाहिँ द्वन्द्व हो भन्ने कुरा मानेको देखिन्छ । द्वन्द्ववादको पहिलो नियमले कुनै पनि वस्तुभित्र दुई विपरीत त□वका रूपमा लिँदै तिनका बीच एक सीमासम्म सङ्घर्ष चलिरहने वस्तुमा मात्रात्मक र गुणात्मक परिवर्तन आउने कुरा स्वीकार गर्दछ । लेनिनले यस नियमलाई द्वन्द्ववादको आधार मानेका छन् । गति र परिवर्तनसम्बन्धी द्वन्द्ववादको दोस्रो नियमअनुसार विपरीत त□वहरूबीचको सङ्घर्षको क्रममा पहिला मात्रात्मक परिवर्तनले निशिचित आधार निर्धारण गर्दै गुणात्मक परिवर्तन पाइन्छ ।

---

९३. रविलाल अधिकारी, पूर्ववत्, पृ. ६ ।

९४. ऐजन पृ. ८ ।

यसरी पदार्थमा देखिने परिवर्तित घटनाक्रमलाई द्वन्द्ववादले स्वीकार गरेको देखिन्छ । निषेधको निषेधसम्बन्धी द्वन्द्ववादले तेस्रो नियममार्फत परिवर्तनका क्रममा नयाँ पदार्थको पुरानो वस्तुलाई विस्थापित गरी त्यसको ठाउँ लिने र समयचक्रले त्यो नयाँ वस्तु पुरानो भई पुनः अर्को नयाँले त्यसलाई विस्थापित गर्ने कुरा बताउँछ । यसरी नयाँले पुरानाको निषेध गर्नु र त्यो नयाँ पुनः स्थापित गर्नुलाई द्वन्द्वात्मकताका रूपमा लिइन्छ । मार्क्स, एङ्गेल्सले विकास गरेको भौतिकवादी धारणा द्वन्द्ववादी नियममा आधारित भएकाले त्यसलाई द्वन्द्वात्मक भौतिकवाद भनिन्छ ।

भौतिकवादको समष्टि तात्पर्यचाहिँ भौतिकवादलाई द्वन्द्वात्मक दृष्टिको आधार गर्नु हो र पदार्थको द्वन्द्वात्मक प्रकृतिलाई केन्द्र बनाएर जीवनजगत्को भौतिकवादी व्याख्या गर्नु हो । द्वन्द्वात्मक गुणबाटै पदार्थको अस्तित्व सम्भव हुन्छ र यही पदार्थ प्राथमिक आधार र मानवचेतनामा आधारित देखिन्छ । द्वन्द्वात्मक भौतिकवादलाई समग्रतः यही आधारमा बुझ्न सकिन्छ ।[९५]

### ग. यथार्थको चित्रण

कला साहित्यमा यथार्थवाद उन्नाइसौं शताब्दीका उत्तरार्द्धमा पाश्चात्य जगत्मा देखापरेको विशेष प्रकारको जीवनदृष्टि र शिल्पपद्धति दुवै हो ।[९६] यथार्थवादले साहित्यमा भौतिक जगत्लाई वास्तविक ठान्दै रहस्य, अदभुत, अलौकिक कुरालाई विश्वास गर्दैन । नैतिक मान्यता र परम्परित विधिनिषेधलाई नियाल्दछ । त्यही सापेक्ष सत्यअनुसार नै यथार्थवादले जीवनका मूल्य र मान्यताहरूको निर्धारण गर्दछ । यर्थाथवादी जीवनदृष्टिलाई सारमा भौतिकवादी दर्शन एवम् विज्ञानबाट प्रभावित वस्तुपरक र आधुनिक जीवनवृत्त भन्न सकिन्छ । यथार्थवादी जीवनवृत्तबाट स्वच्छन्दतावादी-आदर्शवादी जीवनदृष्टिभन्दा भिन्न भएकाले यसको शिल्पपद्धति पनि बेग्लै प्रकारको हुन्छ । यसमा आदर्शवादी भावुकता, काल्पनिकता र समसामयिक जीवनका घटनाको वर्णन र चित्रण पाइन्छ । डन्युराँका भनाइमा यथार्थवादले हाम्रो परिवेशको “ठीकठीक, पूर्ण र इमान्दारिका साथ पुनरुत्पादन खोज्छ ।” यथार्थवादी साहित्यका पात्रमा गुण वा दोष दुवै हुने भएकाले सामान्य मान्छेले प्रेम र घृणा दुवै

---

९५. ऐजन, पृ. ९ ।

९६. घनश्याम उपाध्याय कँडेल, पूर्ववत् पृ. ३, ४ ।

गर्छन् । असल र खराब दुवै काम गर्छन् । यथार्थवादको चित्रणअनुरूप भाषा, भावप्रवण, कल्पनारञ्जित र अलङ्कारको बहुल यसमा वस्तुयथार्थ पाइन्छ । डोरीमा सर्पको प्रतीत भएजस्तै वस्तु सत्तालाई अयथार्थ मान्ने अध्यात्मवादी दर्शनका विपरीत वस्तुतालाई यथार्थ मानिन्छ । निर्माणका सवालमा यथार्थवादी लेखकले समस्त, व्यक्ति, र प्रतिनिधिका सामान्य र विशिष्टको समायोजन गर्दै निष्कर्षमा पुग्न सकिन्छ ।[९७]

**घ. वर्गीयता**

वर्गीयता; ऐतिहासिक भौतिकवाद समाजविकासको एउटा पाटो हो । यसैका आधारमा वर्गीयतालाई हेर्दा मानवसभ्यताको आदिम युगदेखि नै वर्गीयताका रेखाहरू कोरिएको पाइन्छ । दासत्वपूर्ण युग र सामन्तवादी युग वर्गविभक्त सामाजिक संरचनाका उपज मात्र नभई शासक र शासित तथा शोषक र शोषितबीच वर्गसङ्घर्षको प्रक्रिया मानिन्छ । वर्गसङ्घर्षको परिणामका रूपमा सामन्तवादी युग विघटित भएर पुँजीवादी युगको स्थापना र विकास भएको मानिन्छ । शासक र शासित वर्गबीचको सङ्घर्ष तीब्र बनेको पाइन्छ । समाजविकास र निर्माण प्रक्रियामा वर्गविभाजित समाजमा एउटा वर्ग शासक हुने र सामाजिक वर्गविभक्त अवस्था रहेसम्म सामन्तवादी युगको अन्त्य नहुने र शोषित वर्गको जहिल्यै पनि उपेक्षा हुने कुरा स्पस्ट पाइन्छ ।[९८]

वर्गीयताका सन्दर्भमा पुँजीपति वर्ग र उसको चेतनाको पक्षमा सधैँ श्रमजीवी वर्गमाथि उत्पीडक बन्नका अलावा समाजका विशेषताको उल्लेख गर्दै कडवेल के भन्छन् भने पुँजीवादी विचारमा समाज एउटा स्वतन्त्र समाजको रूपमा नरही केही निश्चित वर्गको आधिपत्य रहेको पाइन्छ ।[९९] वर्गीय संरचनामा समाजमा रहेका सर्वहारा वर्गको स्वतन्त्रता स्थापित गर्ने लक्ष्य राख्दै समाजवादी शासनव्यवस्थाको वकालत गरी वर्गसमाजको चित्रण गरेको पाइन्छ । कलासाहित्यको हिसाबमा हेर्दा वर्गीय साहित्य प्रगतिवादी साहित्यको एक मह□वपूर्ण शाखाका रूपमा रहेको भेटिन्छ ।

**ङ. राजनीतिक स्पष्टता**

---

९७ ऋषिराम भूषाल, पूर्ववत् ।

९८. ऐजन, पृ. १९ ।

९९. ऐजन ।

प्रगतिवादी साहित्यमा राजनीतिक स्पष्टताबिना त्यसले पूर्णता पाउन सक्दैन । यसक्रममा मार्क्सवादी विचार दर्शनलाई व्यावहारिक रूप दिने लेनिन सक्रिय राजनीतिका बारे स्पष्टता धारणा ल्याउने व्यक्ति भए तापनि उनका बारे मह□वपूर्ण भूमिका रहेको छ ।[१००] मार्क्सवादी चिन्तनपरम्परामा राजनीतिक सन्दर्भलाई कोट्याउँदै राजनीतिमा नै परिवर्तनका रेखाहरू देखिन थाले भने अर्कातर्फ तत्कालीन ऐतिहासिक परिस्थिति पनि भिन्न रूपमा व्यक्त भएका छन् । साम्यवादी लक्ष्यका निमित्त राजनीतिक विचारको तीव्रता हुनुपर्ने कुरा पाइन्छ । यस परम्परामा उल्लेखनीय नाममा समाजवादी चीनका संस्थापक माओत्सेतुङ्को नाम उल्लेखनीय छ । समयक्रममा विश्व साम्यवादी आन्दोलन राजनीतिक परम्परामा मह□वपूर्ण रहेको व्याख्या गर्दै १९४२ मा चिनियाँ जनक्रान्तिका समयमा माओले येनान प्रान्तमा आयोजित गोष्ठीमा कलासाहित्य बारेमा वर्गीय दृष्टिकोणका समस्याबारे, कलासाहित्यको प्रवृत्तिगत समस्याबारे पाठक दर्शकको समस्या कामको प्रवृत्ति र अध्ययनका बारे वस्तुगत रूपमा विश्लेषण गरेका छन् ।[१०१] माओले क्रान्तिकारी विषयवस्तुकै समान अर्थमा राजनीतिक अन्तर्वस्तुको प्रयोग गरेको देखिन्छ । वस्तुतः व्यापक जनहीतका सन्दर्भमा उनले राजनीतिक शब्दको लामो प्रक्रियामा उत्पीडित तथा सर्वहारा वर्गका स्वार्थ र सम्बन्धका तात्पर्यमा सङ्कीर्ण नभई व्यापक अर्थ र सन्दर्भमा लिनुपर्ने कुराको व्याख्या गरेको भेटिन्छ ।

बेलायती चिन्तक इगल्टनले पनि मार्क्सवादी आलोचनाका रूढिको विरोध गर्दागर्दै पनि राजनीतिलाई छाडेर कुने साहित्य सिद्धान्तपूर्ण नहुने विचार व्यक्त गर्दै भनेका छन्– 'सामाजिक जीवनलाई सङ्गठित गर्ने पद्धति र यस पद्धतिमा संलग्न शक्तिसम्बन्ध नै राजनीतिक तात्पर्य हो ।' तर साहित्यमा राजनीति रहन्छ भन्ने नाममा साहित्यमा राजनीतिलाई जबर्जस्ती घिसार्नु वा थोपर्नु जरुरी नभएको पक्षमा कुरा उठाउँदै उनी भन्छन– 'राजनीतिलाई साहित्यमा स्वाभवतः विद्यमान रहने कुराका रूपमा प्रस्तुत गरेका छन् ।'

**च. सामाजिक सम्बन्ध**

---

१००. ऐजन, पृ. २० ।
१०१. ऐजन, पृ. २१ ।

मार्क्सवादी आधारका प्रमुख सम्बन्धहरूमध्ये सामाजिक सम्बन्ध मह□वपूर्ण मानिन्छ ।[१०२] समाजको बनोटमा तल्लो वर्ग र माथिल्लो वर्गका बीच हुने वर्गसङ्घर्ष जसबाट सामाजिक आधार, आर्थिक धरातल निर्माण हुन्छ । त्यसका आधारमा समाजको माथिल्लो बनोटको रचना हुन्छ । मार्क्सवादी दृष्टिकोणमार्फत कलासाहित्यले समाजको हरेक संरचनालाई आधार निर्माण मार्फत अगि बढाउँदै सामाजिक सम्बन्धलाई हेर्दा कलासाहित्य समाजको उत्पत्तिसँग रहेको पाइन्छ । शासक र शाषित वर्ग हुन्छन् जसमा शाषित वर्गले आर्थिक संरचनाका आधारमा समाजमा आपनो आधिपत्य जमाउँदै रहेको हुन्छ भन्ने मत पाइन्छ । उत्पादनका सम्बन्धमा भौतिक शक्तिको विकासको निर्धारण गर्ने आर्थिक ढाँचामार्फत सबै सामाजिक अस्तित्वले चेतनाको निर्धारण गर्ने, एउटा निश्चित उच्चतामा पुगेर सामाजिक सम्बन्धमा सहकार्य गर्दछ भनेको पाइन्छ । कलासाहित्यलाई सामाजिक जीवनसँग सामाजिक जीवनकै उपज र सामाजिक प्रक्रियाअन्तर्गत नै हुनुपर्दछ भन्ने प्रगतिवादी मान्यता रहेको छ ।[१०३]

**छ. श्रमको महत्त्व**

श्रमको मह□व दर्शाउँदै कलासाहित्यको उत्पत्ति विकासका रूपमा मानवीय श्रमको प्रक्रियाबाट भएको मान्ने सवालमा युगौं युगदेखि निरन्तर क्रियाशील रहँदा कला र उसका सङ्घटक त□वहरूको विकसित अवस्था हुँदै यथार्थ अगि सर्छ ।[१०४] एङ्गेल्सले आफ्नो पुस्तक श्रमकौ भूमिकामार्फत बानरबाट मान्छे बन्ने प्रक्रियामा भन्छन्– 'हातखुट्टा टेकेर हिँडने कामबाट हात मुक्त भएपछि श्रमद्वारा नयाँ कामहरूतिर अनुकूलित हुँदै जाँदा शरीरका अङ्गहरूको विशेष रूपमा विकास भएको र हातहरू श्रमेन्द्रिय मात्र नभई श्रमका उपज भएकाले तिनीहरूको उपयोगबाट राफायलको जस्तो चित्रकारी, थोर्बाल्द सेनको जस्तो मूर्तिकार र पागानीनीको जस्तो सङ्गीत उत्पन्न हुन्छ भन्ने कुरा थाहा हुन्छ ।' यसरी हेर्दा कलासाहित्य श्रमशील मानवका हातका एउटा विशिष्ट सफलता हो । यसले प्रकृति मानवजीवनका बीच चल्ने अन्तहीन

१०२. ऐजन, पृ. २२ ।
१०३. जगदीशचन्द्र भण्डारी, पूर्ववत्, पृ. २ ।
१०४. ऐजन पृ. ३५ ।

सङ्घर्षको फल पनि हो भन्ने धारणा पाइन्छ । कलासाहित्यको उत्पत्तिलाई श्रमको प्रक्रियाबाट सुरु भई श्रममै आधारित रहेको छ भन्ने मान्यता प्रगतिवादमा पाइन्छ ।

प्रगतिवादमा कलासाहित्यको अलग्गै किसिमका मान्यताहरू कायम भएका छन् । परम्परित मान्यताभन्दा प्रगतिवाद सर्वहारा र वर्गीय दृष्टिकोण राखेर सबल समाजको पुनर्निर्माणसँगै सर्वहारावादी दृष्टिकोणले विश्व मानवताको स्वरूप प्रकट गर्न चाहन्छ । सम्पन्नताका कारणले उपभोग गरिरहेका सुविधाभोगी वर्गलाई मात्र नभई सर्वहारावर्गका मानिसलाई पनि सजग गर्दै आफनो हक अधिकार रहेको बोध गराउने यस विचारको मुख्य पक्ष रहेको देखिन्छ । सर्वहाराको पूर्ण विजयको सवालमा वर्गसङ्घर्षमार्फत समाजलाई रूपान्तरण गर्न सकिने मूल दर्शन मार्क्सवादी दर्शनकै आँटमार्फत अगि बढ्ने प्रगतिवादी साहित्यले समाजको वर्गविधान रहुन्जेलसम्म वर्गहीन साहित्यको सिर्जना हुन सक्दैन भन्नै मान्यता राख्छ । साहित्यले शोषकवर्ग वा शोषितवर्गको भलो गर्छ भन्दै माओले टिप्पणी गरेका छन । आजको संसारमा सबै संस्कृति र साहित्य निश्चन्ति वर्गका नै हुन्छन् ।[१०५]

प्रगतिवादी साहित्यको मूल आधार राजनीतिले अर्थनीति निर्धारण गर्छ । यही अर्थनीतिकै आधारमार्फत साहित्यको निर्माण हुन्छ । यसैले यिनीहरूको मूल आधार आर्थिक धरातल नै हौ । यसमार्फत राजनीतिको मूल जरो अर्थनीति कला साहित्यको प्रमुख अंश भए पनि साहित्यको आपनै रूपरेखा हुन्छ भने मार्क्सवादी विचार आएको छ । कलाको उत्पत्तिको सम्बन्धमा प्रगतिवादको आपनै किसिमको मान्यता छ ।[१०६] श्रमको र समाजको सम्बन्धको चेतनाबाट कलाउत्पत्ति भएर विकसित हुँदै आएको कुरा प्रगतिवादी साहित्य समीक्षकहरूले स्पष्ट गरेको पाइन्छ । साहित्यमा श्रमको पाटो उल्लेख गर्दै एङ्गेल्स भन्छन्– हात खाली श्रमेन्द्रिय मात्र होइन, श्रमको उब्जनी पनि हो । यस प्रकारले विश्लेषण गर्दा साहित्यको उत्पत्ति सम्बन्धमा प्रगतिवादी साहित्यले जीवनजगत्लाई आस्थाको नजरले हेर्छ । निर्माण र परिवर्तनको अपेक्षा राख्दै संसारलाई परिवर्तन गर्नुपर्छ भन्ने ध्येय प्रगतिवादको हुन्छ । संसारलाई परिवर्तन गर्न साहित्यले पुराना वा नयाँ जीवनपक्षलाई अँगाल्ने र मृतपक्षलाई छोडने गर्छ । जीवन्त त□वहरू

---

१०५. ऐजन, पृ. ३६ ।
१०६. ऐजन, पृ.३७ ।

पुराना विचारबाट पनि ग्रहण गरिन्छन् र मृतपक्षहरू पनि आधुनिकबाट पनि त्यागिन्छन् भन्ने तथ्य उनीहरू देख्न चाहँदैनन्  लोकजीवनबाट शिक्षा लिएर लोकजीवनलाई नै उठाउने ध्येयले सिर्जना गरिने प्रगतिवादी साहित्य परिवर्तित हुँदाहुँदै पनि  जीवनका प्रियवस्तुहरू छोडदैन ।[१०७] मार्क्सवादी विभूतिहरूले प्रगतिवादी साहित्यको आधार लोकजीवन, लोकगीत, लोकगाथा आदिमा जोड दिन्छन् । प्रगतिवाद यथार्थवादलाई आफूसँग समाहित पारी अगाडि बढछ । यथार्थवादको स्वरूपमा नयाँ विकृतिहरूलाई उब्जाएर आफू दलदलमा फसाएर यथार्थको नारा दिँदैन । समाजवादपरक विचारहरू यसले सच्चारूप ठान्दछ । मुख्यतया प्रगतिवाद शैलीलाई यथार्थवादको मेरुदण्ड मान्दछ । यस सन्दर्भमार्फत प्रगतिवादअन्तर्गत माओको भनाइ छ– 'मार्क्सवाद साहित्य र कलात्मक सृजनाको क्षेत्रमा एउटा कोशेढुङ्गा सावित भएको छ । साहित्यको स्थापना मुख्य रूपले सजीवन र जीवन्त हुन्छ । मानिसहरू केवल जीवनलाई देखेर हुँदैनन् तर कलाको माग गर्छन् । यस्तो किन ? यसको कारण यो होस् कि दुवै सुन्दर हुन्छन्, तर पनि साहित्यिक रचना र कलाकृतिहरूमा बिम्बित हुने जीवन अपेक्षाकृत उपल्लो श्रेणीमा रहन्छन् । साहित्यको तीव्र केन्द्रित र विशिष्टता आर्दशको नजिक हुन्छन् । त्यसैले साहित्यमा चित्रित हुने जीवन समाजको जीवनभन्दा उदार, विशिष्ट र आदर्शोन्मुख भएकाले साहित्यको आवश्यकता छ भन्ने पाइन्छ ।'

संसारलाई जान्नु र बदल्न खोज्ने प्रगतिवादीहरूलाई झन् कलाको आवश्यक भएको मान्दै प्रगतिवादीहरूले कलासाहित्यको ख्याल गर्दैनन् भन्नु एक आरोप मात्र हुन्छ । यसरी हेर्दा खेरी प्रगतिवादी साहित्यको छुट्टै सौन्दर्यात्मक विचार देखापर्छ ।[१०८]

## ४.५ मार्क्सवादी सौन्दर्य चिन्तनपरम्परा

प्रगतिवादी चिन्तन भनेको कलासाहित्यसम्बन्धी मार्क्सवादी साहित्य चिन्तन हो । मुख्यतया प्रगतिवादी साहित्यचिन्तनको मूल बाटो मार्क्स र एङ्गेल्सबाट आरम्भ भएको मानिन्छ ।[१०९] यस साहित्य चिन्तनका निर्माणका क्षेत्रमा मार्क्स एङ्गेल्सका तथ्यपूर्ण धारणा आउनु अगि दर्शन र साहित्यचिन्तनकै क्षेत्रमा समेत यथार्थवादी

---

१०७. ऐजन ।

१०८. देवीप्रसाद गौतम, पूर्ववत्, पृ. ५२ ।

१०९. ऐजन, पृ. ५३ ।

चिन्तनका बाटाहरूको निर्माण प्रयास भएका छन् ।[११०] जसबाट प्रगतिवादी साहित्यचिन्तनले तयार पारेको पृष्ठभूमि प्राप्त गरेको छ ।[१११] मार्क्सवादी दर्शनको स्थापनापछि कलासाहित्यमा अन्तर्सम्बन्धको स्वरूपबारे मार्क्स तथा एङ्गेल्सद्वारा लिखित **ए कन्ट्रिब्युसन टु दि क्रिटिक अफ पोल्टिकल इकोनोमी**को भूमिकाबाट प्राप्त हुन थाल्दछ । समाजको आर्थिक आधारको स्वरूपगत परिवर्तन हुने कुरा असम्भव प्रायः नै थियो । समाजको आर्थिक आधारको स्वरूपगत परिवर्तन भए पनि एक्कासि कलासाहित्यमा चिन्तनका क्षेत्रमा सोही गतिमा परिवर्तन भएपनि सोही गतिमा परिवर्तन हुनु सम्भव थिएन । जसबाट आर्थिक आाधारका ढाँचामा परिवर्तन भए पनि अधिरचनाको समग्र पक्षमा परिवर्तन नभए आर्थिक ढाँचाको परिवर्तन पनि दिगो नहुने र कलासाहित्यको प्रतिक्रिया आर्थिक ढाँचाको समेत समाजवादी निर्माणसँगै माओत्सेतुङ जस्ता मार्क्सवादी चिन्तकहरूले मार्क्सवादी दर्शनको अनुकूलमा प्रगतिवादी साहित्यको स्वरूप निर्धारण व्याख्याविवेचना गरेका छन् ।[११२]

प्रगतिवादी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा यथार्थ विरोधी नभई यथार्थलाई द्वन्द्वका सन्दर्भबाट हेर्न एक प्रकारको विशिष्ट साहित्य सिद्धान्त हो ।[११३] यही विशिष्ट साहित्य सिद्धान्त यथार्थवादको अग्रज तथा परिवर्तित रूप मानिन्छ । त्यसैले प्रगतिवादको पृष्ठभूमिको कुरा गर्दा स्वाभाविकरूपले यथार्थ चर्चा गर्नु सान्दर्भिक हुन्छ । मार्क्सको भौतिकवादको उन्नतिमा उनीहरूको योगदान मह□वपूर्ण रह्यो । प्रगतिवादको आरम्भपूर्व यथार्थवादको विकासमा यसको अहम् भूमिका रहेको पाइन्छ ।[११४]

यथार्थवादलाई नै प्रगतिवादको आधारभूमिका रूपमा लिइन्छ । यसले निश्चित सैद्धान्तिक आकारचाहिँ उन्नाइसौँ शताब्दीको अन्त्यतिर हासिल गरेको भए पनि भौतिकवादी चिन्तनको निर्माणपूर्व नै यसतर्फ अध्ययन मननको सुरुवात भएको थियो । प्राचीन ग्रिसेली विद्वान्हरूले 'डेमोक्रेटस' तथा एपिक्युरसका चिन्तनहरू तथा प्राचीन

११०. ताराकान्त पाण्डेय, पूर्ववत्, पृ. २७ ।
१११. ऐजन, पृ. २८ ।
११२. देवीप्रसाद गौतम पूर्ववत्, पृ. ५१ ।
११३. ऐजन, पृ. ५२ ।
११४. ऐजन, पृ. ३५ ।

पौरसत्य भोगवादी चार्वाक दर्शनका यथार्थवादको सुरुवात खोज्ने प्रयास पनि भएको पाइन्छ । तापनि यसले दर्शन तथा साहित्यका फाँटमा सत्रौं शताब्दीमा नै खास अस्तित्व प्राप्त गरेको देखिन्छ । अठारौं शताब्दीमा यथार्थवादी चिन्तनले नयाँ रूप लिएको मानिन्छ । अठारौं शताब्दीको यथार्थवादले व्यक्तिलाई सामाजिक परिवेशसँगै अगाडि बढाएर आत्मसात् गऱ्यो । फ्रान्सेली राज्यक्रान्तिले सामन्तवादलाई नष्ट गर्दै पुँजीवादले युग संरचनामा मात्र परिवर्तन ल्याएर कि नयाँ समाजका स्थापना गऱ्यो । राल्फ फक्सले यस शताब्दीका यथार्थवादीहरूले सामन्तवादी समाजका भ्रष्टपूर्ण आर्दशहरू र त्यसका पतनशील रूपको यथार्थ अविकसित भइरहेको नराम्रा चरित्रहरूको आलोचना र पर्दाफास गरेका छन् । अठारौं शताब्दीको यथार्थवादी सीमा भनेको त्यसले समाज र प्रकृतिबीचको द्वन्द्वपूर्ण अवस्थाको चित्रण गर्दै उन्नासौं शताब्दीमा मार्क्स र एङ्गेल्सका प्रयासबाट सम्भव भयो ।[११५]

उन्नाइसौं शताब्दी समग्र मानव मस्तिष्कको र सामर्थ्यको हिसाबले युगान्तकारी शताब्दी हो ।[११६] अठारौं शताब्दीमा अस्तित्ववान रहेको यथार्थवादले पूर्ण आकार र विकासको परिष्कृत रूपमा अगि बढ्यो । उन्नाइसौं शताब्दीको अन्त्यतिर विशेषतः मार्क्स एङ्गेल्सका द्वन्द्वात्मक भौतिकवादी दार्शनिक अवधारणाले र कलासाहित्यसम्बन्धी मान्यतासमेत अनुबन्धित भएर यथार्थवादक नयाँ प्रगतिवादका नामले चिनियो ।

मार्क्स एङ्गेल्सपूर्वका यथार्थवादी कलाचिन्तन परम्परामा उल्लेखनीय योगदान दिनेहरू चर्निसब्स्की, दोब्रोल्युबोब पनि हुन् । उनी भन्छन्– साहित्यको मुख्य कार्य जीवन प्रक्रियालाई स्पष्ट पार्नु हो ।' कलासाहित्यले मानवजीवनलाई सम्पन्न बनाउने लक्ष्यमा मानवजीवनको प्रभावकारी बिम्बन गर्दै जीवनप्रति विश्वास प्रकट गर्ने अवधारणा नै यस युगका यथार्थ मान्यता हुन् ।[११७] एङ्गेल्सका विचारमा हातखुट्टा टेकेर हिँडने कामबाट हात मुक्त भएपछि श्रमद्वारा नयाँ कामहरूतिर अनुकूलित हुँदै जाँदा शरीरका अङ्गहरूको विशेष रूपमा विकास भएको र हातहरू श्रमेन्द्रिय मात्र नभई श्रमका उपज हुन् ।

११५. ऐजन, पृ. ५५ ।
११६. ऐजन, पृ. ५७ ।
११७. ऐजन, पृ. ५८ ।

कलाको जन्म मान्छेको जन्मसँग भएको र प्राकृतिक वस्तुहरूलाई आफ्ना अधीनमा राखेर उसले जादूको काम गरेको सन्दर्भ फिसरले व्यक्त गरेका छन् । कडवेलले पनि समाजका सबै आवेगहरूका प्रत्यक्षरूपमा कलासाहित्य भएको र मानवजीवन र प्रकृतिका बीच अन्तहीन सङ्घर्षका क्रममा अन्तप्रेरणा र वातावरणका कारणले कलासाहित्यको यथार्थ अगि सारेका हुँदा उत्पत्तिलाई श्रमको प्रक्रियाबाट सुरु भई श्रममै आधारित रहेको छ भन्ने मान्यता प्रगतिवादमा पाइन्छ ।

### ४.५.१ कलासाहित्यको स्रोत र श्रमसम्बन्धी मान्यता

कलासाहित्यको उत्पत्तिको स्रोत श्रमको प्रक्रिया हो । कलासाहित्यको स्रोतका बारे माओ भन्छन- कला र साहित्यका निम्ति जनताको जीवन खुला भएर पनि सप्रमाण, समृद्ध र मौलिक कच्चा वस्तुको खानीका रूपमा रहेको यथार्थ कुरा माओसेतुङ्गले अगि सारेका छन् । यसरी कलासाहित्यको स्रोत मानिसका श्रमको प्रक्रिया, रूपान्तरण क्षमता, मानवजीवन र प्रकृतिका बीचको सङ्घर्षको तनाव, जनजीवन, जननिर्मित, जनभाषासँग सम्बन्धित रहेको देखापर्दछ । कला साहित्यको रचना श्रम र जनजीवनलाई गतिशीलता प्रदान गर्ने प्रगतिवादी दृष्टिकोण मानिन्छ । यसलाई वर्गीय लडाइँ लड्ने हतियारका रूपमा माओ र लेनिनले लिएका छन् ।[११८] यसरी कलासाहित्यलाई वर्गयुद्धका हतियारका रूपमा लिने कार्य देखिन्छ ।

### ४.५.२ कलासाहित्यको सौन्दर्यबोधसम्बन्धी मान्यता

कलासाहित्यको सौन्दर्यबोधसम्बन्धी मान्यतालाई हेर्दा मार्क्सोत्तर प्रगतिवादी, भाववादी, आदर्शवादी दार्शनिक चेतनाका विपरीत द्वन्द्वात्मक दृष्टिकोण पाइन्छ ।[११९] एङ्गेल्सको अवधारणाअन्तर्गत कलात्मक सौन्दर्यको आधारवस्तुगत जगत् हो र मानव श्रमको सवालमा विभिन्न वस्तुहरूबाट मान्छेका सौन्दर्यसम्बन्धी मान्यता क्रियाशील हुन्छ ।[१२०]

प्लेखानोभले समाजशास्त्रीय दृष्टिकोणबाट सौन्दर्यात्मक चेतनाको व्याख्या गरेको भेटिन्छ । उनले जटिल संबद्धता र उत्प्रेरक अभिवृद्धि गर्दै आएको छ भन्ने कुरा

---

११८. देवीप्रसाद गौतम, पूर्ववत, पृ. ५५ ।
११९. ऐजन, पृ. ५५ ।
१२०. ऐजन, पृ. ३१ ।

पुष्टि गरेको पाइन्छ । प्रगतिवादी विश्लेषकहरू सौन्दर्यसम्बन्धी धारणा पनि विकसित धारणा हो र मानव समाजको विकासक्रमअनुसार सौन्दर्यसम्बन्धी धारणा विकसित हुँदै जान्छ भन्ने मान्यता राख्छन् । कलासाहित्यको जन्म वर्गहीन, शोषणरहित साम्यवादी समाज व्यवस्था समाजमात्र रहन्छ र अस्तित्वमा आँउछ । यसले खुला बजार, खुला प्रतिस्पर्धा र मान्छेद्वारा मान्छेमाथि गरिने शोषणको विरोध गरेको छ । प्रगतिवादी विचारकका दृष्टिमा सौन्दर्यत□वको अक्षय स्रोत वस्तुजगत् हो र सौन्दर्यात्मक संवेदनाकै माध्यमबाट मान्छेले वस्तुजगत्लाई हेर्छन त्यसैले सौन्दर्यचेतनामा पनि बदलिने क्रम रहन्छ भन्ने विचार पाइन्छ ।[१२१]

### ४.५.३ कलासाहित्यको वर्गीयधारणाको मान्यता

प्रगतिवादले कलासाहित्यलाई विचारधाराका रूपमा हेर्दा वर्गसमाजमा कलासाहित्यको वर्गीय प्रयोजनको अवस्थालाई बोध गरेर नै समाजको जटिल अवस्थाको चित्रण गरेका छन् । प्रत्येक युगमा सत्ताधारी वर्गको विचार नै शक्तिशाली हुने विचार मार्क्स र एङ्गेल्सको रहेको छ । आजसम्मको इतिहासमा पनि वर्गसङ्घर्षको समाप्ति नभएकाले कलासाहित्यलाई पुँजीवादी समाजका विरुद्धमा लड्ने हतियारका रूपमा प्रयोग गरेको पाइन्छ ।[१२२]

लेनिनका दृष्टिमा वर्गीय साहित्य केवल समाजवादी वर्ग र समाजमा मात्र सम्भव हुन्छ भने स्वतन्त्र साहित्य र कलाको अस्तित्व हुन सक्दैन् ।[१२३] लेनिनले सर्वहाराको पक्षमा साहित्य यसकारण उदार हुन्छ भनेका छन् कि समाजवादी विचार र श्रमजीवीप्रतिको सहकार्यबाट यसले नयाँ स्वरूप प्राप्त गर्दछ वर्गीय समाजमा चेतना र व्यवहारका हरेक पक्ष र शाखा वर्ग सापेक्ष हुने गर्दछ भन्दै माओ भन्छन्– वर्गसमाजमा मानव स्वभावको रूप वर्गमूलक नै हुने गर्छ । वर्गभन्दा पर कुनै मानव स्वभावको निर्माण र विकास उसकै वर्गीय बनोटअनुसार हुन्छ भन्ने उनको धारणा रहेको छ । त्यसैले वर्गसमाजमा मानवस्वभाव र मानव आधार जस्ता कुरा स्पष्ट वर्गीय धरातलमा निर्मित हुने र निम्नवर्गीय हुन नसक्ने विचार पाइन्छ । कलासाहित्यको

---

१२१. ऐजन, पृ. ३२ ।

१२२. ताराकान्त पाण्डेय, पूर्ववत्, पृ. ३१ ।

१२३. ऐजन, पृ. ३२ ।

हिसाबमा हेर्दाखेरी वर्गीय साहित्य प्रगतिवादी साहित्यको एक मह□वपूर्ण शाखा रहेको भेटिन्छ ।

प्रगतिवादको सैद्धान्तिक धरातल मार्क्सवाद नै हो । मार्क्सवादी जीवनदृष्टिलाई हेर्ने हो भने द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादमा यसका संरचना पाइन्छन् । यस सैद्धान्तिक आधारमा प्रकृति र समाजको व्याख्या र विश्लेषण गर्दै मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई मुख्य सैद्धान्तिक आधार बनाएको छ । मार्क्सवादी चिन्तकहरूले दार्शनिक, आर्थिक तथा समाजवादी अवधारणाअनुरूप सैद्धान्तिक आधारभूमि तयार पारेका छन् । सामाजिक विकासमा क्रमिक परिवर्तनको फलस्वरूप पाइला चाल्दै गुणात्मक रूपान्तरणमार्फत समाजको आमूल परिवर्तन हुने उनीहरूको व्याख्या छ । वस्तुजगत्को परिवर्तनको क्रममा परिणात्मक समाजको विकास गर्दै समाजसम्न्धी विज्ञानका रूपमा समाजको विकासक्रमलाई प्रगतिवादको सैद्धान्तिक आधार मानेको पाइन्छ । साहित्यमा पनि यस चिन्तनको प्रभाव रहेको छ । साहित्यमा मार्क्सवादी चिन्तन मह□पूर्ण पक्ष हो । साहित्यले प्रगतिवादी चिन्तनमार्फत सामाजिक रूपान्तरणको प्रक्रियालाई अगि बढाउँदै समाजको आमूल परिवर्तन गर्नुपर्ने कुरामा जोड दिएको भेटिन्छ जसमा प्रगतिवादी सैद्धान्तिक पृष्ठभूमि र आधारले मार्क्सवादी दृष्टिकोणलाई आधार मान्दै द्वन्दात्मक भौतिकवादी विचारको रूपरेखा तयार पारेको छ ।

## ४.६ नेपाली कवितापरम्परामा प्रगतिवादी लेखन

नेपाली कविताको परम्परा दुई शताब्दी भन्दा लामो देखिन्छ । यो दुईसय वर्षको अवधिमा विभिन्न कविहरूले कलम चलाएको देखिन्छ । अठारौं शताब्दीको अन्त्य उन्नाइसौं शताब्दीको सुरुतिर नेपाल राज्यको एकीकरण अभियानसँगै नेपाली भाषामा पद्यसाहित्यको रचना प्रारम्भ भएको देखिन्छ । त्यस समयका कवि सुवानन्ददासले पृथ्वीनारायण शाहको वीरतामय कार्यको प्रशंसा गर्ने क्रममा वीररसले भरिपूर्ण भएको 'पृथ्वीनारायण' नामक शीर्षकको कविता रचना गरेका थिए । यो आजसम्मको कविताको इतिहासमा प्रमाणित पहिलो कविता मानिन्छ ।[१२४]

१२४. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौथो संस्करण (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. २६ ।

नेपाली कविताको आरम्भविन्दु वीर रसबाट सुरू भएको र वि.सं. १८७२ सम्म यसकै प्रभाव रहेको देखिन्छ । सुवानन्ददासपछि शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्याल जस्ता कविहरू यसै धाराका कवि हुन् । वि.सं.१८७२ को सुगौली सन्धिपछि नेपाल एकीकरणको दौरानमा रोकियो । अङ्ग्रेजसँगको युद्धमा हार भइसकेपछि पराजित नेपालले जुन सन्धि गर्नुपर्‍यो त्यसले वीर नेपालीहरूका विचारमा चोट पुग्न गयो । यसको ऐतिहासिक घटनाले तत्कालीन नेपाली जनमानसको हृदयमा पनि प्रभाव पार्‍यो जसबाट धार्मिक भावमार्फत देवताको स्तुतिगानले भरिएका कविताहरू रचना हुन थाले ।[१२५] वीरभावका कविताहरू रचिएका थिए । वि.सं. १८७२ देखिपछि नेपाली कवितामा दुई धारा देखापरे ती हुन्– रामभक्तिधारा र कृष्णभक्ति धारा । रामभक्तिधाराका प्रमुख कवि भानुभक्त देखिए भने वसन्त पाध्या लुइटेल तथा हीनव्याकरणी विद्यापति कृष्णभक्ति धाराका कवि हुन् । भक्तिभावका कविता वि. सं. १९३९ पूर्वसम्म लेखिएको पाइन्छ । वि.सं. १९४० देखि भने शृङ्गारिक धाराका कविताको लेखन सुरु भएको पाइन्छ ।

जोसमनी सन्त परम्पराको समय १९०८-१९४० सम्म मानिन्छ । जसलाई नेपाली कविताको क्षेत्रमा निर्गुण भक्तिधारालाई सन्तधारा पनि भनिन्छ । यस धाराका प्रायःजसो कविहरू जोसमनी सन्त भएकाले यसको नाम सन्तधारा रहेको जानकारी पाइन्छ । यसमा मुख्यतया समाजमा रहेका जातीय विभेद, अन्याय, अत्याचार, दुराचार र असतपक्षको विरोध गर्दै सतमार्गबाट, मानवतावादी भावनाको विकासमा जोड दिइएको देखिन्छ । यस धारामा कलम चलाउने सन्तहरूमा शशिधर अगमदिलदास, अखण्डदिलदास, ज्ञानदिलदास आदि पर्दछन् ।[१२६] यस धाराका कविले केही मात्रामा सामाजिक आलोचनाको लेखन अगि बढाएको पाइन्छ ।

मोतीराम भट्टको आगमनसँगै १९४१ देखि **सूक्तिसिन्धु**को प्रकाशन (१९७४) सम्म नेपाली कविताको शृङ्गारिक धारा मानिन्छ । अङ्ग्रेजसँगको शत्रुतापूर्ण व्यवहारमा समयानुकूल परिवर्तन हुँदै जादा मित्रतापूर्ण व्यवहारको सुरुवात हुन थालेपछि नेपाली कविताले पनि नयाँ मोड लिएको पाइन्छ । तत्कालीन शासकहरूको भोगविलास र ऐसआरामका साथ जीवनयापन गर्ने उद्देश्यमा शासकहरूले आफ्नो

१२५. ऐजन, पृ. २७ ।

१२६. जनकलाल शर्मा, **जोसमनी सन्त-परम्परा र साहित्य** (काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२०), पृ. ५६८ ।

मनोरञ्जनका निमित्त हिन्दी, उर्दू, फारसी, नाटकहरू भि▯याएको भेटिन्छ । युगीन संरचना र तत्कालीन परिवेशअनुरूप  मनोरञ्जनात्मक अवस्थाले गर्दा शृङ्गारिक कविताको सृजनातर्फ उन्मुख भएको नेपाली साहित्यले ठूलो फड्को मार्दै अगि बढेको अवस्था देखिन्छ । नेपालमा राणाहरूका दरबारीय संस्कृति भोगविलासी प्रवृत्तिप्रति र मनोरञ्जनतिर ढल्केका कारण सामाजिक स्थितिमा परिवर्तन आएको हुँदा कविताले पनि भक्तिधाराबाट शृङ्गारिक धारातर्फ प्रवेश गरेको देखिन्छ ।[१२७]

यस कालमा नै नेपाली गजल लेख्ने कार्यको थालनी भयो जसलाई डोऱ्याएर अगि बढाउने व्यक्ति मोतीराम भट्ट थिए । राणाहरूको विलासी युग भएकोले शृङ्गारिक धाराले फस्टाउने मौका प्राप्त गऱ्यो । यस धारालाई अगि बढाउने कविहरूमा मोतीराम, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, कृष्णप्रसाद रेग्मी, शुम्भप्रसाद ढुङ्गेल सोमनाथ सिग्देल आदि हुन् ।  वि.सं. १९७४ मा शृङ्गारिक धाराको अन्त्य हुन पुग्दछ । यसपछि आधुनिक कालको सुरुवात हुन थाल्दछ । यस धाराको सुरुवात गर्ने कविका रूपमा कवि शिरोमणि लेखनाथ पौड्याललाई लिन सकिन्छ ।

यस समयमा लेखनाथको **सूक्तिसिन्धु**भित्रको कविता ‘विरहणीका उपर सखीको प्रश्न’ देखि शृङ्गारिक युगप्रतिको विमुखता प्रकट हुँदै जान थालेको देखिन्छ । वि. सं. १९७३-७९ भित्रमा लेखिएका उनका अन्य काव्य कृति **ऋतुविचार**, **बुद्धिविनोद** तथा **सत्यकलि संवाद** आदि कविताद्वारा नेपाली कविताको माध्यमिक काललाई तोडदै आधुनिक नेपाली कविताको सुरुवातस्वरूप परिष्कारवादी धाराको प्रवर्धन भएको पाइन्छ ।[१२८] वि.सं.१९७३-७९ भित्र लेखनाथद्वारा प्रवर्द्धन गरिएको यस धारामा देखा पर्ने अन्य कविहरू धरणीधर कोइराला, महानन्द सापकोटा, सोमनाथ सिग्देल तथा माधवप्रसाद देवकोटा आदि हुन् । यसपछि वि.सं. १९९१ पछि **शारदा** पत्रिकाको प्रकाशनसँगै स्वच्छन्दतावादी धारा देखा पर्दछ । यस धारालाई अगि बढाउने मुख्य व्यक्ति वा प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा मानिन्छन् । यस धारालाई सबल तुल्याउने कविमा सिद्धिचरण श्रेष्ठ पनि एक  हुन् ।

---

१२७. खगेन्द्र लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०), पृ. १५९ ।

१२८. ताराराज पौडेल, पूर्ववत्, पृ. ३० ।

यसप्रकार के देखिन्छ भने सुवानन्द दासदेखि प्रारम्भ भएको नेपाली लोकलयात्मक अभिव्यक्तिले पछि अनेकौं सवाई, लहरी, र सेलो हुँदै अगि बढ्यो । महानन्दको **मनलहरी** र लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**मा परिपुष्ट हुँदै आएको झ्याउरे कविताले २००७ पछिको गद्यकविता युगजस्तो रहनु परेन । वि. सं.२००७ पछि सामाजिक थिचोमिचो र अन्यायका विरुद्धमा व्यङ्ग्य गर्दै गोपालप्रसाद रिमाल र भूपि शेरचनले कलम चलाए भने सामन्तवाद साम्राज्यवाद, सर्वहारावर्गका पक्षमा लेख्ने प्रगतिवादी कविहरूमा कृष्णचन्द्रसिंह प्रधान अग्रणी हुन् । यसै कालमा झ्याउरे लयका कविताले पनि देवीप्रसाद किसान, लक्ष्मण लोहनीबाट योगदान दिएको पाइन्छ । यही क्रममा नेपाली लोकलय वा झ्याउरे लयमा कवितालाई प्रभावकारी रूपमा अगि बढाउने कविका रूपमा कवि गोकुलप्रसाद जोशी देखा पर्दछन् । वि.सं. २००९ देखि नेपाली लोकलयात्मक कविताका क्षेत्रमा जोशी देखा पर्दछन् । उनको ९ वर्षको कवितायात्रामा सङ्ख्यात्मक र गुणात्मक दुवै पक्षबाट मह□वपूर्ण देखिन्छन् । नेपाली प्रगतिवादी कविताका क्षेत्रमा जोशीको आगमनले धेरै ठूलो टेवा पुगेको पाइन्छ । सामाजिक, राजनीतिक पृष्ठभूमि मह□वपूर्ण रूपमा आएका छन् ।[१२९] प्रगतिवादी नेपाली कविताले लामो चरणको यात्रा तय गरे पनि २००७ सालको राजनीतिक उथलपुथलसँगै यसको सुरुवात भएको मानिन्छ । यसको पृष्ठभूमि २००७ पूर्वको नेपाली समाजमा  व्याप्त सामाजिक राजनैतिक स्थिति नै प्रमुखरूपमा जिम्मेवार रहेको पाइन्छ ।

साहित्यमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण नै प्रगतिवाद हो । सामन्ती संस्कार, चरित्र, व्यवहारका विरुद्धमा सर्वहारावर्गले सङ्घर्ष गर्नु यसको मूल विशेषता हो । नेपालमा २००७ वरिपरिबाट प्रगतिवादी साहित्यिक धारा विकसित भएको देखिन्छ । २००७ देखि आफ्नो यात्रा सुरु गर्ने प्रगतिवादी नेपाली कविताले त्यस बेलाको अवस्था निरङ्कुशताका विरुद्धमा विभिन्न मोडहरू पार गरेको देखिन्छ । निरङ्कुश शासन व्यवस्थाका विरुद्धमा निषेधको कठोर युगलाई विरोध गर्दै राणाशासन र तीस वर्षे पञ्चायती निरङ्कुशताका विरुद्धमा अगि बढेको पाइन्छ । यसरी प्रगतिवादी

१२९. जगदीशचन्द्र भण्डारी, **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण** (काठमाडौं : मुन्नी भण्डारी, २०५५), पृ. २९ ।

धाराले कविताका क्षेत्रमा यो दशक अझै मह□वपूर्ण मानिएको छ । प्रगतिवादी नेपाली कविताले वस्तु र रूप दुवैमा उच्चता प्राप्त गरेको छ ।

यस क्रममा प्रगतिवादी कविताले फड्को मार्नुमा त्यसवेलाको नेपालको राष्ट्रिय राजनीति तथा सामाजिक अवस्थामा घट्न गएका विविध क्रान्तिकारी घटनाहरूको उत्पत्ति हुँदै नेपाली सामाजिक राजनीतिक अवस्थामा नेपाली साहित्यको निर्माण भएको छ । निर्माणपछिको सामाजिक तथा राजनीतिक अवस्था भनेको टुक्रे राज्यहरूको स्थानलाई एक ढिक्का भएर सामन्तवादी व्यवस्थाको समाजमा उत्पादन प्रक्रियामा र उत्पादन सम्बन्धी भूस्वामित्व, राजनीतिक प्रणाली सबैमा सामन्तवादी पृष्ठभूमिको बीजारोपण भएको छ ।[१३०] यस अवस्थामा सधैँ डर त्रासपूर्ण नेपालको परिवेश देखिन आँउछ । १८२६ देखि १९०३ सम्मको कुनै पनि शासन संस्कारमा नेपाली जनता सधैं पिल्सिएर रहनु पऱ्यो । सामन्ती शोषणमा चुर्लुम्म डुबेका, साम्राज्यवादीहरूको विस्तारवादी प्रवृत्तिले नेपाली जनता सम्पूर्ण अधिकारबाट वञ्चित र निरङ्कुशताको चरम सीमाले नेपाली प्रगतिवादी कविताको आरम्भ र विकासमा ठोस योगदान पुगेको छ । जसबाट जनतामा राजनीति सामाजिक चेतनाको विकास र विस्तार भएको हो ।[१३१]

१९९८ तिर 'गणतन्त्र नेपाल जिन्दावाद' भन्ने नारा दिदैं अखिल नेपाल वर्ग महासभा र त्यसका मातहातमा रक्तपात कमिटीको स्थापना भएको पाइन्छ । जसमा छिमेकी राष्ट्रको राजनीतिक गतिविधिले नेपाली राजनीतिमा प्रभाव पारेको पाइन्छ । भारतमा स्वतन्त्रता सङ्ग्रामले साम्यवादी आन्दोलनलाई आफ्नो प्रभाव नेपालमा समेत पऱ्यो भने २००८ सालदेखि नेपाली कविताको क्षेत्रमा एउटा पृथक् धाराका रूपमा प्रगतिवादी नेपाली कविताको विकास भएको पाइन्छ । २००८ मा 'भञ्याङनिर' कवितामार्फत प्रगतिवादी कविताको सुरूवातसँग मार्क्सवादी चेतनाको विकासबाट प्रगतिवादी धारा सबल र सक्रिय हुँदै गएको पाइन्छ । यस धारामा श्यामप्रसाद शर्माको 'सन्देश' (उदय २००२) र कृषिउदार (उदय २००३) हुन् भने २००९ मा 'भारती' पत्रिकामा प्रकाशित 'के फाइदा र' शीर्षक कविता पनि २००७ सालमै नख्खु जेलमा

---

१३०. ताराकान्त पाण्डेय, पूर्ववत्, पृ. १२२ ।
१३१. ऐजन पृ. १-३ ।

लेखिएको थियो ।[१३२] यस धारालाई अगि बढाउने प्रगतिवादी कविहरूमा कृष्णचन्द्रसिंह प्रधान, गोकुलप्रसाद जोशी, नेत्रलाल अभागी, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, देवीप्रसाद किसान, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, दुर्गालाल श्रेष्ठ, रामचन्द्र भट्टराई, दिल साहनी, जनकप्रसाद हुमागाई, आनन्ददेव भट्ट, राजीव, मेघनाथ मञ्जुल, विक्रम सुब्बा, विमल, निभा, रविलाल अधिकारी, भवानी घिमिरे, विष्णु प्रभात, खगेन्द्र सङ्ग्रौला, कृष्णसेन, इच्छुक, डी. कौडिन्य, सुकुम शर्मा आदि रहेका छन् ।[१३३]

नेपाली कवितामा वीरता, भक्ति, शृङ्गारिक, परिष्कारवादी र स्वच्छन्दतावादी प्रवृत्ति परम्परा र पृष्ठभूमिमा प्रगतिवादी कविता लेखनआरम्भ भएको हो । नेपाली प्रगतिवादी कविताको आरम्भमा यस दर्शन र चिन्तनमा आधारित कविता लेख्ने कविहरूमध्ये डी. कौडिन्य पनि एक हुन् ।

आफ्ना कवितामार्फत सामाजिक जागरण ल्याउन अग्रसर डी. कौडिन्यले अनेकौं समस्यासँग जुधेर पनि आफना कविता कृतिमार्फत समाजलाई सधैँ जनचेतना फैल्याउन  अगि बढेको पाइन्छ । उनले प्रगतिवादी कविताका दृष्टिकोणमा वर्गपक्ष र वर्गसङ्घर्षको आधारभूत कुरालाई रचना र व्यवहारमा नेपाली समाजको स्पष्ट चित्रण कोरेको पाइन्छ । प्रगतिवादी कविता लेखनको आरम्भका आधारस्तम्भका रूपमा डी. कौडिन्य अग्रणी कवि हुन् । कौडिन्यले शोषित, पीडित र श्रमिक वर्गका पक्षमा जीवनभर कलम चलाउँदै निरन्तर सङ्घर्ष र क्रान्तिका नाराहरू लिएर अगि बढेको देखिन्छ । नेपाली प्रगतिवादी कविताका फाँटमा साहित्यकार डी. कौडिन्यको योगदान सधैँ स्मरणीय रहनेछ ।

---

१३२. **प्रलेस** (काठमाडौँ वैशाख, २०५३), पृ. ४५ ।

१३३ . ऐजन पृ. ४६ ।

## पाँचौं परिच्छेद

# देवकुमार आचार्य (डी. कौडिन्य) का कृतिहरूको विश्लेषण

## ५.१ प्रकाशित कविताको विश्लेषण

### ५.१.१ पृष्ठभूमि

देवकुमार आचार्य (डी. कौडिन्य) नेपाली प्रगतिवादी साहित्यका क्षेत्रमा आदर गरिने नाम हो । उनका कविताकृतिहरूमा समाजमा रहेका शोषण, उत्पीडनमा केन्द्रित छन् । यस मानवजगत्मा टड्कारो रूपमा रहेको विद्यमान सामन्ती कुसंस्कारको भर्त्सना गरी ती कार्यको अन्त्य गर्दै समाजलाई अगि बढाउनु पर्ने कुरा व्यक्त भएका छन् । समाजमा रहेको अन्धविश्वास र कुरीतिको अन्त्य गर्दै समतामूलक समाजको निर्माणका पक्षमा कविले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । संसारमा फैलदैं गएको साम्राज्यवादी उपनिवेशबाद र हैकमवादी प्रवृतिको घोर बिरोध गर्दै समानता, स्वतन्त्रता, सार्वभौमिकता र आर्थिक विभेदको आमूल नष्ट गर्दै न्यायिक शासनव्यवस्थाको निर्माण गर्ने कार्य गरी डी. कौडिन्य असमान व्यवहार, समाजभित्रका कुसंस्कारको विरोध बुलन्द गरेरै बाँचे ।४ उनका रचनाले शोषित, श्रममा बाँच्नेहरू, निर्धा, निमुखा जनताका दुःख पीर व्यथालाई प्रस्तुत गर्दै मुक्तिको लागि अगि बढ्नुपर्ने प्रगतिवादी धारणा व्यक्त गरेका छन् । उनका कविता लेखनका मूल प्रकृतिहरू निम्नलिखित आधारमा हेर्न सकिन्छ ।

### ५.१.२ वर्गसङ्घर्ष

डी. कौडिन्यका कवितामा वर्गसङ्घर्षको स्पष्टता छ । शोषक वर्गका बिरुद्ध कडा सङ्घर्ष र समानतामूलक सामाज निर्माण गरी समाजलाई अगि बढाउनुपर्छ भन्ने कवि डी. कौडिन्यको आग्रह छ । कौडिन्य आफ्ना कवितामा नेपाली समाजमा देखिएका शोषण, दमन र विकृति विसङ्गतिका विरुद्धमा लेख्छन् । उनको 'उठौं जागौं' कविताको भावपक्ष ज्यादैं गहन छ । यो कवितामा कविले शोषण, पीडक वर्गहरूबाट मुक्ति पाउनका लागि सर्वहारावर्गहरूले सङ्घर्षको मैदानमा उत्रनुपर्ने, नेपाल विदेशीहरूको ऋणले गाँसिएको तथा यसमा विदेशी हस्तक्षेप बढ्नसक्ने कुराको विरुद्धमा जुट्नुपर्ने आग्रह छ । उनले निरङ्कुशता र सामन्तवाद प्रति आक्रोस व्यक्त गर्न पुगेको पाइन्छ ।

कवितामा कविले नेपालमा देखिएको विकृत राजनीति पैसाको खेल धनको तुजुक देखाएर हत्या हिंसा गरेर देशलाई अधोगति तर्फ लागेकोमा चिन्ता व्यक्त गरेका छन्–

*पैसा धम्की धन तुजुकको खेल औधि जमाए*

*हत्या हिंसा दमन नीतिले देशलाई रुवाए*

जस्ता उद्‌गारबाट कविले देशमा रहेको विकृति राजनीति एवम् विकृतिको उछित्तो काडिएको छ । नेपालमा रहेको कुशासनको अन्त्य गरी सशासन ल्याउनुपर्छ भन्ने उद्‌घोष कवितामा पाइन्छ ।

कवितामा कविले वर्गसङ्घर्षका स्पष्ट आधार तयार गर्दै ग्रामीण जीवन कष्टपूर्ण भएको बताएका छन् । तिनीहरूका जीवनमा अनेकौं समस्या अन्याय र अत्याचार आइपरेपछि दृढताका साथ अगि बढ्नुपर्ने कुरको चित्रण गर्दै कवि भन्छन्–

*तेस्रो दर्जा गरिबहरूको लाम भित्रै परेको*

*दुब्लो चर्को ऋण छ गहिरो देश हाम्रो गिरेको ।*

समाजमा रहेका अनेकौं अवरोधलाई चिर्दै मानवीय स्तम्भको निर्माण गर्ने प्रगतिवादी विचार राख्दै कवि डी. कौडिन्य भन्छन्– समाजमा पुराना विचार र परम्परा रहुन्जेलसम्म नेपाली जनताको भविष्य अन्धकारमय हुनेछ । माथिल्लो वर्गले सधैं तल्लो वर्गका मानिसलाई हरेक क्षेत्रमा राज्यबाट प्राप्त हुने सुखसुविधाबाट वञ्चित गराउँदै समाजलाई सधैँ आफ्नो मुठीमा पारी जनताको हकअधिकार आफ्नो पञ्जामा पार्ने प्रवृतिको विरुद्धमा कविले सशक्त भएर शासनविरुद्ध एकजुट हुन सबैलाई आह्वान गर्दै लेखेका छन्–

*धर्तीका ए सबलजनको देश बोक्नै गुहार*

*समन्तीका दलसित लड्न जागौं*

उनका रचनाहरूले गरिबीको बयान गर्दै विद्रोह बोल्छ, सामन्ती अभिजात वर्गलाई लात मारेर श्रमजीवीको सुनौलो संसार निर्माण गर्छ ।

वर्गसङ्घर्षबाट समाजको आमूक परिवर्तन गरी मम्पूर्ण समाजवादी शासन व्यवस्था स्थापना गर्न सकिने विचार कविको रहेको पाइन्छ । उनले वर्गसङ्घर्षको जोडदार उठान गर्दै समाजलाई अग्रगामी रूपमा परिवर्तन गर्न सकिने कुरा यी माथिका कवितामा स्पष्ट पारेका छन् । प्रगतिवादी र जनपक्षीय विचारबाट मात्र

समाजले आफ्नो स्वरूप फेर्न सक्ने अवस्था कविका कवितामा प्रस्तुत छ । कवि वर्गसङ्घर्ष नै समाज परिवर्तनको अधार हो भन्छन् ।

कवितामा स्पष्ट प्रगतिवादी धारण राख्दै जनताका साझा समस्यालाई मध्यनजर गर्दै जनताको भलाइका निमित्त सधैँ लागिपर्ने कुरा व्यक्त गरेको पइन्छ । वर्ग चेतनाबाट प्रेरित हुँदै स्वधीनता, समानता र समाजवादी समतामूलक समाजको स्थापनाका लागि कौडिन्यले वर्गसङ्घर्षका लागि अगि बढ्नलाई आह्वान गरेका छन् । उनका कविता सरल तथा सरस भाषाको प्रयोगले सम्प्रेषणीय बनेका छन् ।

### ५.१.३ **नारीसमस्याको चित्रण**

नारीहरूलाई सम्मानित दृष्टिले हेर्नुपर्ने अवस्थामा उनीहरूप्रति समाजले गर्ने दुर्व्यवहार र समस्याप्रति गहिरो चासो र सहानुभुति राख्दै नारी हकहित र अधिकारको लागि लड्नैपर्ने अभिव्यक्ति यिनका कवितामा पाइन्छ । नारीहरू परम्परागत र सामाजिक, धार्मिक, लैङ्गिक तथा जातीय अवहेलनाको पात्र बन्दै असहज अवस्थाको सिकार बन्दै समाजबाट अपहेलनको जीवन बिताउन बाध्य भएका छन् । नारी समस्याको स्पष्ट खाका तयार गर्छन् । नारी आमा छोरी बुहारीका रूपमा पीडा दुःख हटाउन कविले समाजलाई इङ्गित नर्दै कवितामा व्यक्त गरेका छन् ।

*नारी होइन तुच्छ दान अरूको रछ्यानमा नाचने*
*नारी होइन धर्ती मात्र अरूको सृष्टिकाल थामने*
*नारी होइन है लता लहरिने इच्छा अरूको बनी*
*नारी होइन है सदा धरतिकी निस्सारताकी धनी ।*

समाजका लागि नारीको स्थिति र स्तर समान हुनुपर्ने समाजमा सम्मानित भएर बाँच्न पउनुपर्ने कुरालाई कौडिन्यले अगि बढाउँदै नारी समाजका लागि एउटा आधार हो, जुन आधार नभई कुनै पनि क्रान्तिको अर्थ रहँदैन । नारीका समस्या, नारीमुक्तिको प्रसङ्ग कोट्याउदै नारीहरूका समस्या र सन्दर्भतिर नारीहरूले भोग्नु परिरहेको प्रगतिवादी यथार्थ प्रस्तुत गर्दै कवि भन्छन्–

*पीडा क्रन्दन भित्र तिनले बस्ना बनी हाँस्नु रे*
*इच्छा माफिक माल रे पुरुषको चुस्कि बनी बाँच्नु रे*
*सामन्ति अभिशाप शोषण काला सञ्जाल चिन्नै पऱ्यो*
*पाखण्डीहरूका अब लौ कुल्चेर उठनै पऱ्यो ।*

सामाजिक र वर्गीय उत्पीडनले गर्दा वर्गीय चेतना मार्फत नारी समस्यालाई उजागर गरेका छन् । जसमा प्रगतिवादी विचारको स्पष्ट चित्रण पाइन्छ । सरल भाषाको प्रयोग पाइन्छ ।

### ५.१.४ निष्कर्ष

नेपाली प्रगतिवादी सहित्यका क्षेत्रमा डी. कौडिन्य एक महत्वपूर्ण नक्षत्रका रूपमा रहेका छन् । आफ्नो छोटो जीवनमा कौडिन्यले युगौंदेखि अज्ञान र अन्धविश्वासको रापमा पिल्सिएर बाँचेका नेपाली जनमानसलाई शोषण कुरीति, अन्याय, अत्याचारका विरुद्ध लड्न आव्हान गरेको देखिन्छ । उनका प्रगतिवादी रचनामा वर्तमानप्रति असन्तोष र भविष्यप्रति आस्था व्यक्त भएको पाइन्छ । स्वतन्त्रताप्रतिको चाहना देवकुमारका कवितामा पाइने अर्को प्रमुख विशेषता हो । साहित्यकारले जनताको भाषा मात्र होइन, जनताको लय अर्थात लोकलयको पनि प्रयोग गरेका छन् । डी. कौडिन्यका कवितामा सर्वहारा वर्गको मुक्तिको स्पष्ट आवाज छ । सर्वहारावादी मानवताको उद्घोष गर्दै अन्धविश्वास, पाखण्ड र भाग्यवादको तीव्र विरोध गर्दै स्वच्छ, स्वस्थ्य र सुन्दर समाज निर्माणको लागि जुट्न आव्हान गरेको पाइन्छ । प्रगतिवादी विचारको उद्घोष गर्दै शोषित पीडित जनताको मुक्तिका लागि आव्हान गरेका छन् । कौडिन्यजस्तै दुःखकष्टमा निर्भीकतापूर्वक जुधेर साहित्य सृजनामा लागिरहे । उनले सधैं भोका, नाङ्गा, अभावग्रस्त जनजीवनका पक्षमा प्रगतिवादी कविता लेखेको भेटिन्छ । उनले जनताका वास्तविक यथार्थलाई साहित्यमा उतारेका छन् । डी. कौडिन्यले शोषण, अन्याय, अत्याचार, साम्राज्यावाद र उपनिवेशवादको घोर विरोध गरेको पाइन्छ । डी. कौडिन्यले सधैं सामाजिक परिवर्तन र सबै जनताले गाँस, बास र कपासको व्यवस्था मिलोस भन्ने इच्छा व्यक्त गरेका छन् । युगौंदेखि उत्पीडित नेपाली जनमानसले अपेक्षा गरेको समतामूलक सामाजिक व्यवस्थाको निर्माण नभएकाले शासकवर्गको आलोचना गर्दै डी. कौडिन्यले प्रभुत्ववादी, साम्राज्यवादी र विस्तारवादी शक्ति सामु झुल्दै आन्दोलित जनसमूहमाथि दमन गर्दै रहेको यथार्थलाई आफ्ना साहित्यिक लेखनको मूल प्रगतिवादी विषयसस्तु बनाएका देखिन्छन् । उनले प्रगतिवादी कवितामार्फत शोषित पीडित सर्वहारा वर्गप्रति आफ्नो समर्थन रहेको कुरा स्पष्टरूपमा व्यक्त गरेको । डी. कौडिन्यले भाषा छन्द र शैलीको पछि लाग्नु भन्दा आफ्नो भावना र

विचारलाई नै बढी पछ्याएको पाइन्छ । यसरी देवकुमार आचार्य (डी. कौडिन्य) समग्र प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा युगचेतनाको प्रतिनिधित्व गर्ने अग्रगामी साहित्यकारका रूपमा देखा पर्दछन् ।

## ५.२ अप्रकाशित कविताहरूको विश्लेषण

### ५.२.१ पृष्ठभूमि

देवकुमार आचार्य (डी. कौडिन्य) नेपाली प्रगतिवादी साहित्यका एक होनहार प्रतिभा हुन् । नेपालको राजनीतिक क्षेत्रलाई मात्र नभई समाजलाई पनि सचेतना मार्फत सम्पूर्ण नेपालीको आमुल परिवर्तनका क्षेत्रका कलम चलाउने सशक्त प्रतिभा हुन् । उनले वि. सं. २०३५ देखि २०५९ सम्मको सहित्यिक यात्रामा धेरै कृतिहरू रचना गरे पनि हालसम्म निम्नलिखित अप्रकाशित कृतिहरू पनि फेला परेका छन् । ती कविताहरूका सहिद (२०४७), दुई टुक्रा (२०४७), कन्टेनर (२०४८), आफैँ प्रियलाई सम्झँदा (२०४८), गधा हुँ (२०५०), सुखानी (२०५४), बस्ती (२०५५), यमुना ( २०५४), जस्ता शीर्षकहरूका फुटकर कविताहरू रहेका छन् । उनका कविताकृतिहरूमा नेपाली जनजीवनमा व्याप्त कुसंस्कार, विसङ्गति, विकृति, उत्पीडन आदिलाई यथार्थका प्रस्तुत गरेका छन् । कवि डी. कौडिन्यका कवितामा तत्कालीन समाजमा विद्यमान परिस्थितिको मुकाविला गर्दै अगि बढे भविष्य राम्रो हुने गर्दै समतामूलक समाजमा निर्माण र संसारमा परिवर्तनको खाँचो औल्याएका छन् ।

### ५.२.२ **सहिद** (२०४७)

यस कवितामा कविले प्रजातन्त्रका लागि प्राण अप्रण गरेर बलिदान गर्ने बीर सहिदहरूलाई सम्झँदै उनीहरूले देखाएका बाटामा हिँडदै देशको निर्माण गरी यहाँ रहेका सामन्ती संस्कार र सर्वहारावर्गको लागि धेरै बाँकी रहेका कुरा कविले उठाएका छन् । सबैको लागि स्वतन्त्रता बिर्सेर यहाँका सामन्तीवर्गले निम्न वर्गमाथि थिचोमिचो गर्ने विसङ्गतिपूर्ण अवस्थाको चित्रण कवितामा गरिएको छ । कविको सारा आस्थाको धरोहर  नै सहिदहरू हुन् । उनीहरूलाईजस्तो व्यवहार गरेपनि उनीहरूको उचाइ र महानता कहिल्यै नघट्ने विचार व्यक्त गर्दै सहिद सपनाको सुन्दर मुहार भएको विाचार व्यक्त गर्छन्–

*सहिद !*
*सुन्दर फूलको नाम हो,*
*जसलाई हाँगाबाट झारे पनि*
*निर्भय मुस्कुराउँछ चुमुर धर्तीको माटा !*
*सहिद !*
*आस्थाको अग्लो हिमाल हो,*
*जसलाई निर्लज्ज कुल्चे पनि*
*निस्फिकी सहन सक्छ जीवनको बाटो !*
*सहिद !*
*मेरो पथ प्रदर्शक भएर आएको छ*
*वर्तमानले चिले पनि*
*उसको समर्पणले ज्युँदो पएको छु*
*खुला आकाश र धर्ती फाँट पाएको छु ।*

यसप्रकार कविले आफ्ना युगको स्पष्ट प्रतिछायामा समाजलाई चित्रण गरेका छन् । सहिदको सपनालई पूरा गर्न चाहने कवि त्यस्तो विसङ्गतिको अन्त्य गर्नुपर्ने मुख्य विषय बनाइएको छ । सहिद कविको र सिङ्गो मानवजातिको पथप्रदर्शक भएर आएको कुरा व्यक्त गर्दछन् । यस कवितामा सरल भाषाशैलीको प्रयोग र अग्रगामी चिन्तन पाइन्छ ।

### ५.२.३ **दुई टुक्रा** (२०४७)

प्रस्तुत कवितामा कविको निराशा र आक्रोश एकै साथ व्यक्त भएको पाइन्छ । महान् सङ्ग्राममा लडेका योद्धाहरू र उनका परिवार उपेक्षित बन्नुपरेको कटु यथार्थ कवितामा व्यक्त गरिएको छ । कवितामा मार्क्सवादी चिन्तनको प्रत्यक्ष प्रभाव परेको पइन्छ । कविले प्रगतिवादी विचारलाई प्रस्तुत गर्दै संसारमा रहेका सम्पूर्ण किसान, मजदुर, शोषित, पीडित, सर्वहारावर्ग जुटेर सामन्ती सत्तालाई खत्तम पारौँ भन्दै कवि मानव समाजको निमार्ण गर्दै अगि बढौँ भन्छन् । कवि जनताका आकाङ्क्षाविपरीत चल्ने स्वार्थी र भ्रष्ट नेताहरूलाई खबरदारी गर्दै कवितामार्फत सजग गराउँछन्–

(**क**)
*खै के पाएँ मैले ?*
*निवोध हावामा कावा खाने झण्डा बाहेक !*

*शब्दहरू बाँधेर*
*कता घिसारिरहेछ मेरो वर्तमान !*
*कसलाई सोध्नु*
*मैले बगाएको रगत र जीवनको लागि थियो*
*मैले बगाएको पसिना त सृजनाका लागि थियो ।*

(ग)

*ए घोडाचढीहरू*
*तिम्रा आँखाहरू माथिमाथि नाँच्दै होलान्*
*भावनामा प्रवाहमा कता कता बग्दै हालन्*
*तर तिम्रै घोडालाई निहालेका छौ ?*
*उ त न्यानो तवेला र दानाको खोजमा छ*
*उ त बाँच्नकै लागि ज्यूँदै मरिरहेछ !*
*कृपया उसको आकांक्षा र आवश्यकताहबरु बुझिदिनुपर्छ*
*पहाड चड्न अघि निहुरेर हेर्न जान्नु पर्छ ।*

कवितामा शोषण प्रवृतिको विरोध गर्दै कविले कलागत स्पष्टताका साथ प्रगतिवादी विचार प्रस्तुत गरेका छन । कवितामा जनता र कार्यकर्तालाई घोडा बनाएर सधैं दलिरहने उनीहरूलाई कहिल्यै सेवासुबिधा नदिने नेतृत्व तहमा रहेको भ्रष्ट र तस्कर नेताहरूप्रति कविको तिब्र आक्रोश व्यक्त भएको छ । कवितामा मुख्य विषय छ भने अभिव्यक्तिगत स्पष्टता र कलागत पूर्णता कवितामा पाइन्छ ।

### ५.२.४ **कन्टेनर** (२०४८)

यस कवितामा कविले व्यङ्ग्यात्मकता संकेतात्मकताको प्रचुर प्रयोग गरेका छन् । यस कवितामा नेपाली समाजको तल्लास्तरको जीवन बिताउने निम्न वर्गप्रति सङ्केत गरिएको छ । जतिसुकै पीडाको बोझ कोचिए पनि थामिरहने, निर्जीव कन्टेनरजस्तो बनेर रहिरहने निमुखा नेपाली जनतालाई नेपालका फटाहा नेताहरूले सधैं कन्टेनरको रूपमा प्रयोग गरेको कविको तीव्र आक्रोश र व्यङ्ग्य प्रकट भएको छ । कविले जीवनलाई निमुखा सर्वहारा वर्गका लागि सधैं सङ्घर्षमा बाँच्नुपरेको बाध्यताको झलक छ । नेपाली जनताले भोग्नुपरेको आर्थिक दुरावस्थाको प्रतिछायामार्फत

जीवनभरि कन्टेनरजस्तो निरीह बनेर भारी बोक्ने र जोतिनेपेलिने गर्दै जीवन निर्वाह गर्ने मानिसको पनि चित्रण गरेको पाइन्छ–

*सडक पेटीमा,*
*बसपार्क वा कुनै चोकको किनारमा*
*कहीँ पनि उभिएको किन नहोस् !*
*आखिर उ कन्टेनर हो*
*इतिहाँसको फोहोर थाप्ने निर्जीव कन्टेनर ।*
*बोल्दैन,*
*पीडा या खुशी के अनुभुत गरिरहेछ*
*फोहोर मलाई छातीमा टाँगेर*
*कुन्नी किन हो आकाश नापिरहेछ,*
*आँटी नआँटी कोचिएका इतिहाँसको फोहोर फाल्न*
*म भन्न सक्तिन,*
*सायद उ प्रलयकारी आँधी  निम्त्याईरहेछ ।*

कविले यस कवितामा कन्टेनर भनेर साह्रै नै नेपालीको सहनशीलतालाई पनि देखाउन खोजेका छन् । सहनशीलताको बाँध टुट्यो भने उसले सायद प्रलयकारी आँधी निम्त्याउने कुरा कवितामा व्यक्त गरिएको छ ।

### ५.२.५ आफैँ प्रियलाई सम्झँदा (२०४८)

यस कवितामा कविले सम्झनाका तरङ्गहरूमा तरङ्गित हुँदा भावनाको गहिराइमा डुबुल्की मार्न पुगेका छन् । कविले कवितामा नारी हुनुको अर्थ अर्काको निम्ति बाँचिदिनु होइन, आफ्नो पनि अलिकति इच्छा, चाहना र आकाङ्क्षा त हुनुपर्छ, ओठहरू खोलेर आफ्ना दमित विचार अभिव्यक्त गर्नुपर्छ भन्ने सन्देशमूलक भाव व्यक्त गरेका छन् ।

*नारी हुनुको अर्थ आर्काका लागि बाँचिदिनु होइन*
*आफ्नो पनि अलिकति आकांक्ष त हुनु पर्छ*
*आँखाबाट आफ्नै निम्ति पनि अलिकति आँसु त बगाउँनु पर्छ*
*ओठहरू खोलेर आफ्नै जिन्दगीको गीत गाऊ प्रिया !*
*कहिले काहि तिमीलाई मात्रै हाइन मलाई पनि पिउ*
*नमरी लानु के छ र ?*

*प्रिय !*

यस कवितामा नारी स्वतन्त्रताको आवाज उठाइएको छ । नारीहरूको पछ्यौटेपनले नारीहरू आफैँ पछि परेका छन् । त्यसकारण कवि नारीहरू सचेत भएर जाग्नुपर्ने, लाग्नुपर्ने सन्देश कवितामा व्यक्त गर्न पुग्छन् । कवितामा नारी कसैको पत्नीमात्र होइन सामाजिक कार्यकर्ता पनि हो भन्ने भाव व्यक्त भएको छ ।

**५.२.६ म गधा हुँ** (२०५०)

यो कविता तीव्र व्यङ्ग्य र आक्रोशले भरिएको कविता हो । लक्ष्मीप्रसाद देवकोटाको प्रभुजी मलाई भेडो बनाऊ ! कविता र गधा बुद्धिमान कि गुरु निबन्धसँग सामिप्य राख्ने यो कवितामा अधिक व्यङ्ग्य पाइन्छ । कवितामा तल्लो वर्गमाथि माथिल्लो वर्गले गर्ने अन्याय, अत्याचार, शोषण र सामन्ती, कुसंस्कारका बीचमा बाँच्नुपर्ने माथिल्लो वर्गले गर्ने शोषणका विरुद्ध चेतनाको आह्वान गर्दै शोषक सामन्तहरूको शोषकीय परम्परालाई अन्त्य गर्नुपर्ने विचार कवितामा आएको छ । सधैँ निरीह गधा बनेर कुटाइपिटाइ सहँदै दलिएर बाँच्नुपर्ने विडम्बनाप्रति आक्रोश पोख्दै कवि भन्छन्–

*मान्छे !*
*म गधा हूँ*
*निकृष्ट र तुच्छ गधा !*
*विना प्रतिवाद तिम्रा सोडकाहरू खप्न सक्छु*
*नीला डाम बोकेर कस्तै अक्करमा पनि हिडन सक्छु*
*मान्छे !*
*त्यसैले म गधा हुँ*
*निकृष्ट र तुच्छ गधा ।*

यसरी कवितामा शोषणका विरुद्ध गोलबन्द हुँदै आफूलाई गधा बनाएर मोज लुट्ने प्रवृत्तिप्रति सचेतनाको दियो बाल्दै सर्वहारावर्गको जागृतिको पूर्वसङ्केत दिने आभाष गरेका छन् । निम्न वर्गमाथि उच्च वर्गले र कार्यकर्तामाथि नेताले गर्ने निकृष्ट र हेपाहा दलाहा प्रवृत्तिप्रति कविको आक्रोश पोखिएको छ । सरल भाषाशैलीमा कविता प्रस्तुत गर्दै प्रगतिवादी चिन्तनको प्रस्तुति मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

### ५.२.७ **सुखानी** (२०५४)

यो कविता अन्य कविताको दाँजोमा सानो आकारको छ । यस कवितामा स्वतन्त्र विचारको अभिव्यक्ति नवीन युग र सोचप्रति अग्रसर रहने पर्ने धारणा व्यक्त छ । कविले प्राकृतिक विषयमा राजनीति मिसाएर कविता रोचक बनाएका छन् । कवितामा २०२९ सालद फागुन २१ गते सुखानीमा सहिद भएका महान् पाँच योद्धाहरूको जीवनगाथासँग गासिएको छ सुखानी खोला । कविले अन्याय, अत्याचार र शोषणको अन्त्यको साथै सुखानीले सिर्जनाको सुरिलो गीत घन्काउँदै आन्दोलित हुँदै अघि बढेको कुरा कवितामा व्यक्त गरिएको छ–

*सुखानी*
*एउटा सानो खोलाको नाम हो ।*
*सधैंको सुख्खा र सेतो*
*जीवनहीन मात्रै बगरको नाम हो ।*
*नपत्याउने सधैंको सुख्खा र सेतो*
*तर पाशिवकताको पराकष्टमा उर्लने*
*कहिल्यै ननिभ्ने आगोको मुस्लो हो– सुखानी ।*
*कारोडौँ सपनाको बिउ समेटेर*
*नयाँ युगको आकांक्षा उमार्दै*
*आन्दोलित छ सुखानी ।*

या कविता कविले असन्तुष्टि, छटपटि आक्रोश र अन्यायको बिरुद्धमा पूर्वी नेपालको सुखानीको रगतले नेपालको कारोडौँ सपनाको बिजरोपण गर्दै नवीन युगको आराम्भ गरेको विचार यस कवितामा व्यक्त गरेका छन् । यस कवितामा कविले पहाडको कन्दराबाट बग्दै सुखानीले आन्दोलनको संवाहक बनेर सुखद सुन्दर देश निर्माण गर्न कोशेढुङ्गाको भूमिकाको रूपमा सुखानी सुरिलो आवाज गुञ्जिएको विचार व्यक्त गरेका छन् ।

### ५.२.८ **यमुना** (२०५४)

यो कविता कविले जीवनसङ्गीनीको नाम शीर्षक दिएर लेखेका छन् । आफ्नी जीवनसङ्गीनीलाई पवित्र यमुना नदीसँग तुलना गरेका छन् । सन्देशमूलक यस कवितामा आत्मा सम्मानको भाव समेटिएको छ । यस कवितामा कविले नारी

भोग्यमात्र नभएर परिवर्तनको संवाहक भएको विचार व्यक्त गरेका छन् । यो भावनाको गहिराइमा डुबुल्की मार्दै प्रकृतिलाई मानवीकरण र मानवलाई प्रकृतिकरण गरिएको अत्यन्तै प्रभावपरक र गहन कविता हो–

*यमुना !*
*यौटा नदीको नाम हो*
*कञ्चन र पवित्र नदीको नाम !*
*निरन्तर प्रवाहित नदी–*
*अथाहा गहिरो स्नेहको अनुभुत गरिरहेछु*
*एकदै चिसो र कञ्चन स्पर्श !*
*तिम्र रोमाञ्चित स्पर्शले आल्हादित छु*
*संम्झनाका तरंगहरूमा तिमीसँगै आत्मासाथ भएको छु ।*
*संझैताले आवद्ध हामी–*
*कस्तो बिडम्बना !*
*म तोडिरहेछु हर अक्षरहरूलाई*
*तिमी समेटिरहेछौ हर विश्रृंखलाहरूलाई*
*नारी भोग्य मात्र त होइन !*
*संम्झनाको तरंगवृत्तमा म अनुभुत गर्दैछु ।*

नेपाली समाजको नारी र पुरुषबीचको असमानताको अन्त्य गरिनुपर्ने, नारीलाई भोग्य र दासी बनाउने समाजको अन्त्य गर्नुपर्ने र नारी र पुरुषले अपमानित भएर होइन सम्मानित भएर बाँच्नुपर्ने, श्रीमान्-श्रीमती एउटै रथका दुई पाङ्ग्रा भएका हुँदा उच्च समझदारी र सुखदुःखमा साथ दिनुपर्ने र कविले अत्यन्त ठूलो साथ पाएको भावका साथ आफ्नी जीवनसङ्गीनीको उच्च मूल्याङ्कन कवितामार्फत गर्न पुगेका छन् । सरल भाषाशैली र प्रगतिवादी चिन्तन कवितामा प्रस्तुत गरिएको छ ।

**५.२.९ बस्ती** (२०५५)

गद्यलयमा लेखिएको यस कवितामा नेपाली समाजको तल्लास्तरको जीवन बिताउने बस्तीको जनजीवनको यथार्थ चित्रण पाइन्छ । यस कवितामा जीवनलाई निमुखा, सर्वहारा वर्गका लागि सधैँ सङ्घर्षमा बाँच्नुपरेको बाध्यताको झलक छ । नेपाली जनताले भोग्नुपरेका आर्थिक दुरावस्थाको प्रतिछापमार्फत जीवनभरि पसिना

बगाउँदा पनि अभावमा गुज्रेको जीवन निर्वाह गर्ने मानिसको चित्रण कवितमा गरिएको छ–

*म बस्तीमा छु ।*
*बस्ती, अलिकति संदह !*
*बिरोध र बिभाजन भित्र छ*
*आकांक्षा र उत्तेजना !*
*अलिकति रामाञ्चित छ ।*
*समयसँग साइनो गाँस्दैन*
*सरक र स्वभाविक प्रवाह !*
*बस्ती अलिकति लोसेलोसे छ ।*
*संसार जहाँसुकै होस्*
*उसको संभावना असिमित छैन*
*खेतको स्लेटमा पसिनाको अक्षर रोपेर*
*अभावको अंगालोमा बाँच्न जानेको छ ।*

बस्तीको जीवनसँग आफ्नो जीवनलाई दाँजेर उनीहरूले भोग्नुपरेको पीडा र उनीहरूको पछौटेपनबाट जीवनलाई आमूल परिवर्तन हुनुपर्ने कुरा प्रस्ट पारिएको छ । उनले कवितामा बस्तीका मान्छेले भोग्नु परेको भयभीत जीवन, अभाव, पराजित र सधैँ उपेक्षित बन्नु परेको यथार्थ प्रकट गरेका छन् । वर्णनात्मक शैलीको प्रयोग गर्दै गद्यलयको प्रयोगमार्फत सरल भाषाको प्रयोग भएको यस कवितामा यथार्थको चित्रण गरिएको छ ।

## ५.३ डी. कौडिन्यका निबन्धको विश्लेषण

### ५.३.१ हुरीको गीत निबन्ध

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको अन्त्य मध्यान्ततिरदेखि नेपाली निबन्धजगत्मा उदाएका चम्किला नक्षत्र हुन्– निबन्धकार डी. कौडिन्य । असली नाम देवकुमार  आचार्य भए पनि साहित्यिक नाम डी. कौडिन्य रहेको उनको जन्म वि. सं. २०१९ असोज १० गते सिक्किममा भएको हो । औपचारिक शिक्ष स्नतकोत्तर सम्म भएका उनको साहित्यमा निकै निखार पाइन्छ । डी. कौडिन्य कवि, लेखक र निबन्धकारका रूपमा सुपरिचित छन् । निबन्धकार डी. कौडिन्यका 'हुरीका गीत' (

२०४५), 'मृत्युञ्जयी आगोका लप्काहरू !' (२०५१), नेपाली कम्युनिष्ट आन्दोलनको एउटा फिलुङ्गो कृष्णप्रसाद सेडाई !' (२०५१) र 'आस्थाको सगरमाथालाई लाल सालाम' (२०५१) गरी जम्मा पाँचवटा निबन्धहरू प्रकाशित अवस्थामा फेला परेका छन् भने निबन्धका अतिरिक्त केही कविताहरू र केही लेखरचनाहरू पनि प्रकाशित भएका छन् ।

### ५.३.१.१ **विषयपरिचय**

नेपाली साहित्यको निबन्ध जगत्को आधुनिक कालका निबन्धहरू मध्येको उत्कर्ष चरणको वैशिष्ट्य प्रस्तुति स्वरूप देखापरेको निबन्धकार डी. कौडिन्य को 'हुरीको गीत' एक सफल र उत्कृष्ट निबन्ध हो । प्रस्तुत निबन्ध सर्वप्रथम २०४५ सालमा 'सङ्केत' पत्रिकामा प्रकाशित भएको पाइन्छ भने पछि **पूर्वक्षितिज** (स्मारिका) मा साहित्यकार तेराखको लेख निबन्धमा समालोचनात्मक लेखमा छापिएको पाइन्छ । मूलभूत रूपमा डी. कौडिन्यको यस निबन्धलाई अन्य निबन्धभन्दा पृथक रूपमा रखेर विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानले 'निबन्धको ऐतिहासिक विकासक्रम' शीर्षक एक लेखमा "वास्तवमा प्रतिपादन गर्ने, निष्कर्ष निकाल्ने जस्तो सिद्धान्त निरूपण, छलफल, राय प्रस्तुत गर्ने सबै प्रकारका तथ्यपरक वैचारिक आलेखलाई प्रबन्ध भन्छौं । यसको सम्बन्ध दर्शन, समीक्षा, खोजनीतिजस्ता बौद्धिक, शास्त्रीय, ज्ञानविज्ञानसम्बन्धी विषयहरूसित हुने हुनाले यो वर्णनात्मक, विवरणात्मक हुन्छ । यसको विपरीत निबन्ध बेग्लै आकृति प्रकृतिको  हुन्छ । मबाट सुरु भई हामीमा अन्त्य हुने निबन्धको विषय आफैं हो, उसका अनुभवहरू हुन्, भोगाईहरू हुन् सुख-दुःख, सफलता-विफलता, आगत-विगत, दैनन्दिनको घटना मुक्तमानवहरू हुन" भनी आफ्नो निबन्धसम्बन्धी धारणालाई आवश्यक स्थानमा थोर बहुत प्रस्ट पार्ने कोसिस पनि यस लेखमा गरिएको छ । "मेरो निबन्धको विषयवस्तु मै हूँ किनभने मलाई सबैभन्दा राम्ररी चिन्ने म जस्तो व्यक्ति अरू कोही छैन ।" भन्ने निबन्धका प्रवर्तक माइकेल दि मोन्तेम (सन १५३३ – १५९१) को उक्तिबाट पनि निबन्ध आत्मा प्रकाशनको साहित्यिक दर्पण भएको स्पष्ट हुन्छ । यसर्थ निबन्धसम्बन्धी यी विचारहरूलाई हेर्दा स्रष्टाबाट भिन्न रही निबन्धको अध्ययनले पूर्णता प्राप्त गर्न पनि असम्भव नै हुने देखिन्छ । यद्यपि यस लेखमा भने

प्रस्तुत निबन्धलाई तलका बुँदाका आश्रयमा रही यसको अन्तर्गर्भभित्र प्रवेश गर्ने चेष्टा गरिएको छ–

**(क) शीर्षक**

शीर्षक सम्पूर्ण रचनाकै अनुहार हो । यसले सम्पूर्ण शरीरकै सङ्केत गर्ने सामर्थ्य बोकेको हुन्छ भन्ने धारणा हामीमा छ । यस्तै विषयका बारेमा सङ्क्षेपमा पाठकलाई जानकारी दिनु वाञ्छनीय पक्ष हो भन्ने मान्यता शीर्षकसम्बन्धी रहेकै पाइन्छ । वर्तमान ज्ञानको बिष्फोटनको युगमा पाठकको मन मस्तिष्कलाई सम्बन्धित विषयवस्तुतर्फ आकर्षित गर्न सक्नु, उक्त विषयवस्तु ग्रहण गर्न पाठकलाई तत्पर तुल्याउनु, सारगर्भित तथा बिन्दुमा सिन्धुको वैशिष्ट्यता प्रदान गर्न सक्नु शीर्षकमा आवश्यक पर्ने सामर्थ्य नै हो । हरेक स्रष्टामा शीर्षक चित्ताकार्षक होस् र उक्त विषयवस्तुका सम्बन्धमा  जान्ने उत्सुकता जगाउन सकोस् भन्ने चाहना हुन्छ नै । पूर्वीय तथा पाश्चात्य साहित्यिक मान्यतामा पनि यस ज्ञतथ्यलाई स्विकारिएको पाइन्छ । यसो भन्दैमा शीर्षक भ्रम सिर्जनामा  गर्ने खालको भने हुनुहुँदैन । यसैलाई हामी कुतूहलता, जिज्ञासाको संज्ञा पनि दिन सक्छौँ ।

प्रस्तुत शीर्षकमा कुतूहलता, जिज्ञासा तथा उत्सुकता जगाउने समर्थ्य छ वा छैन । जनवादी साहित्यकारले आफ्ना सशक्त क्रन्तिकारी रचनाद्वारा निरङ्कुश राजतन्त्र र पञ्चायत व्यवस्थाको विरोध गर्नुपर्थ्यो । गोष्ठीमा डी. कौडिन्यले 'हुरीको गीत' प्रस्तुत गरेका थिए । यो रचनालाई उनले निबन्ध भनेका थिए तर निबन्ध हो कि कथा हो, छुट्याउनै नसक्ने थियो । उनको हुरीको गीत समीक्षक तेराखले यो विघागत भएनकि भनेर विश्लेषण गरेका थिए । यो कथामय निबन्ध जस्तो लाग्थ्यो । तर लेखकको भावना भने खरानीभित्रको भुतभुते थियो । कलात्मक भाषाशैली र वैचारिक उच्चस्तरीय रचना थियो । नारा थिएन । निरङ्कुश शब्द पनि परेको थिएन । सिधै निरङ्कुश पञ्चायत र निरङ्कुश राजाको विरोध पनि देखिदैनथ्यो । तर अत्यन्तै शक्तिशाली तरिकाले मार्क्सवादी आन्दोलोनलाई हुरीको गीतको प्रतीकको रूपमा उठाइएको थियो । उत्सुकता जन्माउने सामर्थ्य पस्तुत निबन्धको शीर्षक 'हुरीको गीत' पनि अन्तर्निहित छ । अतः प्रस्तुत शीर्षकमा जिज्ञासा, उत्सुकता तथा रहस्यमता र आकर्षण क्षमता रहेको हुँदा शीर्षक सार्थक नै भन्नुपर्दछ । यद्यपि लामालामा शीर्षकमा

चयनगत आफ्नै वैशिष्ट्य नै बन्न पुगेको छ र सीमा पनि । निबन्धको विषयवस्तुसँग यसको अभिधा भिन्न लक्षणा अर्थमा घनिष्ट सम्बन्ध देखिन्छ ।

निबन्धभित्र अन्तर्गर्भित विषयवस्तुलाई नियाल्दा यो रचनामा उनले आफ्नो माक्सवादी प्रतिबद्धता कलात्मक भाषासाहित्यले प्रस्तुत गरेका छन् । राम्ररी विश्लेषण गरेर हेर्दा यसमा निरङ्कुशताविरोधी मर्क्सवादको सहमतिका गहकिला आधारहरू पाइन्छन् । 'हूरीको गीत' का केही हरफहरू हेरौँ–

"साँच्चै हुरीले सबै उलट पारिदिन्छ । मरुभूमिलाई लोसय मैदान र अग्ला □ृङ्खलालाई धुलो चटाइदिन्छ । अनावृष्टिको साधन हुरी परिवर्तनको बाहक हो । म भर्खरै व्युझिंए पनि हुरीलाई सलाम ठोकेँ । बेस्सरी उफ्रदै हुरीको तालमा नाँचे, गाँए, खुब रमाएँ । यही हुरीप्रति के मेरो अवस्थालाई कतिपयले च्याँठिएर धारे हातले सरापे । पर्खी तँलाई भनेर मेरो हुर्कने, फैलने र जीवनको अनुभूति दिने ढोका थुनेर धराप थापे । मैले सोचेँ यही त उनीहरूको नामर्दीपना हो । सामर्थ्यहीन र युगको वोधहीनताको लक्षण हो ।"

शीर्षक मध्यम किसिमको छ । विषयबस्तुलाई पूर्णता समेट्ने गरी सटिक र प्रस्ट अर्थयुक्त शीर्षक चयन गर्न पनि कठिनाई नहोला भन्न पनि सकिँदैन । २ वटा शब्दसंयोजन गरिएको यस शीर्षकलाई परम्परावादी मान्यताको कोणबाट हेर्दा पनि सफलै देखिन्छ तर समय परिवेशअनुसार आएको परिवर्तन र विस्तारका दृष्टिले हेर्दा भने अभिधा अर्थभन्दा माथि उठी लक्षणिक अर्थ दिन सफल प्रस्तुत शीर्षकलाई सफल नै मान्नु पर्छ ।

अतः सङ्क्षिप्तता नभए पनि शीर्षकमा हुनुपर्ने सागरर्भितता, उत्सुकता, रहस्यात्मकता, सङ्केतात्मकता, ध्वन्यतात्मकता, सूक्ष्म सन्देशात्मकताजस्ता गुण अन्तर्निहित भएकाले प्रस्तुत शीर्षक औचित्यपूर्ण नै प्रतीत हुन्छ ।

(ख) **चिन्तन**

अङ्ग्रेजी साहित्यका प्रथम निबन्धकार बेकनले आफ्नो निबन्धसङ्ग्रहको समर्पण खण्डमा निबन्धलाई आत्मपरकभन्दा चिन्तनपरक विधाका रूपमा लिएका छन् र विचारको गम्भीरता, पाण्डित्यपूर्ण चिन्तन र बुद्धित□वका पक्षमा उभिँदै निबन्धका सम्बन्धमा 'मेरा यी रचनालाई 'Essai' नाम दिएको छु जहाँ विकीर्ण चिन्तनहरू छन्'

भन्ने विचार प्रस्तुत गर्दछन् तर यस निबन्धमा प्रधानले पाण्डित्यपूर्ण विचारको थुप्रो त नभनौँ प्रत्येक अनुच्छेदमा नयाँनयाँ चिन्तनको स्थापना भने अवश्य नै गरेका छन् । डी. कौडिन्यकै भाषामा भन्दा– “उसको निम्ति जीवनदान दिन पनि रत्ति आत्तिने हुइनँ भन्दै छु यो मेरो पुरानो पलायनवादी जीवन होइन । भावनाको लहडमा त्यो केवल सधैँ मात्र पनि त होइन । त्यो छुइन्छ, यो देखिन्छ र त्यसैले त्यो आउँछ । अनि उत्साहले सबैले जयध्वनि लगाएर गाइन्छ । विजय चारैतिर त्यो हुरीको गीत ।”

गोपालप्रसाद रिमालको ‘आमाको सपना’को ‘त्यो आउँछ’ सशक्तः अभिव्यक्तिझैँ डी. कौडिन्य पनि हुरीलाई प्रतीक बनाएर अत्यन्त आशावादी बन्नुभएको थियो । तर त्यो परिवर्तन नै हेर्न नपाई उनी निरङ्कुशताको सिकार भए । मगमग वासना दिन सक्ने एउटा सुन्दर लालीगुराँसको झरिलो एक थुँगो फूलबीच बाटैमा ओइलाएर एक्कासि   झऱ्यो । यसरी क्रान्ति र परिवर्तनको महान् आकाङ्क्षा राखिएको यो निबन्ध तानाशाहहरूका विरुद्धमा नेपाली मुक्तिकामी, श्रमजीवी जनताको पक्षपाती बनेर खरो रूपमा प्रस्तुत भएको छ । यस निबन्धले परिवर्तन अवश्यम्भावी छ, मुलुकमा विद्यमान भ्रष्टाचार, नातावाद, कृपावादलाई समूल नष्ट गरी आमुल परिवर्तन गर्दै समतामूलक नेपाली समाज निर्माण गर्ने अभीष्ट रहेको पाउन सकिन्छ ।

“मेरो घरको ठीक अगाडि ठूलो करमको रूख छ, ठूलै भएर पनि भित्र भित्रै धोत्रिएको छ । त्यसको जरा अनियन्त्रित रूपले फैलिएको धर्ती सुख्खा पारेको छ । त्यसका हाँगाहरू जथाभावी फैलिएर सबैलाई सेप बनेको छ । त्यसको रखवाला एउटा बुढो गिद्ध बस्छ, त्यसैले शताब्दीयौँदेखि हामी आक्रान्त छौ । हामी जो स्वतन्त्र उन्मुख छौ, सेप भएको छ त्यो रूख ।” माथिको भनाइमा लेखकको तीव्र आक्रोश पोखिएको छ । मुलुकमा रहेका सामन्तहरूले आर्थिक विपन्न गरिबहरूलाई सधैँ सताइरहने साथै मुलुकबाट निरङ्कुशतन्त्र समूल नष्ट हुनुपर्छ र नेपाली जनताले स्वतन्त्र र उन्मुक्तिको सासफेर्न पाउने छन् भन्नेकुरा निबन्धमा गम्भिर चिन्ता र चासोको साथ प्रकट गरिएको छ । उनको चिन्तनमा समग्रमा प्रगतिवादी चेत पाइन्छ ।

**(ग) आत्मपरकता**

निबन्धका प्रारम्भ बिन्दु वा जन्मदाताका रूपमा चिनिँदै आएका फ्रन्सेली निबन्धकार माइकेल दि मोन्तेन (सन १५३३ – १५९१) ले निबन्धको प्रवर्तन गर्ने

क्रममा "मेरा निबन्धको विषयवस्तु म नै हूँ किनभने मलाई सबैभन्दा राम्ररी चिन्ने म जस्तो व्यक्ति अरू कोही छैन् ।" भनी आत्मप्रकाशक रचनाका रूपमा निबन्धलाई चिनाउने प्रयास गरेका छन् । उनका प्रायः सबै निबन्धात्मक रचन निजी भवना सँगै सम्बन्धित रहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने आत्मपरक निबन्धको प्रारम्भिक अवस्थामा नै देखापरेको गुण हो । यसै मान्यताको समर्थन गर्दै कृष्णचन्द्र सिंह प्रधान आफ्नो 'निबन्धको ऐतिहासिक विकासक्रम' शीर्षक लेखमा मबाट सुरु भई हामीमा अन्त्य हुने निबन्धको विषय लेखक आफैँ हो भन्ने निबन्धप्रतिको आफ्नो धारणा प्रस्तुत गरेका छन् । प्रधानको प्रस्तुत मान्यताबाट यो निबन्धपनि टाढा रहेको छैन । यो रचनामा उनले आफ्नो मार्क्सवादी प्रतिबद्धता कलात्मक भाषासाहित्यले प्रस्तुत गरेका छन् । राम्ररी विश्लेषण गरेर हेर्दा यसमा निरङ्कुशताविरोधी मार्क्सवादको सहमतिका गहकिला आधारहरू पाइन्छन् ।

(घ) **राष्ट्रप्रेम र मानवतावाद, सामाजीक जागरणको भाव**

"हुरीपछि शान्त प्रभात मुस्कुराउँछ । गुलावी गाला क्षितिजमा टाँगिन्छ । ओइलाइसकेको पृथ्वीको बैँस फर्किन्छ । त्यसैबेला नयाँ उमङ्गले हातेमालो गरेर हामी हाँस्दै र खेल्दै निस्फिक्रि धर्तीतिर घुम्नेछौँ । हामीलाई छेक्ने त्यहाँ क्षितिज हुँदैन । हामीलाई किच्ने त्यहाँ आकाश हुँदैन । अहो ! कति उन्मुक्त हामी । के हामीलाई मात्र नीलो आकाश छलाङ् मार्दै उड्ने रहर छैन र ? त्यतिखेर त्यो रूख, त्यो गिद्ध, त्यो सर्प, त्यो भयङ्कर आक्रमण र त्यो जीवनको सधैँभरिको त्रास एकथुप्रो पश्चिमतिर धमाधम भाग्दै हुन्छ । के त्यो यथार्थ फकदैन र ? हरीको गीत !" हाम्रो देशमा हुरीरूपी क्रन्तिले यहाँको अत्याचार, दमन, शोषणलाई समूल नष्ट गरी सुन्दर, शान्त नेपाल हुनेछ हाम्रो देश सबैको मुहारमा खुसी छाउनेछ । ओइलाएका मुनाहरू फेरि पलाउन थाल्नेछन् । त्यसबेला हामीमा खुसी उमङ्गको साटासाट हुनेछ । हमी त्यतिबेला स्वतन्त्र रूपमा उन्मुक्त हाँसो लिएर आनन्दित हुँनेछौ । गिद्ध सर्प बासोरूपी सामन्तहरूलाई समूल नष्ट गर्दै हातहातमा काँधमा काँध गर्दै मानवताका बुद्धवाणीहरू व्यक्त गर्दै हुन्छौ भन्ने भावना व्यक्त गर्दै सबैलाई सामाजिक परिवर्तनमा जाग्न आह्वान गरिएको छ ।

(ङ) **विद्रोह तथा व्यङ्ग्यत्मकता**

“उसको निम्ति जीवनदान दिन पनि रत्ति आत्तिने छुइनँ भन्दै छु यो मेरो पुरानो पलायनवादी जीवन होइन । भवनाको लहडमा त्यो केवल सधैँ मात्र पनि त होइन । त्यो छुइन्छ, त्यो देखिन्छ र त्यसैले त्यो आउँछ । अनि उत्साहले सबैलाई जयध्वनि लगाएर गाइन्छ । विजय चारैतिर त्यो हुरीको गीत ।” क्रान्तिमा समर्पित भएर विद्रोह गर्ने क्रान्तिकारी कहिल्यै पनि शिर निहुराउँदैन उच्च अभिलाषाका साथ समाजपरिवर्तको महायज्ञमा आफूलाई कुर्वानि गर्नपनि पछि हट्दैन, जस्तो सुकै परिस्थितिको पनि डटेर सामना गर्नेछ भन्ने विद्रोहात्मक स्वर निबन्धमा पाइन्छ । विद्रोहमा उभिएर क्रान्तियुद्ध , पुरातनवादी, रुढिवादी र पलायनवादी नभएर भर्भराउँदो ज्वलामुखी भएको कुरा निबन्धमा व्यक्त गरिएको छ र त्यो क्रान्ति अनुभूत गर्न हुन र बुझ्न सकिने सर्वहारा वर्गको राज्यसत्ता कायम गर्ने आँधि, तुफान र सुनामी बनेर आउनेछ भन्ने निबन्धकारले यस ‘हुरीको गीत’ निबन्धका माध्यमबाट सशक्त विद्रोह र व्यङ्ग्य प्रस्तुत गर्न पुगेका छन् ।

**(च) भाषा**

भाषाको रचनात्मक प्रस्तुति नै साहित्य हो । भाषाविनाको साहित्यको कल्पनासम्म पनि गर्न सकिँदैन । तसर्थ साहित्यिक अभिव्यक्तिका लागि भाषा अपरिहार्य हुन्छ । निबन्धकार डी. कौडिन्यको निबन्धको भाषालाई हेर्दा उनका विषयमा नै विविधताको स्थापना पाइन्छ भने व्यङ्ग्यचेतना प्रस्तुति र त्यसले लक्षित गरेका पक्षहरूको पनि कमी भने छैन । आफ्ना निबन्धमा समाज, राष्ट्र, विश्व, संस्कृति, संस्कार, राजनीति र सभ्यतागत मूल्यको स्थापना गरी प्रस्तुत गर्ने निबन्धकार डी. कौडिन्यका निबन्धमा दर्शन, काव्य र कलालाई पनि समन्वय गरी प्रस्तुत गर्न प्रयत्न गरिएको पाइन्छ ।

समग्रमा निकै सजीव, सरल र प्रभावपूर्ण भाषाशैली उक्त निबन्धमा प्रस्तुत भएको छ भन्न पनि सकिन्छ ।

**५.३.१.२ निष्कर्ष**

नेपाली जनजीवनमा सामन्ती प्रवृत्तिले जरो गाडेका र ती कुसंस्कार र विसङ्गतिलाई हाम्रो समाजबाट छुटाउनुपर्ने कविको धारणा छ । त्यसका लागि सम्पूर्ण

नेपालीहरू एकजुट हुनुपर्ने निबन्धकारले आह्वान गरेका छन् । साम्राज्यवादी सोचको भण्डाफोर गर्दै सम्पूर्ण श्रमिक, मजदुर, सर्वहारावर्गको भलाइका लागि उठ्नुपर्ने कुरा उनले उठाएका छन् । गरिब वर्गमाथि सामन्ती वर्गले गर्ने थिचोमिचोबाट नेपाली समाजलाई सधैँ मुक्त राखी वर्गीय संरचनामार्फत समाजको समतामूलक निर्माण गर्नुपर्ने कुरामा पनि कविले जोड दिएका छन् ।

## ५.३.२ मृत्युञ्जयी आगोका लप्काहरू

यो निबन्ध वैचारिक निबन्धअन्तर्गत पर्दछ । यो नेपाली सहित्यको निबन्धजगत्को आधुनिक कालका निबन्धहरू मध्येको निकै प्रभावोत्पदक निबन्ध हो । निबन्धकार डी. कौडिन्यको निबन्ध 'मृत्युञ्जयी आगोका लप्काहरू' एक सफल र उत्कृष्ट निबन्ध हो । प्रस्तुत निबन्ध सर्वप्रथम २०५१ सालमा **प्रकाश** साप्ताहिकमा प्रकाशित भएको पाइन्छ ।

डी. कौडिन्यले यस निबन्धमा प्रगतिवादी दृष्टिकोणकासाथ आत्मा प्रकाशनको सहित्यिक दर्पण देखाएका छन् । यस निबन्धमा मदन आश्रितलाई मृत घोषण गरेर एकचोटि मृत्युको दिग्विजयको गीत गाउनेहरू हो, रात रङ्गिलो बनाएर खुसी मनाइरहेका जीवनद्रोहीहरू हो, आगोको लप्का कहिल्यै नामेट हुँदैन । मृत्यु त उल्टै तिमीहरूकै कठालो समउन हतारिदैँछ भनेर मदन-आश्रितका हत्याराहरूलाई यस निबन्धले चुनौती दिएको छ । जनताका जनचेतनाहरू जनताका ढुकढुकीमा सधैँ बाँचिरहन्छन्, कहिल्यै मर्दैनन् भन्ने भाव पनि निबन्धमा साह्रै कलात्मक पारामा व्यक्त गरिएको छ ।

**(क) शीर्षक**

शीर्षक सम्पूर्ण रचनाकै अनुहार हो । यसले सम्पूर्ण शरीरकै सङ्केत गर्ने सामर्थ्य बोलेको हुन्छ भन्ने धारणा हामीमा छ । यस्तै वर्ण्य विषयका बारेमा पाठकलाई जानकारी दिएर पाठकलाई आकर्षित गर्नुका साथै पाठकमा जोस् जाँगर र विद्रोह जनााउनु पनि यस निबन्धको आशय रहेको छ । हरेक स्रष्टामा शीर्षक चित्ताकर्षक होस् र उक्त विषयवस्तुको सम्बन्धमा जान्ने उत्सुकता जगाउन सकोस् भन्ने चाहना हुन्छ नै । पूर्वीय तथा पाश्चात्य साहित्यिक मान्यतामा पनि यस तथ्यलाई स्विकारिएको

पइन्छ । यसो भन्दैमा शीर्षक भ्रम सिर्जना गर्ने खालको भने हुनुहुँदैन । यसैलाई हामी कुतूहलता, जिज्ञासाको संज्ञा पनि दिन सक्छौँ ।

प्रस्तुत शीर्षकमा कुतूहलता, जिज्ञासा, उत्सुकता तथा आक्रोस जगाइएको छ । मदन आश्रितलाई आजभन्दा झण्डै पन्ध्र वर्ष अघि दासढुङ्गामा रहस्यमय तरिकाले हत्या गरियो, त्यो हत्याको रहस्य गर्भमै लुकेर बसेको छ । सोही कुरालाई निबन्धकारले तत्कालीन आलो घटनाको दिग्दर्शन उक्त निबन्धमा गराएका छन् । प्रस्तुत शीर्षक 'मृत्युञ्जली आगोका लप्काहरू' मा लेखक यसो भन्छन्– "मृत्यु त जडताको हुन्छ । पराजय त पाशिवकता र पाखण्डीपनाको हुन्छ । सफेद पोसाभित्र हत्या, हिंसा र उत्पीडन लुकाउने रक्तपिपाशुको हुन्छ । हो, मृत्यु त अमर लामाहरू भोग्छन् । साम्रज्यवादका तलुवा चुटुवाहरू भोग्छन् । युगद्रोही हत्याराहरू भोग्छन् ।" भनेर उक्त शीर्षकमा महान् जननेताहरूको मृत्यु नभई अमरतातर्फ उन्मुख भएको विचार निबन्धमा पाइन्छ ।

शीर्षका छोटामा मीठो हुनु वाञ्छनीय हुन्छ तर विषयबस्तुलाई पूर्णताः समेट्ने गरी सटिक र प्रस्ट अर्थयुक्त शीर्षक चयन गर्न पनि कठिन नै हुन्छ । तीनवटा शब्द संयोजन गरिएको यस शीर्षकलाई सफल शीर्षककै रूपमा मान्नुपर्छ ।

अतः सङ्क्षिप्तता नभए पनि शीर्षकमा हुनुपर्ने सारगर्भितता, उत्सुकता, सहस्यात्मकता, सङ्केतात्मकता, ध्वन्यतात्मकता, सूक्ष्म सन्देशात्मकता जस्ता गुण अन्तर्निहित भएको प्रस्तुत शीर्षक औचित्यपूर्ण नै प्रतीत हुन्छ ।

(ख) **चिन्तन**

समग्रमा मार्क्सवादी दर्शनशास्त्रमा आधारित भएर लेखिएको उक्त निबन्ध प्रगतिवादी विचारमा आधारित रहेको छ । यो अर्को उच्च कोटिको निबन्ध हो । यस निबन्धमा सामन्तहरूले सर्वहारा वर्ग र सर्वहाराका आशा भरोसाका केन्द्रबिन्दुको रूपमा रहेका नेतृत्वलाई मारेर सर्वहाराको आशा भरोसामा तुसारापात लागाई दिएको विचार निबन्धकारको रहेको छ । नेपाली जनजीवनमा तथा राजनीनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा देखिएका विसङ्गतिपूर्ण परिस्थितिप्रति पनि व्यग्य प्रस्तुत गर्दै मार्क्सवादी चिन्तन निबन्धकारले प्रस्तुत गरेका छन् । यसकै सेरोफेरोमा 'मृत्युञ्जयी आगोका लप्काहरू' निबन्धलाई हेर्न सकिन्छ ।

"वर्तमानले लत्याएको अभिशप्त मान्छेहरू सुन्दर भविष्यको संभावना बोकेर उठ्दैछन् । तिनीहरू भित्र निहीत शक्तिपुञ्ज समेटेर नयाँ संसार खोज्ने यात्रीहरू यात्रादेखि कहिल्यै थाक्दैनन् । परिवर्तनको चापलाई धानेर नयाँ क्षितिज खोज्ने क्रान्तिकारीहरू मृत्यु स्वयंलाई पराजय भोगाएर जीवनको अर्थ खोज्दैछन् ।"

**(ग) आत्मपरकता**

निबन्धको प्रारम्भबिन्दु वा जन्मदाताका रूपमा चिनिँदै आएका फ्रान्सेली निबन्धकार माइकेल दि मोन्तैँ (सन १५३३–१५९१) ले निबन्धको प्रंवर्तन गर्ने क्रममा "मेरो निबन्धको विषयवस्तु म नै हूँ किनभने मलाई सबैभन्दा राम्ररी चिन्ने म जस्तो व्यक्ति अरू कोही छैन्," भनी आत्मप्रकाशक रचनाका रूपमा निबन्धलाई चिनाउने प्रयास गरेका छन् । यस निबन्धमा निबन्धकार यसो भन्छन्–

मृत्यु स्वाभाविक हो । मृत्युका चिसा हातहरूले धर्तीका जस्तै अजिरहरूलाई पनि निसङ्कोच अठ्याउँछ । सगरमाथा भन्दा अग्लो स्वभिमानी शीरहरू उसको एउटै स्पर्शले लर्कन्छन् । सँधै जीवनको गीत गाइरहने धुकधुकी बिना प्रतिपाद मृत्युको दर्शनले हारको सम्मति चुप लाग्ने गर्छ । हो, ब्रम्हाण्डै ऐचेर संसारलाई साँघुरो देख्ने मानव चेतना स्वयम् मृत्युको सम्मुख पग्लेर पानीपानी बन्छ ।

यसरी उक्त निबन्धमा आत्मपरकता राम्ररी झल्काएर निबन्धकारले आफ्नो लेखाइमा निजखको दिग्दर्शन गराएर हुन् ।

**(घ) मानवतावाद**

"के उसो भए मृत्यु अजर छ ? अमर छ र अपराजय छ त ? अहँ, म स्वीकार्दिन । मानव उत्कण्ठालाई मृत्युको संत्रासले चिस्याएर वरफ बनाउँन सक्तैन । मानव प्रतिभा, चेतना र चिन्तनलाई लतकारेर मृत्युले दिग्विजयको पतका फहराउँन सक्तैन । एकै क्षण कतै अल्मलिएको हुन सक्छ, तर चेतनाले हारेको थाहा हुँदैन । प्रत्येकको स्पन्दनमा साटिएको हुन सक्छ, तर मृत्यु भोगेको थाहा छैन ।"

यसरी यस दृष्टिकोणबाट मानवतावादी दृष्टिकोण देखापरेको छ ।

**(ङ) बिद्रोह तथा व्यङ्ग्यमकता**

मदन आश्रितलाई मृत घोषणा गरेर एकचोटि मृत्युको दिग्विजयको गीत गाउनेहरू हो, रात रङ्गिलो बनाएर खुशी मनाई रहेका जीवनद्रोहीहरू हो, आगोको

लप्का कहिल्यै नामिट हुँदैन । मृत्यु त उल्टै तिमीहरूकै कठालो समाउन हतारिँदै छ । तिम्रै रोविलो टाईलाई फाँसीको लठारो बनाएर मृत्युले त अब सिफलको बोट खोज्दैछ । मदन आश्रित त यो खुनी इतिहासको घिनलाग्दो परिच्छेदको समाप्तिलाई अद्वितीय ज्वालामुखीमा फेरिएका छन् । होस् गर है, सगरमाथाको फेदीबाट संसार हल्लाउने क्रान्तिको बिगुल बज्दैछ ।

यसरी यस निबन्धमा निबन्धकारले सशक्त विद्रोह तथा व्यङ्ग्यात्मकता व्यक्त गरेका छन् ।

**(च) भाषा**

भाषाको रचनात्मक प्रस्तुति नै साहित्य हो । भाषाबिनाको साहित्यको कल्पनासम्म पनि गर्न सकिँदैन । तसर्थ साहित्यिक अभिव्यक्तिका लागि भाषा अपरिहार्य हुन्छ । यस निबन्धमा सरल, सरस, प्रभावोत्पदक एवम् कलात्मक भाषाशैलीको प्रयोग गरिएकाले निबन्ध रसिलो भरिलो बनेको देखिन्छ ।

**(छ) निष्कर्ष**

प्रस्तुत निबन्धमा आस्थाका धरोहरहरू प्रति श्रद्धान्जली प्रकट गर्ने शैलीमा हत्या गरिएका जननेताहरूको आत्माले चिर शान्ति प्राप्त गर्न सकोस् र हत्याराहरूलाई जनकार्वाही गर्न सकियोस् महान् योद्धाहरू अमर रहुन् भन्ने भाव निर्ष्कर्षको रूपमा रहेको छ ।

## ५.४ साहित्यकार डी. कौडिन्यका अन्य लेख

सामाजपरक समालोचनाका स्वरूपलाई यहाँ चिन्तनका आधारमा नामकरण गरिएको छ । समाजको संरचना आरम्भदेखि नै वर्गीय किसिमको रहेका छ । यसलाई यथार्थवादी दृष्टिले निरूपण गर्ने कार्यलाई प्रगतिवादी समालोचनामा राख्ने प्रयत्न गरिएको छ । विश्वका जुनसुकै समाज र समयका सत्ताधारी वर्गले आफ्नो विचार र हैकम उच्च शक्तिसम्पन्न देखाउँदै आइरहने प्रचलन रहेकाले वर्गवर्गका बीचमा चलिरहने सङ्घर्षका आधारमा द्वन्द्वको स्थितिलाई मार्क्सवाद अभिव्यक्त गरिएको हुन्छ । समाजको विकासक्रममा देखिँदै आएको आजसम्मको समग्र इतिहास वर्गसङ्घर्षकै इतिहाँस भएको र सामन्ती समाजको अवशिष्ट मूल्यबाट जन्मेको आधुनिक पुँजीवादी

समाजले वर्गवर्गमा रहेको वैरभावलाई निर्मुल गर्न नसकेको तथ्य वर्तमान कला र सहित्यले पुँजीवादी समाजका विरुद्ध लड्ने हतियारको रूपमा भूमिका निर्वाह गर्ने दृष्टिकोण प्रगतिवादको जिम्मेवारी हो भन्ने कुरा स्पष्ट गरिएको छ । कला र साहित्यले सर्वहार वर्गको हितमा गरिने क्रान्तिको हतियारको भूमिका निर्वाह गर्नुपर्ने दृष्टिकोण लेनिनले प्रस्तुत गरेका छन् । त्यसकारण समाज वर्गीय आधारमा खण्डित हुने हुनाले सहित्य पनि वर्गीय अवस्थामा अभिव्यक्त हुन्छ । साम्यवादी समाज व्यवस्थाको स्थापना गरिनुपर्छ भन्ने कुरा प्रगतिवादी साहित्यको अन्तिम लक्ष्य रहन्छ । यस लक्ष्यमा पुग्ने उद्देश्यले सिर्जित कविता, कथा, निबन्ध, नाटक, उपन्यास साहित्यका प्रगतिवादी उपलब्धि हुन् भन्ने दृष्टिकोण स्थापित भएको छ ।

सृजनामा सर्वहारा वर्गको स्वार्थ स्थापना गर्ने लक्ष्य मुखारित भएको छ कि छैन ? वर्गीय स्वार्थप्रति प्रतिबद्ध छ कि छैन ? सृजना समाजको मर्यादाप्रतिको सचेत छ कि छैन ? यौनको उपयोगसम्बन्धी धारणा शिष्ट बन्न सकेको छ कि छैन ? रचनाको अन्तर्वस्तु र रूपमा सन्तुलन छ कि छैन ? यस्ता अनेकानेक प्रश्नहरूका बारेमा ठूलै विचार विमर्श हुनुपर्ने कुरा लुनाचार्स्की जस्ता चिन्तकका समालोचनाले स्पष्ट पारेका छन् । यस्तो परिस्थितिमा साहित्य सिर्जना गर्दा अँगाल्नुपर्ने अवधारणा पुष्टि गरिदिन्छ ।

मार्क्स भन्छन्– “दार्शनिकहरूले विविध किसिमले विश्वको व्याख्या मात्र गरेका छन् । मूल कुरा त विश्वलाई नै फेर्नु हो ।” द्वन्द्वात्मक भौतिकवाद यही परिवर्तनसम्बन्धी नियम र पद्धतिलाई बुझ्ने वैज्ञानिक दृष्टिकोण हो त्यसमा साहित्य र सौन्दर्यसम्बन्धी अवधारणा पनि पाइन्छन् ।

### ५.४.१ उज्यालो सङ्घारमा उभिएको दक्षिण अफ्रिका

यो उनको वैचारिक लेख निबन्ध हो । देवकुमार आचार्य (डी. कौडिन्य) ले कविता निबन्ध लगायत अन्य साहित्यिक विधामा पनि सक्रिय भएर कलम चलाएका थिए । उनको ‘उज्यालो संघारमा उभिएको दक्षिण अफ्रिका’ (२०५०) **प्रकाश** साप्ताहिकमा छापिएको समसामयिक सान्दर्भिक अन्तराष्ट्रिय विषयलाई समेटेर लेखिएको लेख हो । यस लेखमा अल्पसङ्ख्यक गोराहरूले बहुसङ्ख्यक काला जातिमाथि गरेको वर्वर अत्याचारको विरुद्धमा आवाज बुंलन्द गर्दै विश्वमै सबैभन्दा लामो समय २७ वर्ष राजबन्दी बनेर जेलजीवन बिताएका नेल्सन मण्डेला र दक्षिण अफ्रिकाका

मुक्तिकामी जनताले जेहाद हेडेर गोराजातिको निरङ्कुश शासनको अन्त्य गरी स्वाभिमानी काला जातिले आफ्नो देश फिर्ता लिएको वा विश्वसर्वहाराको पक्षमा विजय र साम्राज्यवादीको पराजय गराउन सफल अफ्रिकी जनता र नेल्सन मण्डेलाप्रति आभार व्यक्त गरिएको छ । लेखक दक्षिण अफ्रिकामा उज्यालो छाएको सन्दर्भमा यसो भन्छन्– "उज्याले बाँधिदैन उनलाई कैद गरेर अँध्यारो शासन लम्ब्याउने प्रिटोरियाको सपना ए. एन. सी. ले उसका छापामारले पानी पानी बनाइदिए । कवि बेन्जमिन मोलाइसालाई समेत फाँसीमा झुण्ड्याउने कुख्यात पिटर विलियम बोथरले अन्ततः सान् १९८५ मा राखेको हिंसा त्यागे रिहाइ गर्ने फुच्चे प्रस्ताब इन्कार गर्दै नेल्सनले जवाफ दिए कैदी कुनै सम्झैता गर्न सक्तैन ।"

यसरी दक्षिण अफ्रिकामा जनताको उज्यालो संसार स्थापित हुँदै गरेकोमा लेखकले सर्वहारा वर्गको विजय र साम्राज्यवादी सामन्तहरूको पराजयका रूपमा हेरेका छन् ।

खुला र मुक्त समाजप्रति प्रतिबद्ध ए. एन. सी. नेता नेल्सन मण्डेला दुई तिहाइ बहुमतको बलमा संविधान समेत परिवर्तन गर्नसक्ने हैसियत राखेर पनि एकदलियताको खिलाफ हुनुहुन्छ । जस्तोसुकै राजनीतिक पार्टीलाई समेत प्रतिबन्ध नलगाउने दृढता देखाउँदै वहाँ भन्नु हुन्छ– "मेरो विचारमा प्रतिबन्धले अनावश्यक मह□व बढाउँछ । उनीहरूसँग हामी खुल्ला वातावरणमा स्वच्छ प्रतिस्पर्धा गर्न तयार छौं ।"

### ५.४.२ नेपाली कम्युनिष्ट आन्दोलनको एउटा फिलुङ्गो– कृष्णप्रसाद सेडाई

यसरी नै डी. कौडिन्यको एक क्रान्तिकारी योद्धासँगको साक्षात्कार लेख पनि सान्दर्भिक लेख बनेर रहेको छ । नेपाली कम्युनिष्ट आन्दोलनको एउटा फिलुंगो– कृष्णप्रसाद सोडाई (२०५१) जेठ २३ गते सोमबार प्रकाश साप्ताहिकमा प्रकाशित लेख रहेको छ ।

'नेपालमा नेल्सन मण्डेला' नामले विभुषित झापा आन्दोलनका रापिला इस्पातहरू मध्ये एक जना हुनुहुन्छ कृष्णप्रसाद सेडाई । एकताका नेपालको येनन मानिने पूर्वी पहाडको अत्यन्त सुन्दर गाउँ चुहानडाँडामा वि. सं. २००९ मा जन्मनुभएका श्री सेडाइको राजनीतिक जीवनको थालनिबारे जिज्ञासा राख्दा भन्नुहुन्छ

"यसै त चुहानडाँडा क्रान्तिकारीहरूको उर्वरभूमि उसमाथि परिवर्तको पक्षपाती मेरो युवा मस्तिष्क २०२४ सालताका कक्षा आठमा अध्ययन गर्दागर्दै त्यहाँको क्रन्तिकारी गतिविधिले प्रभाव नपारी छोडेन ।"

नेपाल कम्युनिष्ट आन्दोलनको एउटा महान् योद्धासँग भएको सक्षात्कार नै यहाँ डी. कौडिन्यको सान्दर्भिक लेख बनेर रहेको छ । कुराकानीकै क्रममा भावी जीवन कसरी बिताउने सोच्नु भएको छ ? भनी जान्न खोज्दा २०२८ सालमा घटेको उहाँको जीवनको एउटा अविस्मरणीय घटना सम्झदै भन्नुहुन्छ– "हर्क खड्का र नरेश खरेलको उपस्थितिमा देश र जनताको मुक्ति खातिर उठाएको प्रतिबद्धताको कसिलो मुठ्ठी कस्दै नारकीय यातनाले पनि जलाउँन सकेन र सक्तैन । त्यही प्रतिबद्धता नै मेरो भावी जीवनको आदर्श हो । त्यसैको निम्ति समर्पित हुनेछु ।"

**५.४.३ आस्थाको सगरमाथालाई लाल सलाम**

यसरी नै डी. कौडिन्यका लेखमा आस्थाको सगरमाथालाई लाल सलाम ( २०५१) जेठ ३० गते सोमबारको सन्दर्भ– द्रोण वार्षिकीका सन्दर्भमा महान् सर्वहारा वर्गका नेता एवम् झापाली जनतामा आशा भरोषाका धरोहर पूर्वबाट पञ्चायत व्यवस्थालाई हल्लाउने रा. पं. सं. बहुदल आएपछि झापा क्षेत्र नं. १ बाट निर्वाचित जनप्रतिनिधि, लेखक, साहित्यकार, शिक्षक, पत्रकार धेरै कार्यसँग नाम जोडिएका ढुकढुकी द्रोणप्रसाद आचार्य प्रति श्रद्धाफूल चढाएको लेखकको यो लेखमा पाइन्छ । अहिलेका पलायनवादी भ्रस्ट नेताहरूले द्रोणबाट राजनीतिका पाठ सिक्नुपर्ने विचार लेखकको रहेको छ ।

जनपक्षीय राष्ट्रिय पञ्चायतको सदस्यको उम्मेदवार बन्दा एस सुतो तलमाथि नपारी आफ्नो सम्पत्तिको विवरण जन अदालतमा राखेका थिए । सर्वजनिक सेवाको पदलाई कमाई खाने साधन बनाइरहेको नेपालमा द्रोणको त्यो विवरणलाई कसैले सहजतापूर्वक पचाएन । तर समय बित्दै जाँदा त्यो सम्पतिको रासमा थपिनु भन्दा घट्दै गएको यथार्थताले उनको भने राजनीतिक इमान्दरिता जाँच्यो । अहिले केही नेताहरू आर्थिक सवालमा पारदर्शक बन्नुभन्दा झन् खिचलोमा मुछिदै गइरहेका छन् । विवादको घेराभित्र यथार्थता दर्शाउन भन्दा महाविवाद छेडेर आफूलाई मिष्टर क्लिन बनाउने प्रवृत्ति द्रोणमा कहिल्यै देखिएन उनी सफा थिए अत्यन्त पारदर्शक ।

डी. कौडिन्यसँग द्रोणको साक्षत्कारमा द्रोण भन्नुहुन्छ– "म खुला किताबको पाना हुँ, जो कोहीले पढ्न सक्छन् । जसले मलाई हिलो छ्याप्छ त्यो दिन डी. कौडिन्य जी, उसैले पुछिदिनुपर्छ ।" रगतको अर्थ त द्रोणले बुझ्नुभयो ।

यिनै चरित्र व्यवहार गुणहरूको सिङ्गो धाराबाट प्रस्फुटित बहुआयामिक व्यक्तित्वको धनी द्रोणलाई जनताबाट पनि केही फरक पर्दैन । सहित्यिक या पत्रकारिता, सामाजिक कार्यकर्ता या राजनीतिक नेता जुनसुकै पाटोबाट पनि उ यसरी बोल्यो मान्छेको रगत महत्ता गाउँदै–

धरतीमा मान्छेले नै सीमा खिच्यो
तर थाहा छ ?
हर सिमा रगतले बनेका छन्
रगत त्यति सस्तो छैन मान्छेको
हर रगतमा क्रान्तिका ज्वलाहरू छन्
वर्तमान त द्रोणलाई चिन्यो ।

द्रोणलाई थाहा थियो जीवन नश्वर छ । जे गर्नुपर्छ अहिल्यै गर्नुपर्छ, आँसु त कायरहरू बगाउँछन् । वीरहरूले त समय चिन्नुपर्छ । त्यसैले नढाँटी लेख्यो–

ग्लास ल्याउ प्रियतमा
खन्याऊ, आजै प्युँछु– भोलिलाई साँच्यौ
तिमी बुझि देउ हुर
भरे नै मरे भने
यो बोतल श्मसानमा गाडिने छ ।

जीवनलाई वर्तमानमा भोग्नु भन्ने बुझेका द्रोणले भोगे जति सार्थक जीवन भोगे । अलिकति कञ्जुस्याइँ नगरी हर समय न्यायका निम्ति सामाजिक मुक्ति र स्वाधीनताका निम्ति । ज्युनुमात्रै जीवन होइन भन्ने आदर्श उपदेश दिएर होइन आफै उदाहरण बनेर देखाए । त्यसो त द्रोण उपदेशले लठ्याएर आफू खोक्रो सिकार बन्ने प्रवृत्तिका कट्टर शत्रु नै भने हुन्छु । त्यो वचन कमलपित्तले रुचाएन ।

द्रोण तेह्रथुममा उम्रियो, झपाको माटोमा हुर्कियो र सिङ्गो नेपालको सौन्दर्य भर्दै अन्ततः नेपालीकै स्पन्दनमा साटिएर गयो, कहिल्यै नआउने बाटोमा... । तपाईंले छोड्नु भएको आदर्शलाई व्यवहारमा उतार्ने प्रतिबद्धता बोकेर तपाईंको थाति सपन पूरा गर्न

जीवन पर्यन्त लडिरहने प्रण गर्दै अर्पिंदै म तपाईंको वार्षिकीमा श्रद्धाको शब्द सुमन मेरो आस्थामो सगरमाथा लाल सालम !

भनेर लेखकले आफ्ना आस्थाको सगरमाथाको रूपमा रहेका द्रोणचार्य क्षेत्रीप्रति व्यक्त गरेको श्रद्धासुमनस्वरूप चढाएका विचारहरू लेखकका यस लेखमा अभिव्यक्त भएका छन् ।

यी बाहेक लेखकका थुप्रै अप्रकाशित आवस्थामा लेख रचनाहरू रहेका छन् । कति नष्ट भएर गए कति अनुसन्धानको क्रममा फेला पर्दैछन् । निचोडमा भन्नुपर्दा देवकुमार आचार्य (डी. कौडिन्य) नेपाली प्रगतिवादी धाराका बहुमुखी प्रतिभा हुन् जसले बहुबिधामा कलम चलाएर नेपाली प्रगतिवादी साहित्यमा श्रीबृद्धि गर्ने काम गरेका छन् । शोधनायक स्व. डी. कौडिन्यप्रति यो शोधकर्ताको श्रद्धा सुमन !

# छैटौँ परिच्छेद

# उपसंहार

देवकुमार आचार्य (डी. कौडिन्य) को जन्म वि. सं. २०१९ असोज १० गते सिक्किमको पेलिङ्गमा भएको हो । डी. कौडिन्यको परिवारिक आर्थिक स्थिति दयनीय भएकाले उनको परिवारले प्रवासतिर भौतारिनु परेको हो । वि. सं. २०३५ देखि २०४८ सम्मको अवधिमा उनले आफ्नो साहित्यिक प्रतिभाको राम्रो परिचय दिएका छन् । यसै समयमा उनका फुटकर रचनाहरू प्रकाशित हुन थालेका हुन् । उनले देशका विभिन्न ठाउँहरूमा भ्रमण गर्दै नयाँ परिवेशको जानकारी लिँदै कविताहरू रचना गरेको देखिन्छ । साहित्यकार डी. कौडिन्य २०४८ देखि २०५९ सम्म अर्थात उनको जीवनको अन्तिम क्षणसम्म सृजनात्मक क्षेत्रमा क्रियाशील रहेको पाइन्छ । उनका प्रकाशित साहित्यिक कृतिहरूमा प्रगतिवदी चिन्तन पाइन्छ । जनसमस्यालाई जनमुक्तिको विषयवस्तु बनाएर गीतिलयमा जागरणको स्वर गाउँदै विभिन्न ठाउँमा डुलेर परिवर्तनको पक्षमा काम गरेको उनको जीवनीका सन्दर्भमा भेटिन्छन् । आफ्नो जीवन कालमा उनका केही फुटकर कविता र केही लेख निबन्धहरू प्रकाशन भएको पाइन्छ । उनी आफ्ना रचनाहरूमा अभावमा पिल्सिएका जनताको आवाज उठाउँछन् । उनले समाजमा रहेका असमानता र भेदभावपूर्ण कार्यको विरुद्धमा कलम चलाएको पाइन्छ । जनयुद्ध र वर्गसङ्घर्षमार्फत सर्वहारावर्ग र श्रमजीवी जनताको पक्षमा उनका रचनाहरू केन्द्रित रहेका छन् ।

उनको जीवनको अन्तिम समयलाई ध्यान राख्दा ८।९ वर्ष जति सृजनाको क्षेत्रमा क्रियाशील रहेको पाइन्छ । उनका जागौँ उठौँ, सम्बोधन नरीलाई (२०४५), मृत्युञ्जयी अगोका लप्काहरू (२०५१), आस्थाको सगरमाथालाई लाल सलाम (२०५१), उज्यालो सङ्घारमा उभिएको दक्षिण अफ्रिका (२०५०), नेपाली कम्युनिष्ट आन्दोलनको एउटा फिलुङ्गो– कृष्णप्रसाद सेडाई जस्ता प्रशस्तै लेखरचनाहरू रहेका पाइन्छन् ।

डी. कौडिन्यका लेखरचनाको अध्ययन गर्दा सर्वहारा वर्गको पक्षमा रहेका साहित्यकार कौडिन्य मार्क्सवादी चिन्तनलाई आधार बनाएका सहित्यिक रचनाहरू पाइन्छन् । भौतिकजगत् मार्फत वर्गसङ्घर्ष गर्दै समाजलाई सामाजिक रूपान्तरण गर्ने

प्रक्रियाबारे मार्क्सवादी धारणालाई स्पष्ट पार्दै प्रगतिवादी चिन्तन परम्परा कलासाहित्यको स्रोतसम्बन्धी मान्यताबाट कलासाहित्यका ज्ञान र कलासाहित्यको वर्गीय धारणाको मान्यतालाई स्पष्ट गरिएको छ ।

नेपाली कविता परम्परामा डी. कौडिन्यका साहित्यमा प्रगतिवादको चर्चा नेपाली साहित्यको आधुनिक कालको आरम्भ र राजनीतिक क्षेत्रमा भएको परिवर्तनसँगै नेपाली कविताधारामा प्रगतिवादी कविताको उद्‌भव भएको हो । डी. कौडिन्यले देशमा विषम अवस्था, आर्थिक दुरावस्था हुँदासमेत कलम चलाएको पाइन्छ । उनका स्थानमा उपनिवेशवाद, साम्राज्यवादको तीव्र विरोध गरिएको छ । वर्गसङ्घर्ष, नारी समस्याको चित्रण, आर्थिक अवस्थाको चित्रण गर्दै प्रगतिवादी काव्यधाराको सूत्रपात भएको पाइन्छ । उनका कविताले युगजीवनका समस्यालाई चित्रण गरेको भेटिन्छ । आर्थिक, सामाजिक, वैचारिक, सङ्घर्ष, वर्गीय आधार, तत्कालिन असहज अवस्थामा मुक्तिसङ्घर्ष सँग एकात्मक हुँदै प्रगतिवदी नेपाली साहित्य प्रवाहित भएको देखिन्छ । आर्थिक सामाजिक जीवनका भएका असमान पक्षलाई समतामूलक समाजको निर्माण गर्दै मुक्तिका लागि आव्हान गरिएको पाइन्छ । डी. कौडिन्यका साहित्यिक रचनामा प्रगतिवादी चेत प्रशस्त पाइन्छ । उनले सरल जनभाषाको प्रयोगमार्फत सामाजिक युगीन यथार्थलाई विषयवस्तु बनाएका छन् ।

देवकुमार आचार्य डी. कौडिन्यका सम्पूर्ण प्रगतिवादी रचनामा नेपाली निम्नवर्गीय जीवनका पीडा, दर्द, नारी समस्या आदि अगि सार्दै यी विद्यमान समस्याको मूलजडका रूपमा रहेको कुरा उठाएका छन् । परम्परादेखि नेपाली समाजमा चलिआएका सामन्ती कुसंस्कार रूढि, उपल्लो वर्गद्वारा हुने शोषण प्रवृत्तिको विरोध गरेको पाइन्छ । यिनका प्रगतिवादी कवितामा तत्कालीन विश्वमा फैलिँदै जान लागेको नव उपनिवेशवादी मुलुकको कमजोर तथा हस्तक्षेपका नीतिका तीब्र व्यङ्ग्य गरेको भेटिन्छ । साहित्य सिर्जनाका क्रममा उनले कहिल्यै पनि भाषा छन्द र शैलीका पछि दगुर्नु भन्दा आफ्ना भावना र विचारलाईं नै बढी पछ्याएको देखिन्छ । उनका रचनाहरूमा सरलभाषा शैली र लोकलयको प्रयोग पाइन्छ । नेपाली जाति र नेपाल राष्ट्रप्रति मोह तथा स्वतन्त्रताप्रति चाहना डी. कौडिन्यको साहित्य सिर्जनामा पाइने अर्को प्रमुख विशेषता हो । विज्ञानलाई साहित्यकारले प्रगतिको सहायक तथा

मानवताका लागि कल्याणकारी विषयवस्तुका रूपमा लिएको पाइन्छ । यस्तै मानवको सर्वाङ्गीण विकास र उन्नतिका लागि स्वतन्त्रता र समानताको स्पष्ट दृष्टिकोण प्रस्तुत गरेबाट कविले प्रयोगवादी आकाङ्क्षा प्रत्येक रचनामा प्रकट गरेको देखिन्छ । सामान्तवादका बिरुद्धमा जनताको आवाजलाई बुलन्द गर्दै हिँड्ने साहित्यकार चेतनाका पुञ्ज हुन् । उनले अभाव र कुसंस्कारबाट मुक्त हुन साम्यवादी समाजको सपना पालेको देखिन्छ । उनको त्यस सपनाको अहङ्कार उनका कृतिका प्रत्येक रचनाहरूमा रहेको पाइन्छ । सम्पूर्ण नेपाली जनमानसमा जागरणका लहर सिर्जना गरी विद्यमान सामाजिक शोषण, कुरीति, अन्याय, अत्याचारका विरुद्धमा लड्नसक्ने उद्देश्यले कौडिन्यले साहित्य सिर्जनामार्फत जनमानसमा समस्यालाई समाधानका लागि सर्वहारा वर्ग र श्रमजीवी वर्ग एक हुनुपर्ने कुरा स्पष्ट पार्दै कवि आचार्यको साहित्य सिर्जनाको लक्ष्य समाजन्मुख रहेको पाइन्छ । शोषित पीडित र दलित जनताको लागि जनताकै भाषा र शैलीमा जनगीत लेखेर शोषण विरोधी र साम्राज्यवादी विरोधी साहित्यहरू सिर्जना गरेर भोका नाङ्गा जनताको हृदयमा वर्गचेतना जगाउँदै हिड्ने डी कौडिन्यलाई सर्वहारावादी साहित्यकारका रूपमा लिन सकिन्छ । साहित्यकार डी. कौडिन्यका रचनामा शोषण, अन्याय, अत्याचारको यथार्थ चित्रण गर्दै वर्गवादी विरोधी भावना सशक्त रूपमा प्रकट भएको देखापर्दछ । जनताका माझमा जन्मेर, जनतासँग हुर्केर, जनताको पीरमार्कालाई जनताकै समानता, स्वाधीनता र समाजवादी समाजको स्थापनाका लागि सङ्घर्षरत रहेका देखिन्छन् ।

परिशिष्ट : क

# डी. कौडिन्यका प्रकाशित कविता

## १. उठौँ जागौँ

पैसा धम्की धन तुजुकको खेल औधी जमाए
हत्या हिंसा दमन नीतिले देशलाई डुबाए
तेस्रो दर्जा गरिबहरूको लाम भित्रै परेको
देब्लो चर्को ऋण छ गहिरो देश हाम्रो गिरेको
धर्तीका ए सवलजन हो देश बोक्नै गुहार
सामन्तिका दलसित यता लडन जागौँ भनेर ।

## २. सम्बोधन नारीलाई

(अन्तराष्ट्रिय श्रमिक महिला दिवसको सर्न्दभमा)
नरी होइन तुच्छ दान अरूको रछ्यानमा नाचने
नारी होइन धर्ती मात्र अरूको सृष्टिकला थामने
नारी होइन है लता लहरिने इच्छा अरूको बनी
नारी होइन है सदा धरतिकी निस्सारताकी धनी र
पीडा क्रन्दनभित्र तिनले बास्ना बनी हाँस्नु रे
इच्छा माफिक माले रे पुरुषको चुस्कि बनी बाँच्नु रे
सामन्ती अभिषप शोषण कला सञ्जाल चिन्नै पर्‍यो
पाखण्डीहरूका विकाश अब लौ कुल्चेर उठनै पर्‍यो ।
क्रान्तिको युग हो प्रभात पनि भो रातो रवि झुल्कियो
घन्क्यो त्यो नगरा सगौरव उता सारा धरा थर्कियो
दुत्कार्दै अभिशाप आज महिमा बिद्रोह नै गर्नु छ
स्वीकार्दै जनयुद्ध यो समरको उद्घोष लौ गर्दछु ।
नारीभित्र पनि छ मुटु जसमा सङ्घर्ष भै बोल्दछ
नारीभित्र अनन्त चेतहरूको ज्वलामुखि फुट्दछ
कायाकल्प अवश्य हुन्छ यसमा आगो बनी दन्कन
तोडी बन्धन मुक्तिको छ पथ यो बारुद भै सल्कन ।
छीः छीः यो युगमा नबाँध कार यी लाछी बनी आखिर
बाँधी चाम अहो, नवीन दिनको संभावना हुन्छ र ?
सक्छिन बन्न विशाल बारुद अहो ! त्यो चेत खुल्यो भने
नारीभित्र अजसु शक्ति छ अहो संसार उल्टाउने ।

परिशिष्ट : ख

# डी. कौडिन्यका अप्रकाशित कविताहरू

देवकुमार आचार्य (डी. कौडिन्य) का हालसम्म प्राप्त भएका अप्रकाशित कविताहरू जस्ताको त्यस्तै तल टाइप गरिएको छ ।

(१) **सहिद**

सहिद !
सुन्दर फूलको नाम हो,
जसलाई हाँगाबाट झारे पनि
निर्भय मुस्कुराउँछ चुमेर धर्तीको माटो !
सहिद !
आस्थाको अग्लो हिमाल हो,
जसलाई निलैज्ज कुल्चे पनि,
निफिक्री सहन सक्छ जीवनको बाटो !
सहिद !
सपनाको सुन्दर मुहान् हो,
जसलाई निस्कृय तुल्याए पनि
निर्धक्क ढुकढुकाउँछ न्यानो छातीमा पत्येकको !
नामेट पार्न खोजे पनि, उसको अस्तित्व
उर्लेर आउँछ उ । इतिहासको प्रत्येक पानामा ।
कहिले काही आहत मन बिसाउन,
घोरिन्छु मेरो दशको मानचित्र पल्टाएर
कहालीलाग्दो मेरो विगत
हिमाल, पहाड, तराई र भूगोल गिर्खागिर्खामा खोज्छु
हरघडी नयाँ जीवन बोकेर मुस्कुरउँछ– सहिद !
हरदिन नयाँ प्रभात भएर उदाइरहन्छ– सहिद !
आखिर म पनि यात्री हुँ !
यात्रा अनन्तसम्मको हुन्छ,
वर्तमान त समयको चोइटा हो,
हरघडी बिगतमा बदलिँदैबदलिँदै गइरहेछ
नयाँनयाँ आकाङ्क्षा र विश्वास वर्तमान भएर उदाइरहेछ
ममात्रै किन हतास हुनु ?
ममात्रै किन निसाश हुनु ?

त्यसैले आजभोलि कतै हुस्सुभित्र बाटो हराए
अप्रत्याशितको हिमपात यात्रा कठ्याङ्ग्रिए
जीवनको सञ्चारण गर्न सहिद सम्झने गरेको छु
उसको सुन्दर सपनाको हर थुँगा छातीमा समेटेको छु
र एउटा अपराजय विश्वास हुर्काएका छु
यो अनन्त र कठिन यात्रामा ।
सहिद !
मेरो पथप्रदर्शक भएर आएको छ ।
वर्तमानले चिले पनि
उसको समर्पणले ज्युँदो पाएको छु
खुल्ला आकाश र फाँट पएको छु
अझै सम्पूर्ण विश्वास फुलेको छैन
भयाक्रान्त मन बोकेर मान्छेहरू छट्पट्उँदैछन्
ज्युदोपनाको आभाष बोकेर अलिकति चट्पट्ाउँदैछन्
मान्छे भएर बाँच्न चाहने आकाङ्क्षा को राख्न सक्छ ?
मान्छेको मनभित्र मडारिरहेको हुरी
अहो ! कुन कुन बर्लिनको पर्खाल भत्काउन जाने हो ।
बर्लिनको पर्खाल भत्कँदा खुशी मनाउनेहरू
रक्सी र रण्डीको आहालमा पौडनेहरू
के थाहा तिमीलाई ? कुनै दिन यो धर्तीबाट मनभित्रको पर्खाल भत्कने कुरा !
सुन्दर र सिमारहित उज्यालो संसार बन्ने कुरा !
सहिद !
तिम्रो त्यही महान विश्वास हुर्काएको छु
सम्पूर्णको लागि संसार बनाउन लड्दैछु ।

२०४७।३।१८

(२) **दुई टुक्रा**

(क)

खै के पाएँ मैले ?
निवोध हावामा कावा खाने झण्डाबाहेक !
शब्दहरू बाँधेर
कता घिसारिरहेछ मेरो वर्तमान !
कसलाई सोध्नु
मैले बगाएको रगत र जीवनको लागि थियो
मैले बगाएको पसिना त सृजनाका लागि थियो ।

(ख)

जीवन त अझै मूढोजस्तै छ,
सृजनाका मुहानहरू उस्तै लुटिँदैछन् !
कुन विजयको गीत गाउनु ?
विजयोत्वसव त लुटेराहरू नै मनाउँदैछन्
रक्सीमा साटेर रगत मस्तीले प्युँदैछन्
यो कुन बेला हो ? थाहा छैन,
खुनी इतिहास फेरि दोहोरिँदैछ
होशियार है ! हाशियार !

(ग)

ए घोडाचढीहरू
तिम्रा आँखाहरू माथिमाथि नाँच्दै होलान्
भावनामा प्रवाहमा कताकता बग्दै होलान्
तर तिम्रै घोडालाई निहालेका छौ ?
ऊ त न्यानो तबेला र दानाको खोजमा छ
ऊ त बाँच्नकै लागि ज्यूँदै मरिरहेछ !
कृपया उसको आकाङ्क्षा र आवश्यकताहरू बुझिदिनुपर्छ
पहाड चढ्न अघि निहुरेर हेर्न जान्नुपर्छ ।

(२०४७।३।२०

### (३) **कन्टेनर** □

सडक पेटीमा,
बसपार्क वा कुनै चोकको किनारमा
कहीँ पनि उभिएको किन नहोस् !
आखिर ऊ कन्टेनर हो
इतिहासको फोहोर थाप्ने निर्जीव कन्टेनर ।
बोल्दैन,
पीडा या खुसी के अनुभूत गरिरहेछ
फोहोर मलाई छातीमा टाँगेर
कुन्नी किन हो आकाश नापिरहेछ,
आँटीनआँटी कोचिएका इतिहाँसको फोहोर फाल्न
म भन्न सक्तिन,
सायद ऊ प्रलयकारी आँधी निम्त्याइरहेछ ।
थाहा छैन,
बिल्कुल उसलाई थाहा छैन
उसको छातीभित्रबाट सुवास छरिन्छ,
या इतिहासका कुही गन्ध !
आखिर ऊ कन्टेनर हो,
इतिहासको फोहोर थाप्ने निर्जीव कन्टेनर । *(२०४८)*

## (४) आफैं प्रियलाई सम्झँदा

प्रिया !
सम्झनाका तरङ्गमा रहरिँदै
तिमीले भोगिरहेका पीडा अनुभूत गर्दैछे
आफ्नो प्रियतमको निम्ति
सृजनाका कलिला मुनाहरूको निम्ति
कसरी आफैँलाई उत्साह गर्न सक्यौ ,
भन, कसरी आफैँलाई रित्याउन सक्यौ ?
जिन्दगी सापट मैदान हो,
हिँड्दाहिँड्दै कहीँकतै पाइला हराउन सक्छ
बोल्दाबोल्दै कहिलेकाहीँ शून्यमा बिलाउन सक्छ
तैपनि विश्वासको सगरमाथा उठाएर
हरपल भन, किन निखार्दै छौ ?
प्रिया !
जिन्दगीको खुसी किन चिहान बनाउँदै छौ
नारी हुनुको अर्थ आर्काका लागि बाँचिदिनु होइन
आफ्नो पनि अलिकति आकाङ्क्षा त हुनुपर्छ
आँखाबाट आफ्नै निम्ति पनि अलिकति आँसु त बगाउँनुपर्छ
ओठहरू खोलेर आफ्नै जिन्दगीको गीत गाऊ प्रिया !
कहिलेकाहीँ तिमीलाई मात्रै होइन मलाई पनि पिउ
नमरी लानु के छ र ?
प्रिय !

*(काठमाडौँ २०४८)*

## (५) म गधा हुँ

मान्छे !
म गधा हूँ
निकृष्ट र तुच्छ गधा !
बिनाप्रतिवाद तिम्रा सोडकाहरू खप्न सक्छु
नीलाडाम बोकेर कस्तै अक्करमा पनि हिँडन सक्छु
मान्छे !
त्यसैले म गधा हुँ
निकृष्ट र तुच्छ गधा !
तिमी हावमा आकार दिन सक्ने
आकाश कुल्चेर धर्ती तोडन सक्ने
बाचाल मान्छे !
तिम्रा शब्दमा शान छ
त्यसैले जे बोले पनि सत्य सावित हुन्छ ।
हर्कुसले भ्याउन्न तिम्रो बहादुरीलाई
मान्छे, तिम्रा सर्वश्रेष्ठताको उन्माद चिनेको छु
प्रकृतिलाई हर थुँगामा नचाउने अभ्यास देखेको छु
त्यो हुङ्कार र मुक्कालाई स्वाभाविक ठानेको छु
त्यसैले तिम्रो महानताले पाएको उपहार
जतनले छातीभित्र लुकाएको छु
मान्छे !
म तिम्रै गधा हुँ
निस्कृष्ट र तुच्छ गधा हुँ !
तैपनि तिमीले बुझ्नैपर्छ
गधाको पनि आस्थाको आफ्नै आकाश हुन्छ
जहाँ कुनै निर्दोस रगतको अभिषेक हुँदैन
जहाँ कुनै निर्धाको पसिनाले पोतिएको छैन
मान्छे !
सानै भए पनि गधाको आफ्नै पाइतालाले कुल्चेको धर्ती छ,
त्यहाँ कुनै आँसुको लेघ्राले छर्ने
त्यो कुनै निर्धाको रोटी खोसिएको होइन ।
तिम्रो पनि आफ्नै संसार छ– मान्छे !
सुन्दर र फराकिलो संसार !
यति थाहा हुनुपर्छ

तिम्रो ऐशको लागि गधाहरू मरिरहेछन्
तिम्रो अभिमानको विज्ञापन बोकेर
अहो ! अधाहरूको आङ चराइरहेछ
हो तिम्रै संसारको चौघेराभित्र
निर्धाहरूको रगत, पसिना र आँसु बगिरहेछ ।
मान्छे !
त्यसैले केही पार्थक्य छ
पार्थक्य केही छ
गधा मान्छे हुन सक्तैन
मान्छे गधा हुन सक्तैन
यौटै नियतले आबद्ध जीवन भए पनि
मान्छे ! यति बुझ्नैपर्छ
जीवनको रंग र अर्थ आआफ्नै हुन्छ ।
मान्छे !
मलाई  गधत्व मै गर्व छ
गधाकै निम्ति लडें
गधाकै निम्ति लडदै छु
गधाकै निम्ति लडिरहने छु
त्यसैले मान्छे !
म गधा हुँ !
निकृष्ट र तुच्छ गधा ।

*काठमाडौं २०५०।५।१३*

## .६) सुखानी

सुखानी
एउटा सानो खोलाको नाम हो ।
सधैँको सुख्खा र सेतो
जीवनहीन मात्रै बगरको नाम हो ।
नपत्याउने
भूस्खलनले धाँजिएको धर्तीजस्तो
झोलिएको त्यो अनुहार
कति वर्षको भयो अनुमान गर्न सक्छौ ?
अपशकुनको सङ्केतजस्तो
हिँड्दाहिँड्दै चराले बिगट्याएको
अपमानको पर्याय,
चेरेको चेपबाट निस्सासिदैँ बग्ने,
सङ्कल्पको प्रवाह !
एउटा सानो खोलाको नाम हो– सुखानी ।
जीवनहीन सधैँको बगरजस्तो
नपत्याउने सधैँको सुख्खा र सेतो
तर पाश्विकताको पराकष्टमा उर्लने
कहिल्यै ननिभ्ने आगोको मुस्लो हो– सुखानी ।
कारोडौँ सपनाको बिउ समेटेर
नयाँ युगको आकाङ्क्षा उमार्दै
सृजनको सुरिलो गीत घन्काउँदै
आन्दोलित छ– सुखानी ।

*काठमण्डौँ २०५४।४।२५*

.७) **यमुना**

यमुना !
यौटा नदीको नाम हो
कञ्चन र पवित्र नदीको नाम !
निरन्तर प्रवाहित नदी–
अथाहा गहिरो स्नेहको अनुभूत गरिरहेछु
एकदमै चिसो र कञ्चन स्पर्श !
तिम्र रोमाञ्चित स्पर्शले आल्हादित छु
सम्झनाका तरङ्गहरूमा तिमीसँगै आत्मासाथ भएको छु ।
सम्झनाका तरङ्गहरूमा तिमीसँगै आत्मासाथ भएको छु ।
यमुना !
तिमी पानी हौ, म तरङ्ग हूँ
तिमी जीवन हौ, म आभाष हूँ
थाहा छ तिमी पीडा भोगिरहेकी छौ
रहर उमारेर तिमी सपनामा
तिमी आफैँलाई उत्सर्ग गरिरहेकी छौ
आफ्नै कलिलो सृजनाहरूमा ।
सम्झौताले आवद्ध हामी–
कस्तो विडम्बना !
म तोडिरहेछु हर अक्षरहरूलाई
तिमी समेटिरहेछौ हर वि□ृङ्खलाहरूलाई
नारी भोग्य मात्र त होइन !
सम्झनाको तरङ्गवृत्तमा म अनुभुत गर्दैछु ।
मेरी यमुना !
तिमी मुटु हौ, म मात्र ढुकढुकी !
तिमी रगत हौ, म मात्रै रातो रंग
अघि म कहाँ थिएँ ?
म आफैँलाई थाहा छैन !
अहिले तिमीसँगै आबद्ध छु
मेरो उजाडतामा आएकी बहार !
यमुना ! तिमी जीवन हौ म मात्रै रहर ।

*काठमाडौँ वानेश्वर २०५४।४।१३*

## (८) **बस्ती**

म बस्तीमा छु ।
बस्ती, अलिकति संदह !
विरोध र बिभाजनभित्र छ
आकाङ्क्षा र उत्तेजना !
अलिकति रामाञ्चित छ ।
समयसँग साइनो गाँस्दैन
सरक र स्वभाविक प्रवाह !
बस्ती अलिकति लोसेलोसे छ ।
संसार जहाँसुकै होस्
उसको सम्भावना असिमित छैन
खेतको स्लेटमा पसिनाको अक्षर रोपेर
अभावको अँगालोमा बाँच्न जानेको छ ।
बस्ती,
साँझ हो या बिहा !
पलायनता बाँचेर
अझै भयवित छ
घोडाको टापमा युग दग्ध छ,
असह्य र आक्रान्त ।
उन्मुक्त र गतिशील नारी सौन्दर्य
कुष्ठित अवरुद्ध र संत्रस्त छ ।
"हे इश्वोर !"
उसको सम्पूर्ण हो
सम्पूर्णभित्रको अपूर्ण ऊ !
भूगोलको हर कोणमा पाराजित
अपाहिज र उपेक्षित छ ।

*काठमाडौं २०५५*

## परिशिष्ट : ग

# डी. कौडिन्यका प्रकाशित लेखनिबन्धहरू

### (१) उज्यालो संघारमा उभिएको अक्षिण अफ्रिका

शताब्दीयौँदेखि गोरा शाहीको निरङ्कुश बुटमुनि निसासिएको दक्षिण अफ्रिका अहिले उन्मुक्तिको सास फेर्न आतुर छ । हालै सम्पन्न गौरनश्ल आमा निर्वाचनमा दक्षिण अफ्रिकी जनताको सतिमा स्थापित अफ्रिकी नेसनल काँग्रेसले बहुमत ल्याई साहस र त्यगका धनी अध्यक्ष मण्डेलालाई राष्ट्रपति बनाउने तय गरिसकेपछि आसाको नयाँ किरण छरिनु स्वभाविक हो ।

दक्षिण पूर्वी ट्रन्सफेइ क्षेत्रका सलतालाका भोसा आदि बासहरू टिम्बु हरेबारमा सन् १९१८ जुलाई १८ मा जन्मनु भएको नेल्सन रोलीहलहला अण्डेलाको सङ्घर्षशील व्यक्तित्व दक्षिण अफ्रिकामा मात्र सिमित छैन । मानवता र न्यायपूर्ण समाज स्थापना हेतु सङ्घर्षरत दुनियाँका क्रान्तिकारीहरूको प्रेम, प्रेरणा र आदरको पात्र हुनुहुन्छ डा. मण्डेला ।

सन् १८५२ व्यारिष्टर उपाधि हासिल गरेपश्चात जोहन्सवर्गको पहिलो वकिलको रूपमा वकालत पेशामा कर्यरत डा. मण्डेलाको चेतनाले मुलुकले भोगिरहेको रंगभेदको उत्पीडन सहन सकेन । वकालत पेशालाई एकातिर थन्क्याएर रंगभेदको जंजीरवादी मुलुकलाई मुक्त पार्न सन् १९१२ मा स्थापित अफ्रिकाको नेशनल कांग्रेसमा आबद्ध भई सङ्घर्षको ज्वार उठाउन थाल्नुभयो । प्रिटीरियाका गोराशाहीले उनको यो प्रकृयालाई आपत्तिजनक ठानी सन् १९५६ मा उनी लगायत १५५ जनालाई गिरफ्तार गरी रजदुतको मुद्दा चलायो । यसले उनलाई झन सशक्त बनई दियो ।

मुद्दाको सिलसिलामा उनको भेट सुश्री बिनीसँग भयो जुन चाडैँ दाम्पत्य सम्बन्धको शिखामा बाँधिन पुग्यो । यो उनको दोस्रो विवाह थियो । विवाह, सुखसयल र पारिवारिक अल्झनमा बेरिनु थिएन । विवाहसमारोहमै नेल्सनले भनेका थिए– 'बिनी, तिमीसँग बाँच्नुको अर्थ तिमीसँग टाढा हुनुहुने छ । वास्तबमा समान प्रतिबद्धता बोकेर एउटै दिशातिर गतिमान यी दुई आगोका फिलुङ्गाहरूको वैवाहिक सम्बन्ध पारिवारिकभन्दा राजनीतिक मह□व बढी राख्छ । बिनी र नेल्सनको पारिवारिक जीवनमा कटुता ज्याई त्यसको परिणम ए. एन. सी. मा फुट पैदा गराउने ध्येयले सन् १९९१ मा बिनीमाथि अश्वेत माथिको आक्रमण र अपहरणमा सहयोग दिएको झुट्टो मुद्दा खडा गरी ६ वर्षको कैद सजाय दिइयो । जसलाई पछि आर्थिक जरिमानामा परिणत गरि उनी मुक्त भइन् । यसलाई अतिरन्जित प्रचार गर्ने अवसर नदिन नेल्सनले बिनीप्रति गहिरो प्रेम हुँदाहुँदै तलाक दिने दुःखद निर्णय लिनु पर्‍यो । अहिले उनी श्वेतक्षेत्रबाट ए. एन. सी. को उम्मेदवार भई विजयश्री पहिराइएकी छिन् । उत्पीडितहरूको हृदयमा स्थापित बिनीदेखि गोराशाही कति बिघ्न आतङ्कित छन् भन्ने कुरा नेशनल पार्टीले टाँगेको व्यङ्ग्य पोस्टरले देखाउछ । जहाँ लेखिएको छ– ए. एन. सी. ले जित्यो भने म देशको शक्तिशाली महिला हुनेछु ।

सन् १९५६ को घटनाले श्वेत शासकहरूले गरिरहेको र आन्दोलनको नाममा अश्वेतहरू मरिरहने कुरालई नेल्सनको विवेकले उचित ठानेन । मानवतालाई नै चुनौति दिने शासन सत्ता सदाको लागि समाप्त पार्न सशस्त्र सङघर्षको मह□वलाई राम्ररी बुझेका मण्डेलाले सन् १९६० मा उमाखोटो बेसीजुमे अर्थात राष्ट्रको भला नामक छापामार दस्ता

बनाए । अब आन्दोलन नयाँ उचाइमा उठ्न थाल्यो भने रङ्गभेदी सत्ता जरैसँग डग्मगाउन लाग्यो । तर उनका लागि खुला आकाश लामो समयका लागि भएन । सन् १९६२ मा मार ड्राइभरको रूपमा उनलाई गिरफ्तार गरी दुई वर्षसम्म मुद्दा चलाएको बहाना गरी प्रिटोरियाका ठालुहरूले सन् १९६४ मा रोक्ने टापुमा कैदी नं. ४६६-६४ को रूपमा नाटकीय यातना भोगाउने फैसला सुनाए । यसलाई चुनौती दिँदै उनले भने– "श्वेत प्रभुत्वको विरुद्ध मात्र होइन अश्वेत प्रभुत्वको विरुद्ध पनि लडदै छौँ । म प्रजातन्त्र र मुक्त समाजको आकाङ्क्षा राख्छु । त्यसैको निम्ति बाँच्छु र मर्नु परे पनि तयार छु ।"

उज्यालो बाँधिदैन । उनलाई कैद गरेर अँध्यारो शासन लम्ब्याउने प्रिटोरियाको सपना ए. एन. सी. ले उसका छामामारले पानीपानी बनाइदिए । कवि बेन्जमीन मोलाइसालाई समेत फाँसीमा झुण्ड्याउने कुख्यात पिटर विलियम बोथरले अन्ततः सन् १९९५ मा राखेका हिंसा त्यागे रिहाई गर्ने फुच्चे प्रस्ताब इन्कार गर्दै नेल्सनले जवाफ दिए कैदी कुनै सम्झैता गर्न सक्दैन ।

कालचक्र एक नाशको रहँदैन । समयको हुरीसँगै मक्किएको मानवताविरोधी कुसंस्कार मान्यता र मूल्यहरू ढल्दै जन्छन् । परिवर्तनको लपेटाबाट दक्षिण अफ्रिका मात्रै किन अलग्ग रहन्थ्यो । बोथाका ठाउँमा डी. क्लार्क राष्ट्रपति बने ए. एन. सी. को अविरल सङ्घर्ष, विश्व जनताको घृणा र विरोधले थाङ्ग्नो बनेको रंगभेदी शासनलाई नयाँ शैलीबाट टिकाउने दिवा स्वाप्न पाली डी. क्लार्कले सुधार योजना थाले । सान् १९९० मा नेल्सनलाई रिहा गरियो । तर अरू यथावत रह्यो । गोरा शाहीको यो चालबाजी राम्ररी बुझेका ए. एन. सीं. ले राष्ट्रव्यापी जेहाद छोड्यो । फलतः सबै राजनीतिक बन्दी रिहा गरियो । पार्टीमाथि प्रतिबन्ध हट्यो र निर्वासित राजनीतिक व्यक्तित्वलाई मुलुक भित्रिने अनुकुल परिवेश सिर्जना गरियो । धैर्यता र आत्मबलका प्रतिमूर्ति मण्डेला प्रतिकुलतासित कहिल्यै हारेनन् । सन् १९९२ मा गोराहरूको लागि मात्रै आयोजित डी. क्लार्क सुधार योजना बढाउने या नबढाउने सम्बन्धी जनमतसङ्ग्रहमा सुधारका पक्षमा अत्यधिक मत गयो । त्यसैको परिणामा सन् १९९३ को आम निर्वाचन हो ।

हामी शान्ति र सृजनाको लागि क्रान्ति र युद्धको लागि अगाडि बढ्दै छौँ । दक्षिण अफ्रिकालाई रगतको आहालमा डुबाए पनि सन्तुष्ट हुन नसकेका भूतपूर्व जनरल तथा होमलैण्डका दावेदार फ्रिडम पार्टीका नेता कन्साटान्ट भिजोएनको धम्की हो यो । यति मात्र होइन गाराशाहीको काला शिकञ्जाको थोराइबाट उन्मुक्त हुनु आफैंले चेतना भरिदिएका जुलुहरू जुलुइन्कथा फ्रिडम पार्टीका बारेमा जुलु राज्यको तगारो तेर्साएर अस्थिरता र अराजकता फैलाउन जग्मगाइ रहेका छन् । वर्षौ सत्तामा तर मारेर बसेका नेसनल पार्टी पनि मौकाको ताकमा बसेको छ । यीबाहेक दक्षिण अप्रिकामा अनेकन समस्याहरूको कुडा कर्कट थुप्रिएका छन् । त्यसैले सङ्घर्षशील सुयोग्य शासकको रूपमा स्थापित गर्न फलामकै च्युरा चपाउनुपर्ने छ ।

खुला र मुक्त समाजप्रति प्रतिबद्ध ए. एन. सी. नेता नेल्सन मण्डेला दुईतिहाई बहुमतको बलामा संविधानसमेत परिवर्तन गर्न सक्ने हैसियत राखेर पनि एकदलीयताको खिलाफ हुनुहुन्छ । जस्तोसुकै राजनीतिक पार्टीलाई समेत प्रतिबन्ध नलगाउने दृढता देखाउँदै वहा भन्नुहुन्छ– "मेरो विचारमा प्रतिबन्धले अनावश्यक मह□व बढाउँछ । उनीहरूसँग हामी खुल्ला वातावरणमा स्वच्छ प्रतिस्पर्धा गर्न तयार छौँ ।"

(२) **मृत्युञ्जयी आगोका लप्काहरू** ☐

मृत्यु स्वाभाविक हो । मृत्युको चिसा हातहरूले धर्तीका जस्तै अजिरहरूलाई पनि निसङ्कोच अठ्याउँछ । सगरमाथाभन्दा अग्लो स्वाभिमानी शीरहरू उसको एउटै स्पर्शले लर्कन्छ । सधैँ जीवनमा गीत गाइरहने धुकधुकीविना प्रतिवाद मृत्युको दर्शनले हारको सम्मति चुप लाग्ने गर्छ । हो, ब्रह्माण्डै ऐचरर संसारलाई साँघुरो देख्ने मानवचेतना स्वयम् मृत्युको सम्मुख पग्लेर पानीपानी बग्छ ।

के उसो भए मृत्यु अजर छ ? अमर र अपराजय छ त ? अहँ, म स्वीकार्दिन । मानव उत्कण्ठालाई मृत्युको सन्त्रासले चिस्याएर बरफ बनाउन सक्दैन । मानव प्रतिभा, चेतना र चिन्तनलाई लल्कारेर मृत्युको दिग्विजयको पतका फहराउन सक्दैन । एकै क्षण कतै अल्मलिएको हुन सक्छ, तर चेतनाले हारेको थाहा छैन । प्रत्येकको स्पन्दनमा साटिएको हुन सक्छ, तर मृत्यु भोगेको थाहा छैन ।

वर्तमानले लत्याएको अभिसप्त मान्छेहरू सुन्दर भविष्यको संवाहना बोकेर उठ्दैछन् । तिनीहरूभित्र निहित शक्तिपुञ्ज समेटेर नयाँ संसार खोज्ने यात्रीहरू यात्रादेखि कहिल्यै थाक्दैनन् । परिवर्तनको चापलाई धानेर नयाँ क्षितिज खोज्ने क्रान्तिकारीहरू मृत्यु स्वयम्लाई पराजय भोगाएर जीवनको अर्थ खोज्दछन् ।

मृत्यु त जडताको हुन्छ । पराजय त पशिवकता र पाखण्डिपनाको हुन्छ । सफेद पोशभित्र हत्याहिंसा र उत्पीडन लेकाउने रक्तपिपाशुको हुन्छ । हो, मृत्यु त अमर लामाहरू भोग्छन् । साम्राज्यवादका तलुवा चटुवाहरू भोग्छन् । युगद्रोही हत्याराहरू भोग्छन् ।

मदन आश्रितलाई मृत घोषणा गरेर एकचोटि मृत्युको दिग्विजयको गीत गाउनेहरू हो । रात रङ्गिलो बनाएर खुसी मनाइरहेका जीवनद्रोहीहरू हो । अगोको लप्का कहिल्यै नामेट हुँदैन । मृत्यु त उल्टै तिमीहरूकै कठालो समाउन हतारिदैछ । तिम्रै रोबिलो टाइलाई फाँसीको लठारो बनाएर मृत्युले त अब सिफलको बोट खोज्दैछ । मदन-आश्रित त यो खुनी इतिहासको घीनलाग्दो परिच्छेदको समाप्तिलाई अद्वितीय ज्वलामुखी फेरिएका छन् । होस् गर है, सगरमाथाको फेदीबाट संसार हल्लाउने क्रान्तिको बिगुल बज्दैछ ।

(३) **नेपाली कम्युनिष्ट आन्दालनको एउटा फिलुंगो : कृष्णप्रसाद सेडाई** ☐

"नेपालमा नेल्सन मण्डेला" नामले विभुषित झापा आन्दोलनका रापिला इस्पातहरूमध्ये एक जना हुनुहुन्छ– कृष्णप्रसाद सेडाई । एकताका नेपालको येनान मानिने पूर्वी पहाडको अत्यन्त सुन्दर गाउँ चुहानडाँडामा वि. सं. २००९ मा जन्मनुभएका श्री सेडाई राजनीतिक जीवको थालनिबारे जिज्ञासा राख्दा भन्नुहुन्छ– "त्यसै त चुहानडाँडा क्रान्तिकारीको उर्वरभूमि, उसमाथि परिवर्तको पक्षपाती मेरो युवा मस्तिष्क, २०२४ सालताका कक्षा आठमा अध्ययन गर्दा गर्दै त्यहाँको क्रान्तिकारी गतिविधिले प्रभाव नपारी छोडेन ।"

व्यक्ति प्रभावको प्रसङ्ग उठाउँदा सूर्य कन्दंवा, नरेश शाक्य, गङ्गा उप्रेती आदि नाम विशेष ढङ्गले लिन रुचाउने केही मोटो, पुडको कदका अन्तमुखी स्वभावका धनी कृष्णप्रसाद सेडाई भन्नुहुन्छ– "वास्तवमै मलाई क्रन्तिकारी बनाउने घटना भनेको २५-२६ सालतिरकै कुरा हुनुपर्छ, चुहानडाँडा क्याम्पसका पिन्सिपल उमाकान्त झाको ज्यादतीविरुद्ध उर्लेर सङ्घर्ष नै  हो ।"

२०२७ सालमा जीवननिर्वाहको बाटो खोज्ने क्रममा उहाँ झापा झर्नुभयो । सिङ्गै मुलुकलाई झक्झकाउने झापा जग्मगाइरहेको त्यो सङ्गीन घडीमा वहाँ गरामुनिको मियाँबाडीमा शिक्षक बन्न पुग्नुभयो । झापा आन्दोलनमा वहाँको सम्पर्क र संग्लनतासम्बन्धी जान्न खोज्दा "मियाँबाडीमै क. सि.पी., क. आर. के., क. नेत्र लगायतका क्रन्तिका फिलुङ्गाहरूसँगको साक्षात्कारले झापा आन्दोलनसँग नातो गाँसियो र समयको चापले मस्किँदै गयो । अन्ततः क्रान्तिकारीमा रूपान्तरण भएँ" वहाँ भन्नुहुन्छ ।

२०२८ पछाडि जसै क्रन्तिकारी उभार उर्लेर आयो निरङ्कुश पञ्चायती शासकले आफ्नो एकमन आधिपत्य बचाउन दमनको गतिलाई त्यति नै तेज बनायो । क्रान्तिकारी सफाइ अभियान युद्धस्तरबाट अघि बढाएको प्रसङ्गलाई अत्यन्त गम्भीर भएर उठाउँदै भन्नुहुन्छ– "दमनको त्यो कालरात्रि विशेषतः एक्सन पछाडि म पनि वारेन्टड भएछु । तत्काल झापाबाट आफ्नो घर चुहानडाँडा पुग्दा वारेन्ट घरमै पुगिसकेको रहेछ । म तुरुन्त झापा झरे र पूर्णकालीन पार्टी क्याडर बने ।"

जनताको छिप्छिपे चेतना र पातलो जनसम्पर्कमाथि धान्नै नसकिने प्रतिक्रियावादी दमनबाट बच्न वहाँ आसामतिर पलायन हुनुभयो । यसरी नै निर्वासन भोगिरहेका खड्ग पकुवाल र पदम प्रसाईसमेत साथीहरूसँग रौतामा भेट भयो । त्यही तीन जनाको कमिटी बनाई क्रान्तिकारी धारको प्रचारमा के लाग्नु भएको थियो, टिक्न सक्ने स्थिति नै भएन फलतः खड्ग पकुवाल र पदम प्रसाई दार्जिलिङ हनिनुभयो भने वहाँ शान्तिपूर्ण जीवनयापन गर्ने आकाङ्क्षा बोकेर नेपाल ।

"शान्तिपूर्ण जीवनयापन गर्ने उत्कट चाहना बोकेर नेपाल फर्केको म मातृभूमिको काखमा पाइलो मात्रै के टेकेको थिएँ, पञ्चायती शिकञ्जको अठ्याइभित्र परे । नारकीय यातनाको साथ १७ दिन हिरासतमा राखेर मलाई झापा कारागारमा चलान गरियो ।" कृष्णप्रसाद सेडाईले अत्यन्त भावुक मुद्रामा बताउनुभयो । जेलयात्राको क्रममा झापा,

वीरगञ्ज, सेन्ट्रल, नख्खु, र गोलघर समेतको कष्ट काटिसक्नुभएको श्री सेडाईले कारागारभित्रैबाट स्नातक उपाधि हासिल गर्नुभएको छ ।

"कारागारभित्र कानूनी सङ्घर्ष गर्ने र नगर्ने दुईवटा लाइन रहेको तथ्य उदघाटित गर्दै आफू अघिल्लो पक्षमा उभिएको बताउनुभयो । कानूनी सङ्घर्ष अगाडि बढाउने क्रममा ०४१।१२।१ सम्म पुनः कारागारमा रखियो ।" पञ्चायती कानूनको पर्दाफास गर्दै वहाँ भन्नुहुन्छ ।

कारागारमुक्तपश्चात् राजनीतिक क्रियाशीलताको सन्दर्भमा जान्न खोज्दा 'तपाईंहरूको क्रियाशीलताले हामीलाई कारामुक्त हुन प्रतिकूल असर पार्छ । यसर्थ केही समय शान्तिपूर्ण जीव्न बिताउने' मोदनाथ प्रश्रितलगायतका साथीहरूको यस्तो समझदारीअनुसार नै तत्काल आफू राजनीतिक गतिविधिमा गतिमान नभएको उहाँ स्वीकार्नुहुन्छ । पार्टीसँग सजीव सम्पर्क हुन नसक्नुमा आफ्नो कमजोरी स्वीकार्दै भन्नुहुन्छ– 'आर. के. कारामुक्त भएपश्चात् भने सम्पर्कका लागि स्थायी बसोबास सोध्नु भए पनि कहिले झापा कहिले तेह्रथुम गरिरहनुपर्ने बाध्यताले सम्पर्क हुन सकेन ।'

झापा आन्दोलनको मह□वबारे प्रसङ्ग उठाउँदा 'शिथिल नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी उत्सर्गको भावना बिजारोपण गर्न सक्षम झापा आन्दोलनको मह□व आज झन् बढेको' बताउनुहुने श्री सेडाईं बेलाबेखत झापा आन्दोलनलाई विवदाको घेरामा पारेको रुचाउनुहुन्न । वहाँ झापा आन्दोलनको वास्तविक इतिहास लेखिनुपर्ने समेत आग्रह गर्नुहुन्छ ।

'आजभोलि दिनचर्या कसरी बित्दैछ ?' भन्ने प्रश्नको उत्तरमा 'के गर्नु र ? राजनीतिक काममा क्रियाशील हुन चाहँदाचाहँदै पनि पार्टीले उपेक्षा गरेको' गुनासो पोख्नुहुन्छ । 'कसैलाई बहु जिम्मेवारीको बोझले थलो बसाएको छ भने कोही यसरी बस्नु परेको छ' भन्दै वर्तमान पार्टी कार्यशैलीप्रति असन्तोष व्यक्त गर्नुहुन्छ ।

यही सिलसिलामा 'तपाईं कम्युनिस्ट आन्दोलनमा समाहित हुनुभएकोमा पश्चात्ताप छैन ?' भन्ने जिज्ञासा राख्ता 'कम्युनिस्ट बन्नु स्वयम्मा गौरवको विषय हो । उच्च चेतनाका धनी कम्युनिस्ट आन्दोलनमा समाहित भएकोमा म गौरान्वित छु तर आज कम्युनिस्ट आदर्शलाई केही स्वार्थीहरूले विकृति बनाएका छन् ।'

भावी जीवन कसरी बिताउने सोच्नुभएको छ ? भनी जान्न खोज्दा २०२८ सालमा घटेको उहाँको जीवनको एउटा अविस्मरणीय घटना सम्झँदै भन्नुहुन्छ– 'हर्क खड्का र नरेश खरेलको उपस्थितिमा देश र जनताको मुक्ति खातिर उठाएको प्रतिबद्धताको कसिलो मुठ्ठी कस्तै नारकीय यातनाले पनि गलाउन सकेन र सक्तैन । त्यही प्रतिबद्धता नै मेरो भावी जीवनको आदर्श हो । त्यसैको निम्ति समर्पित हुनेछु ।'

## (४) आस्थाको सगरमाथालाई लाल सलाम

जन्मिएपछि प्रत्येकले मर्नै पर्छ यो शाश्वत नियमलाई कसैले तोड्न सक्दैन । अरू त अरू त अरू ब्रह्माण्ड स्वयं नश्वर छ । यसले पनि कालचक्रमा कुनै दिन विनाशको बिपत्ति भोग्नै पर्छ । झन् हामी त क्षण भंगुर मान्छे । पानीको फोको जस्तै कुनै पनि बेला प्याट्ट फुट्न सक्छौ । हाम्रो रहर, आकंक्षा र इच्छाले रोक्न सक्दैन । स्वजनका स्नेह, सहानुभूति र आसु छेकवार बन्न सक्दैन, मुत्युको लागि । यही क्रुर नियतले चाट्यो र हामीबाट टाढा धेरै टाढा लाग्यो द्रोणलाई ।

हामी शकाकूल छौ । द्रोणलाई भौतिक स्वरूप कहिल्यै भेट्न सक्दैनौ । तर कसैलाई विश्वास लाग्दैन उनको अवशानले । चुरोट तान्दै कसैसँग भलाकुसारी गर्दै हुनुहोला अथवा प्रतिकृयावादी मुटु दागेर शब्द वाण तोड्दै । फेरी कतै पाउन सक्दैनौ उनलाई । न अब धुवाँको चक्की मै पाउन सक्छै । न त बम र बरुदभन्दा शक्तिशाली शब्दबाण । या पत्तै बिना अनुवाद भैसकेछन् लाखौको स्पन्दनमा । लाखौको मुटु पगालेर आँसु उमार्ने मात्रै बनिसकेछन्– प्यारो द्रोण दादा ।

अब हामीले पछ्याउने पद चिन्ह बाँकी छन् । द्रोणलाई सम्झनु भनेको जनताको खुशियालीको निम्ति आफूलाई समर्पित गर्नु हो । राष्ट्रको स्वधिनताको रक्षा खातिर जुनसुकै मुल्य चुकाउन पनि रम्तयार रहनु हो । एक दिनको हल्लीखल्ली मात्रै होइन सामाजिक परिवर्तनको दिशामा जीवन पर्यान्त लागिपर्नु हो । त्यसैले द्रोणको पहिलो बार्षिको सन्दर्भमा उनको जीवनवृत्तका विशेषताहरू पर्गेल्नु आज सान्दर्भिक ठान्दछु । तिनबाट प्रशिक्षित हुनु र नयाँ नेपाल अझ बशुधैव कुटुम्बहरूको भवनाले प्ररित सम्यवादी संसार निर्माण हेतु लडिरहनु द्रोणको सम्मान हो । साँचो श्रद्धानजलि हो । जिज्ञासा उठन सक्छ आखिर द्रोणले छोडेका पदचिन्हहरू के के हुन् ? हामीले पछ्याउनै पर्ने र दैनिक जीवनमा लागु गर्नै पर्ने द्रोणको जीवन आदर्शहरू के के हुन् ? मेरो विचारमा अरू कसैको विमति हुन सक्ला त्यसमा भन्नु केही छैन । मैले देखेका द्रोणका जीवनका विशेषताहरू निम्न छन्–

**द्रोण जीवनवृत्तका विशेषताः**

– मान्छेहरू धेरै जनासँग मित्रताको गाँठो कस्न सक्छन् तर थोरै मान्छे मात्रै सबै जनाको आँखाको नानी बन्न पुग्छन् । खुला हृदय पारदर्शक जीवनशैलि र सादा जीवन द्रोणभित्र निहित गुणहरू हुन् । एक पट्क कसैले द्रोणलाई भेट्यो भने द्रोण सुटुक्कै उसको छातीमा बास माग्न पुग्थे । परिवारको अत्यन्त प्यारो र इमान्दार सदस्य बनिहाल्थे ।

– मानिस सदा जीवनयापन गर्ने सरल पइन सक्छ, तर आफ्नो मृत्युप्रति सचेत सत्तिसाल भने कमै पाइन्छ । कम्युनिष्ट आन्दोलन तहस् नहस् पार्न नेता कार्यकर्ताहरूको हत्या गर्ने अनकौ तडना दिएर निस्कृया तुल्याउने अझ डरलाग्दो त पद, प्रतिष्ठा र पेसाको बलले अन्तध्वशं पार्नसमेत प्रतिकृयावादीहरूले कुनै कसरत बाँकी राखेका छैनन् । तर द्रोण एउटा आन्दोलानको युग हो । प्रतिकृयावादी तमाम् हत्कण्डलाई भुत्ते बनाउदै जुन युगले नेपाली कम्युनिष्ट आन्दोलनमा नयाँ शैली र दृष्टिकोण स्थापित गर्न आफूलाई समर्पित गऱ्यो । त्यो बेला एमाले रूपी बटवृक्ष बनेको छ ।

— कम्युनिष्ट सामाजिक परिवर्तप्रति समर्पित उच्च चेतनाको धनी हो । चेतनाले जडको बिरुद्ध निरन्तर धावा बोल्छ । सैद्धान्तिक कुपमण्डुकताबाट उन्मुक्त सामाजिक

यथार्थताको जंजिर छिनालेर कम्युनिष्ट निरन्तर अठिरहन्छ । नवीन चिन्तन धाराको नममा विश्रृंखल प्रवहलाई अश्विकार गर्दै माक्सवाद लेलिनवादको झण्डा उठाउँदै । पुरानो र नयाँ बिचमा असल र खराब बिचमा, हो सृजनात्मक प्रयोग र अराजक अनुसरणको बिचमा द्वन्द्व हुन्छ । घात-प्रतिघात हुन्छ । एउटाले अर्कोलाई निषेध गर्न दाउपेच लगाउछ । त्यो सारा संघर्षको घडि क्रान्तिकारी कम्युनिष्ट कहिल्यै थाम्दैन । कहिल्यै हार्दैन । मृत्यु पर्यन्त द्रोण थाकेन । हार्दै हारेन ।

— क्रान्तिको गीत गाउनेको कुनै कमी छैन । आवेगमा खुट्टा बाजार्दै उफ्रने र कसैलाई जबरजस्ती खिस्याउने हुटिङ गरेर क्रन्तिकारीता देखाउने लाल बुझक्कडको खाँचो छैन । तिनीहरू इतिहाँसको कुनै घुम्तिमा नपुग्दै धारे हातले सराप्न आई पुगेका छन् । क्रान्तिलाई तहस् नहस् पार्न लागिपरेका छन् । तर द्रोण न कहिले बाढी बनेर बौलाए न त मरुभूमी बनेर बाँझीए । निरन्तर लडिरहे मृत्यु शैयाबाट नथाकी लडिरहे । देश र दुनियाँको लागि रगतको अन्तिम थोपा रहुञ्जेल लडिरहे ।

— सडक मान्छे जो कोहि फर्स्याइलो र इमान्दार पाइन सक्छ तर पद र प्रतिष्ठा पाएर भाग्य चम्काएको मान्छे विरलै कोटि सरल र इमान्दार हुन्छन । नेपालको सन्दर्भमा त आहानै छ 'मान्छे उस्तो हाइन, बांगो त कुर्सि पो' तर त्यसको अपवाद थियो द्रोण । न त सडकमा हुँदा अत्तियो न त पद र प्रतिष्ठाले नै पात्तियो । उनलाई अन्तिम श्रद्धाञ्जली दिन आँसु छचल्काइरहेका अपार जन समुद्रबाट एउटै आवाज आउथ्यो "द्रोण होइन नेपालको इमान्दारको एउटा उदाहरण गुम्यो । विश्वास गुम्यो ।"

— जनपक्षिय राष्ट्रिय पञ्चायतको सदस्यको उम्मेदवार बन्दा एक सुतो तलमाथि नपारी आफ्नो सम्पत्तिको विवरण जनअदालतमा राखेका थिए । सार्वजनिक पदको सेवालाई कमाइ खाने बनाइरहेको नेपालमा द्रोणको त्यो विवरणलाई कसैले सहजले पचाएन । तर समय बित्दै जाँदा त्यो सम्पत्तिको रसशमा थपिनु भन्दा घट्दै गएको यथार्थताले उनको भने राजनीतिक इमान्दारिता जाँच्यो । अहिले केही नेताहरू अर्थिक सवालमा पारदर्शक बन्नुभन्दा झन् खिचलोमा मुछिदै गइरहेका छन् । विवादको घेराभित्र यथार्थता दर्शाउन भन्दा महाविवाद छोडेर अफूलाई मिष्टर क्लीन बनाउने प्रवृत्ति द्रोणमा कहिल्यै देखिएन । उनी सफा थिए र अत्यन्त पारदर्शक ।

— जोकोही आफूलाई समाजसेवीको शिरपोष भिराइ माग्न त आतुर बन्छ तर सामाजिक विसंगति विरुद्ध जुधेर सामाजिक चेतना उठाउन हर क्षेत्रबाट हात दिने काम भने कमैले गर्छन् । विहे बटुलामा गर्नुपर्ने सर सहयोग देखि अस्पताल र क्याम्पस निर्माणमा समेत अग्रणी रहेका द्रोणको सामाजीक सेवाको वखान प्रत्येक बस्ती बस्तीले गर्छ । त्यसैले आर्थिक क्षेत्रमा, सामाजिक क्षेत्रमा, राजनीतिक क्षेत्रमा र संगठनको क्षेत्रमा द्रोण एउटा स्थापित नाम हो । द्रोणका यिनै आदर्शलाई नयाँ पुस्ताका हामीहरूले जीवनमा लागु गर्नुपर्छ । गफबहादुरको युगलाई समाप्त पारेर क्रन्तिकारी चरित्र र व्यवहार स्थापित गर्नैपर्छ ।

— हामी मात्रै पछुताउन जान्दछौ जीवित छउञ्जेल त्यसको महत्व नबुझ्ने हाम्रो संस्कार बनिसकेको छ । यो संस्कारको चेपारोबाट द्रोण पनि फुत्कनु भएन । हो, जीवित छन्जेल हामीले द्रोणलाई मात्रै द्रोण देख्यौ । लक्ष्मण मुर्छा पर्दा सञ्जीवनी पाइने आस्थाको

द्रोणाचल हामीले कहिल्यै सोचेनौ । बेलामा अक्किल गुमाएर कुबेलामा पछुताउने हाम्रो बानि भैसकेको छ । त्यसैले अहिले उनको रिक्ततामा पछुताउनुभन्दा बढी के गर्छौ र ?

**द्रोण जीवनवृत्तका विशेषता**

मलाई अहिले झापाको स्थानिय निर्वचनको एउटा घटना स्मरण भयो । त्यो निर्वाचनको परिणाम पश्चात् एकजना झापकै वामपन्थी पत्रकार बन्धुले खै कुन केन्द्रबाट निदेर्शित भएर हो कुन्नि, झापाका केही सांसदहरूको यशोगान गाउँदै द्रोणलाई खूब हपारेका थिए । त्यति बेलै यो असन्तुलित र पूर्वाग्रह पीडित विचारले मलाईअन्त्यन्त खिन्न नबनाएको होइन । मलाई लागेको थियो द्रोण निकै आक्रोशित या दु:खित बनेको हुनुपर्छ । तर यथार्थतामा वहाँ न आक्रोशित नै न दु:खित नै बन्नु भयो । "म खुल्ला किताबको पाना हुँ, जो कोहीले पढ्न सक्छन । जसले मलाई हिलो छ्याप्छ त्यो दिन कौडिन्य जी उसैले पुछिदिनु पर्छ ।"

**रगतको अर्थ द्रोणले बुझ्नुभयो**

यिनै चरित्र, व्यवहार र गुणहरूको सिंगो रूप हो द्रोण । भाव धाराबाछ प्रस्फुटित बहुआयामीक व्यक्तित्वका धनी द्रोणलाई जताबाट पनि केहि फरक पर्दैन । साहित्यकार या पत्रकारीता, सामाजिक कर्यकार्ता या राजनीतिक नेता जुनसुकै पाटोबाट पनि उ यसरी बोल्यो मन्छेको रगतको महत्ता गाउँदै–

*धरतिमा मन्छेलेनै सीमा खिच्यो*
*तर थाहा छ ?*
*हर सीमा रगतले बनेका छन्*
*रगत त्यती सस्तो छैन मान्छेको*
*हर रगतमा क्रान्तिका ज्वालाहरू छन्*
*वर्तमान त द्रोणले निन्यो*

द्रोणलाई थाहा थियो जीवन नश्वर छ । जे गर्नु पर्छ अहिल्यै गर्नु पर्छ । आँसु त कायरहरू बगाउँछन् । वीरहरूले समय चिन्नु पर्छ । त्यसैले नढाँटी लेख्यो–

*ग्लास ल्याउ, प्रियतमा ।*
*खन्याऊ, आजै प्युँछु– भोलिलाई सच्दिन*
*तिमी बुझि देउ हेर*
*भरे नै मरे भने*
*यो बोतल स्मसानमा गाडिने छ ।*

जीवनलाई वर्तमानमा भोग्नु भन्ने बुझेका द्रोणले भोगे । जति पनि सर्थक जीवन भोगे , अलिकति पनि कञ्जुस्याई नगरी हर समय न्यायको निम्ति, सामाजिक मुक्ति र स्वाधिनताको निम्ति । ज्युनु मात्रै जीवन होइन । अदर्श उपदेश दिएर होइन उदाहरण बनेर देखाए । त्यसो त उपदेशले लठ्याएर आफू खोत्रो बन्ने प्रवृत्तिका कट्टर शत्रु नै भने हुन्छ ।

**निथारमा लाल सलाम**

द्रोण तेह्रथुममा उम्रियो, झापाको माटोमा हुर्कियोर सिंगै नेपालको सौन्दर्य भर्दै अन्ततः नेपालकै स्पन्दनमा साटिएर गयो, कहिल्यै नआउने माटोमा । तपाईले छोड्नु भएको आदर्शलाई व्यवहारमा उतार्ने प्रतिबद्धता बोकेर तपाइका थाति सपना पुरा गर्न जीवन पर्यन्त

लडिरहने प्रण गर्दै अर्पिदै तपाइको वार्षिकीमा श्रद्धाको शब्द-सुमन मेरो अस्थाको सगरमाथालाई लाल सलाम ।

# सन्दर्भग्रन्थसूची

## (क) सन्दर्भ पुस्तकसूची


अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली कविता**, पोखरा : लेकाली प्रकाशन, २०४४ ।

ओझा, रामनाथ र गिरी, मधुसूधन, **लोक साहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, काठमाडौँ : स्टुडेन्टस् बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, २०६० ।

कँडेल, घनश्याम, **पाश्चात्य यथार्थवादी नाटक**, काठमाडौँ : श्रीमती सुभद्रा उपाध्याय कँडेल, २०४६ ।

गौतम, देवीप्रसाद, **प्रगतिवादी : परम्परा र मान्यता**, काठमाडौँ : मुना गौतम, २०४९ ।

पाण्डेय, ताराकान्त, 'प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जितयथार्थ' त्रि.वि. विद्यावारिधि शोधप्रबन्ध, २०५६ ।

पाण्डेय, ताराकान्त, **प्रगतिवाद र कविता**, (काठमाडौँ : शिलायोगी काठमाडौँ : २०५६), पृ. ३१ ।

बराल, ऋषिराज, **प्रगतिवाद**, विराटनगर : हाम्रो साहित्य सदन, २०४९ ।

भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण**, काठमाडौँ : मुन्नी भण्डारी, २०५५ ।

भुषाल, ऋषिराज, 'प्रगतिवाद समालोचना र नेपाली समालोचना यसको प्रयोग', अप्रकाशित स्नानतकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०३८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६० ।

विमली, रामकुमार, 'गोकुलप्रसाद जोशीका प्रकाशित कवितामा प्रगतिवाद' त्रि.वि. स्नातकोत्तर शोधप्रबन्ध, २०६४) ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौथो संस्करण (काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

शर्मा, जनकलाल, **जोसमनी सन्तपरम्परा र साहित्य**, काठमाडौँ : रोयल नेपाल एकेडेमी, २०२० ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय**, काठमाडौँ, रत्न पुस्तक भण्डार, २०४१ ।

सुवेदी, राजेन्द्र, (सम्पा.) **नेपाली निबन्ध भाग ३**, काठमाडौँ : पाठ्यसामग्री पसल ।

### (ख) **सन्दर्भ पत्रिकासूची**


कौडिन्य, डी, 'उज्यालो संघारमा उभिएको दक्षिण अफ्रिका', **प्रकाश** साप्ताहिक, वर्ष १२ अङ्क २३, २०५१ वैशाख २६ गते सोमबार ।

............., 'मृत्युञ्जयी आगोका लप्काहरू', **प्रकाश** साप्ताहिक, वर्ष १२ अङ्क २५, २०५१ जेठ ९ गते सोमबार ।

............., 'नेपाली कम्युनिस्ट आन्दोलनको एउटा फिलुङ्गो : कृष्णप्रसाद सेडाईं', **प्रकाश** साप्ताहिक, वर्ष १२ अङ्क २७, २०५१ जेठ २३ गते सोमबार ।

............., 'आस्थाको सगरमाथालाई लाल सलाम', **प्रकाश** साप्ताहिक, वर्ष १२ अङ्क २८, २०५१ जेठ ३० गते सोमबार ।

तेराख, 'बौद्धिक व्यक्तित्व बन्दुकधारी सैनिकभन्दा शक्तिसाली हुँदोरहेछ', **पूर्वक्षितिक्ष** (स्मारिका) २०६४।०२।०३ ।

शर्मा, गोपीकृष्ण, 'निबन्धको सैद्धान्तिक स्वरूप', **कुञ्जिनी**, ११:८, २०६० ।

सुवेदी, राजेन्द्र, आधुनिक नेपाली निबन्ध शिक्षण, **वाङ्मय**, १०:१० २०५७।५८ ।